# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

आइतबार, भदौ २४, २०७५ | Sunday, September 9, 2018 | www.newsofnepal.com | नेसं ११३८ गुँलागा ३० | वर्ष २४, अंक २४२ | पृष्ठ १२ | मूल्य रु १०/-



२ { आफूमात्र जान्ने हुँ भन्दा सरकारको यो बिजोग भयो

६ { मृत्यु पनि मान्छेपिच्छे फरक

७ { प्रेस स्वतन्त्रको पक्षमा कांग्रेस

१२ { नेपाल सेमिफाइनलमा


# इन्टरनेसनल सिमेन्ट प्रालिको ठगी धन्दा

**नेपाल समाचारपत्र**

काठमाडौं

पर्साको वीरगन्जमा रहेको इन्टरनेसनल सिमेन्ट प्रालिले आफ्नो कम्पनीबाट उत्पादित ओम ब्रान्डका सिमेन्ट बिक्रीवितरणमा बदमासी गरेको पाइएको छ। उक्त कम्पनीले आफूले उत्पादन गरेको पीपीसी सिमेन्टलाई ओपीसी सिमेन्ट भनेर बेच्ने गरेको भेटिएको हो।

नेपाल गुणस्तर तथा नापतौल विभागले उक्त कम्पनीबाट उत्पादित ओम सिमेन्टमा बदमासी भएको भन्दै नेपाल गुणस्तर चिह्नसमेत स्थगन गरेको छ। विभागका महानिर्देशक विश्वबाबु पुडासैनीका अनुसार ओमको पीपीसी सिमेन्टलाई ओपीसी भन्दै संखुवासभाको खाँदबारीमा बिक्रीवितरण गरिएको भेटिएको हो। हाल उक्त कम्पनीका सबै उत्पादनमा ओपीसी भनेर पीपीसी सिमेन्ट बिक्री गर्ने गरेको हुन सक्नेमा विभागले आशंका जनाएको छ। एउटा उत्पादनको नाममा फरक वस्तु बेचिएको भेटिएपछि गुणस्तर चिह्न स्थगन गरिएको पुडासैनीले बताउनुभयो।






आनन्द अग्रवाल
अध्यक्ष

- पीपीसी उत्पादन गरेर ओपीसी भन्दै बिक्री
- नेपाल गुणस्तर प्रमाण चिह्न स्थगन
- ब्रान्ड एम्बेसडर हमाललाई समेत विवादमा पारियो

२०७२ सालको विनाशकारी भूकम्पपछिको पुनः निर्माणका क्रममा सिमेन्टलगायत निर्माण सामग्रीको अभाव भएका बेला उक्त कम्पनीको ठगी धन्दा मौलाएको देखिन्छ भने त्यसको प्रत्यक्ष मारमा उपभोक्ता परेका छन्।

'पीपीसी र ओपीसी सिमेन्टका विषयमा अधिकांशलाई थाहा नै हुँदैन। झन् उपभोक्ता आफैले गुणस्तर परीक्षण गर्ने भनेको त टाढाको कुरा हो। यस्तो अवस्थामा इन्टरनेसनल सिमेन्ट प्रालिले ग्रामीण क्षेत्रका सोझा साझालाई बढी झुक्याइएको पाइयो।' -*नेपाल समाचारपत्र*सँग कुरा गर्दै पुडासैनीले भन्नुभयो। ओम सिमेन्टमा भने त्यसको उत्पादनकर्ता कम्पनी इन्टरनेसनल सिमेन्ट प्रालिले उपभोक्तालाई मूल्य र गुणस्तर दुवैमा ठगी गरेको भेटिएको छ।

ओपीसी र पीपीसी सिमेन्टमा मुख्य फरक भनेको सिमेन्ट उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ अर्थात् 'क्लिंकर'को मात्रामा हो। ओपीसीमा ९७ प्रतिशतभन्दा बढी र पीपीसीमा त्योभन्दा निकै कम क्लिंकर प्रयोग भएको हुन्छ। क्लिंकरको मात्रा बढी भएकै कारण ओपीसी सिमेन्ट पीपीसीभन्दा केही रकम महँगो पर्न जान्छ। सल्फेट, अल्कालिक र क्लोराइड्सको मात्रा पनि पीपीसीको भन्दा ओपीसीमा बढी हुन्छ। यी तत्त्वहरूले नै सिमेन्टको गुणस्तर तथा बलियोपन निर्धारण गर्दछन्।

ओपीसी र पीपीसी सिमेन्टमा हुने अर्को फरक भनेको सिमेन्ट ढलानलगायत काममा प्रयोग भइसकेपछि कति समयमा सेट हुने र बलियोपनामा पनि फरक पार्ने भन्ने पनि हो। ओपीसी सिमेन्टमा पीपीसीको तुलनामा बलियोपन बढी हुन्छ भने पीपीसी सिमेन्ट लामो समयका लागि बलियोपन दिने सिमेन्ट मानिन्छ। वीरगन्जमा मुख्य कार्यालय तथा जगन्नाथपुरमा उत्पादन उद्योग रहेको उक्त कम्पनीले ओपीसी र पीपीसी ब्रान्डमा सिमेन्ट उत्पादन गर्दै आएको छ। दैनिक ६ सय टन सिमेन्ट उत्पादन क्षमता रहेको उक्त उद्योगले ज्योति, आयुष्मान र रुद्राक्ष ब्रान्डका सिमेन्ट पनि उत्पादन गर्दै आएको छ। उद्योगले ४३ र ५३ दुवै ग्रेडका ओपीसी सिमेन्ट उत्पादन गरेर बजारमा पठाउँदै आएको छ।

आफू गुणस्तर चिह्न प्राप्त ब्रान्ड रहेको भन्दै बजारमा प्रचार गर्दै आएको उक्त सिमेन्टको 'ब्रान्ड एम्बेसडर'मा महानायक राजेश हमाललाई नियुक्त गरिएको छ। केही समयअघि महानायक हमालले एउटा कपालमा प्रयोग हुने मेहन्दी सार्वजनिक गर्ने कार्यक्रममा आफूले खेल्ने कुनै पनि विज्ञापनमा त्यस वस्तुको गुणस्तरका बारेमा बुझेर मात्र काम गर्ने गरेको सार्वजनिक अभिव्यक्ति दिनुभएको थियो।

(क्रमशः पृष्ठ ९)

# नियमनकारी संस्था नै कुहिराको काग

प्रशान्त वली, काठमाडौं

कानुन बनाउनेदेखि अन्य आन्तरिक कार्यमा व्यस्त भइरहेका बेला केन्द्रदेखि सातै प्रदेशका सरकारलाई मुलुकमा रहेका गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी (एनजीओ/आईएनजीओ) संस्थाका गतिविधिप्रति ध्यान दिने फुर्सद नै छैन।

**देशभर ४९ हजार एनजीओ/आईएनजीओ**

**४६ अर्ब लगानी बालुवामा पानी**

ती संस्थाको अनुगमन र नियमन गर्ने आधिकारिक निकाय समाज कल्याण परिषद्समेत कुहिराको कागजस्तो भएको छ। हालसम्म परिषद्मा आबद्धता लिएका रहेका ४८ हजार ५ सय एनजीओ र २ सय ३० आईएनजीओका कामको अनुगमन र नियमन हुन नसक्दा तिनीहरूका गतिविधिले मुलुकमा कस्तो प्रभाव परिरहेको छ भन्नेबारे आम नागरिक नै बेखबर हुनुपरेको छ।

यद्यपि अहिलेसम्म १२ वटा एनजीओ र ४ वटा आईएनजीओलाई सचेत गराइएको परिषद्को दाबी छ। तर उक्त सचेत पनि नागरिकले दिएको उजुरीका आधारमा गराइएको हो। नागरिकबाट परेका उजुरीमा उद्देश्यबमोजिम काम नगरेको, स्वीकृत नै नलिई काम गरेको, संस्था खोलेर पनि व्यक्तिगत खाता सञ्चालन गरेको र धार्मिक आस्थालाई प्रवर्द्धन गर्ने गरेको पाइएपछि तिनीहरूलाई गल्ती नदोहोऱ्याउने सर्तमा सचेत गराइएको परिषद्का सूचना अधिकारी हरि तिवारीले बताउनुभयो।

उहाँले १ सय ५ वटा आईएनजीओको उपलब्धि मूल्यांकन गरिसकेको दाबी गर्दै भन्नुभयो- 'आईएनजीओ दर्ताका लागि सम्बन्धित देशमा दर्ता भएको हुनुपर्छ। र, कम्तीमा २ करोड रुपियाँ नेपाली बजेट उल्लेख गरिनुपर्छ।'

संस्था दर्ता ऐन २०३४ आएपछि यस्ता संस्था दर्ता हुन थालेका हुन्। यस्ता संस्थाले विकास, शिक्षा, स्वास्थ्य, गरिबी निवारण, आत्मनिर्भर, सञ्चारजस्ता विषयमा काम गर्दै आएको बताएका छन्।

(क्रमशः पृष्ठ ९)

# १० किलो सुनसहित २ पक्राउ

गोरखा, (नेस)

गोरखाको चुमनुब्री गाउँपालिकास्थित सिर्दिबासबाट अवैध १० किलो सुनसहित २ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ। शनिबार दिउँसो ४ बजे नियमित जाँचका क्रममा चुमनुब्री-७ छेकम्पारका नुटुप लामा र लोप्चन पेम्बाको साथबाट उक्त सुन बरामद गरिएको हो।

'नियमित चेकजाँचमै थियौं', प्रहरी चौकीका सई तलबहादुर सेन ठकुरीले भन्नुभयो- 'उनीहरूले डराएको संकेत गरे। झोलामा हेर्दा सुन भेटियो।' उनीहरूलाई थप अनुसन्धानका लागि आज गोरखा सदरमुकाम ल्याइने उहाँले बताउनुभयो। सिर्दिबास गोरखा सदरमुकामबाट चार दिनको पैदलयात्रापछि पुगिने ठाउँ हो।






# डुंगा पल्टिँदा २ को मृत्यु

पोखरा, (नेस)

पोखराको वेगनासतालमा डुंगा पल्टिँदा दुई जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा पोखरा-२८ की कृष्णकुमारी बजगाईं र लेखनाथकी जमुना कँडेल रहेका छन्। बजगाईं र कँडेल दुवैको उपचारका क्रममा मृत्यु भएको हो।

सोही घटनामा ५ जना बेपत्ता भएको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ। डुंगामा सवार सबै आफन्तकोमा दर खाएर ताल घुम्न गएका थिए।

घुम्ने क्रममा एक जना बच्चा तालमा खसेको र उनलाई बचाउन खोज्दा डुंगा पल्टिएको बताइएको छ। डुंगा पल्टिएको देखेपछि स्थानीयले उद्धार गर्दै प्रहरीलाई खबर गरेका थिए। बेपत्ताको खोजीकार्य भइरहेको डीएसपी रवीन्द्र गुरुङले जानकारी दिनुभयो।

## अल्टिच्युड एयरको हेलिकोप्टर दुर्घटना

# ६ को मृत्यु, १ गम्भीर घाइते

शालिकराम चालिसे, नुवाकोट

गोरखाको सामागाउँबाट काठमाडौंका लागि उडेको अल्टिच्युड एयरको हेलिकोप्टर नुवाकोटको मेघाङ गाउँपालिकाको बर्सुन्चेत भन्ने ठाउँमा दुर्घटना हुँदा ६ जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय नुवाकोटले जनाएको छ।

नुवाकोट र धादिङको सीमानामा रहेको मेघाङको जंगलमा सो हेलिकोप्टर दुर्घटनाग्रस्त हुँदा एक महिला गम्भीर घाइते भएको जिल्ला प्रहरी कार्यालय नुवाकोटका प्रहरी उपरीक्षक वसन्तबहादुर कुँवरले बताउनुभयो। घटनास्थल निकै दुर्गम स्थानमा भएकाले घाइतेलाई डोकोमा



राखेर अस्पतालतर्फ लगिएको थियो भने लगत्तै हेलिकोप्टरमार्फत थप उपचारका लागि काठमाडौं लगिएको छ। नुवाकोटको सदरमुकामबाट बर्सुन्चेत निकै टाढा र भौगोलिक हिसाबले समेत विकट भएकाले घटना भएको लामो समयपछि मात्र प्रहरी पुग्न सफल भएको हो।

शनिबार बिहान नुवाकोट र धादिङको सीमानामा रहेको मेघाङ गाउँपालिकाको बर्सुन्चेतको मुईलाम ब्रामा हेलिकोप्टर दुर्घटनामा परेको थियो। दुर्घटनाग्रस्त हेलिकोप्टर टुक्राटुक्रा अवस्थामा रहेको बताइएको छ। हेलिकोप्टरमा पाइलट निश्चल केसीसहित ७ जना रहेका थिए।

(क्रमशः पृष्ठ ९)

माओवादीमा रहँदा प्रचण्डजी, बाबुरामजीहरूसँग कुरा मिलेन मैले बन्दुकको कुरा गर्न सकिनँ, उहाँहरूले मेरो कुरा पचाउन सक्नुभएन। ओलीजी त १७-१८ महिना मेरै काखमा खेलेका हुन् ।त्यसैले धेरै विरोध गरेर सस्तो लोकप्रियता कमाउनु छैन। राम्रो काम गरेको सुन्न पाऊँ यही इच्छा छ।





राधाकृष्ण मैनाली
वामपन्थी नेता

# आफूमात्र जान्ने हुँ भन्दा सरकारको यो बिजोग भयो

राधाकृष्ण मैनाली आजभोलि आफूलाई बामपन्थी नेता भन्न रूचाउनुहुन्छ। पछिल्लो समयमा नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का केन्द्रीय सल्लाहकार हुँदै एमाले भएर पनि त्यति चित्त बुझाउनुभएको थिएन। प्रचण्ड, बाबुराम भट्टराईहरूसँग कुरा नमिलेपछि माओवादीमा चुपचाप रहनुभएका उहाँ नेकपाको एकतापछि भएका गतिविधि हेरेर मात्र बस्नुभएको छ। तत्कालै सक्रिय राजनीति गर्ने सोचमा नदेखिनुभएका उहाँ २०४८ र २०५१ सालमा झापाबाट संसद् बन्नुभएको थियो। ३ पटकसम्म संसदीय व्यवस्थामा र १ पटक अन्तिममा राजाको प्रत्यक्ष शासनमा शिक्षा तथा खेलकुद मन्त्री बन्नुभएका उहाँलाई अहिलेको सरकारको गतिविधि चित्त बुझेको छैन। अहिले नै आलोचना गर्न मन नभए पनि सरकारको शुरूआती लक्षण सन्तोषजनक नभएको मैनालीको टिप्पणी छ। सरकारले गफमात्र बढी गरेको र न्यूनतम् आवश्यकतामा पिटिक्कै ध्यान नदिएको विश्लेषण गर्ने उहाँसँग नेपाल समाचारपत्रका लागि गंगा बरालले गरेको समसामयिक कुराकानी–

**अहिलेको राजनीतिक अवस्थालाई कसरी बुझ्नुभएको छ ?**

अहिलेको राजनीतिक अवस्थालाई नियालेर विश्लेषण गर्ने हो भने बाहिर दुईखाले तर्क आएका छन्। ओली सरकार बनेको ६ महिना भएको छ, कसैकसैले राम्रो भइरहेको छ भनेर अन्धभक्त समर्थन गरेका छन् तर सामान्य सचेत मनिसहरू भने सरकारको पक्षमा खासै देखिन छोडेका छन्। यसको अर्थ ६ महिनामा नै सबैथोक भइहाल्छ भन्ने त होइन तर लक्षण त्यति राम्रो भएन। कमसेकम यो समयमा एउटा प्रारूप आउनुपर्ने हो त्यो पाइएन, यसरी नै थप ६ महिना बित्यो भने त्यो अवस्था झन् दर्दनाक हुन्छ। यो सरकारलाई काम गर्नका लागि एकातिर बहुमत छ अर्कोतिर अवसर पनि छ त्यसैले यो गर्ने बेलामा गफ थोरै गरेर कामले जनताको मन जित्नुपर्छ। गरिबी उन्मुलन गर्ने , समाजवाद ल्याउने भनिएको छ तर गरिबी निवारणका लागि कुनै पनि खाका अघि बढाइएको छैन। समाजवाद्उन्मुख संविधान भनिन्छ तर यसका लागि पनि केही त गर्नुपर्ला नि। आम जनताको जीवनस्तर उकास्ने १/२ वटा काममात्र गरे पनि पुग्छ।

**भनेपछि गफ मात्र बढी भयो काम भएन भन्ने तपाईंको बुझाइ हो ?**

भन्नैपर्दा सरकार दिशाहीन छ। उसलाई के गर्ने भन्ने नै थाहा छैन। हावादारी गफ मात्र गरेर जनताको विश्वास जितिन्छ भन्ने दिन सकिएका छन्। चर्का नारा र ठट्यौली पाराका कुरा जसले गरे पनि कसैले रुचाउन छोडिसकेका छन्। यो मेरो मात्र होइन जनताको गुनासो हो। हिजो बिपी कोइरालाले समाजवादका लागि कमसेकम २ हल गोरुले जोत्ने मेलो भएको खेत हुनुपर्ने र स्वच्छ पानी पिउन पाउनुपर्छ भन्नुभएको थियो, पछि राजा वीरेन्द्रले एसियाली मापदण्डअनुसार यसलाई बढाउँदै लाने भन्नुभयो। नेपालले अहिले ९४ प्रतिशत सामान आयात गर्छ र बाँकी ६ प्रतिशत मात्र निर्यात गरेको छ। आयात घटाएर निर्यात बढाउन सरकारले योजना बनाउन सकेको छैन, जनतामा राहतका कार्यक्रम लान सके जीवनस्तर सुधार्न समस्या छैन। मुख्य कुरा सरकारले गाउँगाउँमा सडक बिस्तार गर्नुपर्छ, यही सडकबाट हाम्रो सामान विदेशसम्म पुग्न सक्छ र आम्दानी बढ्छ। कर्णालीको स्याउ बंगलादेश र श्रीलंकामा पुऱ्याउन सके मात्र पनि आम्दानीको बाटो बन्ने थियो तर त्यसतर्फ कसैले ध्यान दिएको छैन। सडक बनेपछि पर्यटनको सम्भावना हुन्थ्यो र सँगसँगै धेरैले रोजगार पनि पाउँथे। जे सामान पनि विदेशबाट ल्याएर जीवन चलाउन सम्भव छैन। प्रधानमन्त्री ओलीले रेल, ग्याँस र पानीजहाजको कुरा गर्नुभएको छ यसको विरोध गरेको होइन तर कति सम्भव छ कि छैन भन्ने प्रमुख कुरा हो, यो अहिले चाहिएको छैन भने प्राथमिकतामा अन्य विषयवस्तुलाई समावेश गरिनुपर्छ। सरकारले तुइन बिस्थापित गर्ने भनेको छ यो पुरानै कुरा हो तर किन नगरेको ? मैले ओलीजी यसपालि प्रधानमन्त्री हुने दिन बिहानै भेटेर पनि तुइनको विषय सम्झाएको थिएँ। पूर्व-पश्चिम रेलमार्ग बनाउने भनेको इतिहास भइसकेको छ, यो बनाए मात्र पनि एउटा बाटो सहज हुन्छ।

> गणितीय रूपले हेर्दा सरकार ५ वर्षकै हो तर राजनीतिक रूपले सरकारको रूप त्यतिबेलासम्म कस्तो हुन्छ भन्ने प्रश्न छ। गणतन्त्र आइसकेको छ, सबै किसिमका आन्दोलन सकिएका छन् ।अबको एजेन्डा विकास र समृद्धि हो भनिरहँदा त्यो अभियान चलाउन कसैले पनि बाधा गरेको छैन।

**सरकारको मुख्य समस्या के होला ?**

सबैभन्दा ठूलो कुरा सरकारले अरूसँग त होइन आफूभित्र पनि सत्ता पक्षसँग र अरू आफूजस्तै पुराना नेतासँग सरसल्लाह गरेर केही काम गरेको देखिएन। आफैंमात्र जान्ने हुँ र मभन्दा ठूलो अरू कोही छैन भन्ने पारा ओलीजीको गलत छ । मैले उहाँलाई राम्ररी चिनेको छु, उहाँमा अहमता छ, छोटो बुद्धि छ र अल्पदृष्टि छ, यो नै घातक हो। ओलीजीलाई बेइमान त भन्दिन तर पनि बेलुनमा धेरै हावा भरियो भने कुनै दिन फुट्न सक्छ। विश्वका जुनसुकै देश सहकार्य र समझदारीबाट चलेका छन्। न त सरकारले अरूलाई सोधेको छ न त आफैं जान्दछ। २०५१ सालमा मनमोहन अधिकारी सफल हुनुभएको एक्लै अघि बढेर होइन र एक्लै हिँड्दा कसैको पनि प्रगति भएको छैन। त्यही सफलतालाई आजसम्म एमालेले नारा बनाएको छ। सामाजिक व्यक्तित्व र अभियन्ताहरूसँग कमसेकम सोधीखोजी गरे पनि केही हुन सक्थ्यो।

**निर्वाचनमा जाँदा गरिएका प्रतिवद्धता पूरा गर्न के गर्नुपर्ला ?**

निर्वाचनमा कसैले पनि केही गर्छु भन्न बाँकी राखेनन्, एकैछिनमा सडक बनाउँछु भने, धुलो सफा गर्छु भने। वृद्धभत्ता ५ हजार रुपिँया दिन्छु भन्ने कथा नै भयो। दिन्छु भनेपछि मानिसले आश गर्छ त्यसैले धेरै कुरा नगरेकै भए हुन्थ्यो। अर्को कुरा गर्दा डा. गोविन्द केसीको जायज माग पूरा गर्न सरकार अलमलियो। जायज माग नै हुन् भनेर बुझेपछि पूरा गर्न त्यसरी कसैको बाटो हेर्नुहुँदैनथ्यो। पछि यही एजेन्डालाई अरू पार्टीले बोके। अर्काको माग पूरा गर्दा सानो भइएला भन्ने सोचको अन्त्य हुनुपर्छ।

**यो सरकार ५ वर्षका लागि हो भनिएको छ, के होला ?**

गणितीय रूपले हेर्दा सरकार ५ वर्षकै हो तर राजनीतिक रूपले सरकारको रूप त्यतिबेलासम्म कस्तो हुन्छ भन्ने प्रश्न छ। गणतन्त्र आइसकेको छ, सबै किसिमका आन्दोलन सकिएका छन् ।अबको एजन्डा विकास र समृद्धि हो भनिरहँदा त्यो अभियान चलाउन कसैले पनि बाधा गरेको छैन। २ वटा पार्टी मिलेका छन्, यो राम्रो पाटो हो तर सँगसँगै मिलेको हो कि मिलाइएको हो भन्ने प्रश्न पनि विश्लेषण गर्नुपर्छ। पार्टीभित्र पनि एकअर्कामा द्वन्द्व छ, भागवण्डा गर्नमै सबैको ध्यान गएको छ। आजभोलि गाइजात्रा छ तर नेपालको राजनीतिमा त १२ महिना नै गाइजात्राजस्तो भएको छ। भाषणमा जतिसुकै राम्रा कुरा गरे पनि प्रधानमन्त्रीले मात्र भ्रष्टाचार नगरेर देश बन्न सक्दैन। माथिदेखि तलसम्म भ्रष्टाचारको जालो फैलिएको छ, जनताले हक अधिकार उपयोग गर्न पाएका छैनन्। एउटा पनि असल नेता भएन जसले देशका लागि सोच्न सकोस्। अहिले बिमस्टेकको शिखर सम्मेलन सकिएको छ। सडक बनाउने तयारी पहिले नै गरेको भए अन्तिम अवस्थामा आएर बाटो टालटुल गर्नुपर्दैनथ्यो मैले भन्ने खोजेको कुरा सरकारको दूरदृष्टि देखिएन, टालटुले मानसिकतामा सीमित छ। प्लेनमा चढेजस्तो हुनुपर्ने कछुवाको गतिजस्तो भयो सरकार।

**प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसको भूमिका कस्तो लाग्छ ?**

कांग्रेस आफैंमा कमजोर भएको छ यो निर्वाचनपछि। आन्तरिक रूपमा संगठित हुन सकेको छैन। कांग्रेसले चाहेअनुसारको संविधान बन्न पनि सकेन। त्यसैले उसले गर्ने काम अहिलेका लागि केही छैन। कम्युनिस्टले संविधानमा आफ्ना कुरा लेखाए तर पनि ऊ गतिहीन छ ।त्यसैले अलमलबाहेक प्रष्ट दृष्टिकोण देख्न सकिएको छैन। संविधानलाई सही ढंगले प्रयोग गर्ने हो भने प्रसस्तै सम्भावना देखिन्छन्। अहिले जतातत्तै राजनीति घुसेको छ, राजनीतिबाहेकको मान्छे नै पाइँदैन। पेसा नै पिच्छे राजनीतिक गन्ध भएकाले यसको अन्त्य हुन सकेन भने सधैंका लागि दशा बन्ने छ। मन्त्रालयमा १० प्रतिशत पनि कर्मचारी मात्र भएर काम गरेका छैनन्, सबैजसो पार्टीको फाइदाका लागि मात्र काम गर्छन्। कर्मचारी सुन्ने र मुस्कुराउने गर्छन् तर काम गर्दैन, यो विकृति रोक्नुपर्छ तर पनि दलकै नेताहरू यो प्रथा हटाउन मान्दैनन्।

**तपाईंको अबको राजनीति यात्रा के हुन्छ ?**

२ पटक संसदीय निर्वाचन जितेँ, ४ पटक मन्त्री भएँ, जे सकें देशका लागि राम्रै गरें भन्ने लाग्छ। म त अहिले राजनीति के हुँदै छ, नेताहरूले के गर्छन् हेरेर बसेको छु , बोल्दा पनि सुन्ने छैनन्। हिजो एकता नहुँदा माओवादी केन्द्रमा पनि थिँए ।त्यसपछि एमाले भएँ तर केन्द्रीय सदस्यभन्दा माथि लाने भनियो लगिएन अनि त्यस्तैउस्तै भयो। एकतापछि कतैबाट केही अत्तोपत्तो भएन। माओवादीमा रहँदा प्रचण्डजी, बाबुरामजीहरूसँग कुरा मिलेन मैले बन्दुकको कुरा गर्न सकिनँ, उहाँहरूले मेरो कुरा पचाउन सक्नुभएन। ओलीजी त १७-१८ महिना मेरै काखमा खेलेका हुन् ।त्यसैले धेरै विरोध गरेर सस्तो लोकप्रियता कमाउनु छैन। राम्रो काम गरेको सुन्न पाऊँ यही इच्छा छ।



कान्छालाल जिम्बा
अध्यक्ष, महाभारत गाउँपालिका काभ्रे

# कान्छो मान्छे भए पनि जेठो हुने गरी काम गर्छु

कान्छालाल जिम्बा काभ्रेको महाभारत गाउँपालिकाका अध्यक्ष हुनुहुन्छ। २६ वर्षमा गाउँपालिका अध्यक्ष भएका जिम्बा सबैभन्दा कान्छा उमेरका स्थानीय तह प्रमुख हुनुहुन्छ। तत्कालीन नेकपा माओवादी केन्द्रको उम्मेदवार भएर प्रमुख बन्नुभएका उहांले विकट गाउंलाई सुगम बनाएर अरूसँग प्रतिस्पर्धा गर्ने गरी योग्य बनाउने बताउनुभएको छ। काभ्रेमा रहेका १३ स्थानीय तहमध्ये २ वटामा तत्कालीन माओवादीले, ७ वटामा तत्कालीन नेकपा एमालेले र ४ वटामा नेपाली कांग्रेसले प्रमुख जितेका छन्। महाभारत गाउँपालिकालाई स्थानीयबासीहरु कर्णालीको रूपमा दाँज्ने गर्छन्। कान्छो मान्छे भए पनि जेठो हुने गरी काम गर्छु भन्ने जिम्बासँग गरिएको समसामयिक कुराकानी : -

**महाभारत गाउँपालिका अहिले के गर्दै छ ?**

महाभारत गाउँपालिका काभ्रेको दुर्गम भेगमा रहेको सानो गाउँपालिका हो। यसलाई हामी कर्णालीको रूपमा लिन्छौं। काभ्रे भन्नेबित्तिकै बनेपा र धुलिखेललाई मात्र सम्झने गरिन्छ तर त्यसभित्रको कथा निकै दर्दनाक छ। गाउँपालिका अहिले नयाँ नीति र कार्यक्रमका साथ अघि बढेको छ। निर्वाचनका समयमा गरेका वचनबद्धता पूरा गर्नु मेरो कर्तव्य हो तर यसो भन्दैमा सम्भव नहुने र अनावश्यक भाषण गरेर मैले अध्यक्ष जितेको पनि होइन। गाउँमा जे जति बजेट छ त्यसलाई पारदर्शी ढंगले परिचालन गर्दै गाउँको विकासमा लागिरहेको छु।

**अहिलेसम्म के-के काम गर्नुभयो ?**

मैले अहिलेसम्म गरेका धेरै काम छन्, त्यसमध्ये केही मुख्य कामहरूमा गाउँपालिका केन्द्र कहाँ हुने भन्ने थियो त्यो विवाद सुल्झिएको छ। गाउँपालिकाका लागि १६ रोपनी नि:शुल्क जग्गा प्राप्त भएको छ, त्यहाँ राम्रो भवन बनाउँछौं। गाउँपालिकाबाटै नागरिकता र पासपोर्ट बितरण शुरु भएको छ। हिजोको दिनमा यो गाउँपालिका भनेपछि कमजोर छ भनेर गलत ढंगले बुझ्ने गरिन्थ्यो। त्यो सोचमा परिवर्तनको शुरुआत गरेका छौं। अब मैले गर्नुपर्ने केही जिम्मेवारीहरू छन् त्यसलाई प्राथमिकताका आधारमा गर्नेछौं। यसपालिको ३५ करोड ११ लाख रुपिँयाको बजेट छ, गाउँका सबै वडामा समान रूपले बाँडेर वडाबाट नै विकासको क्रान्ति गर्नेछौं। जबसम्म वडा र त्यहाँभित्र रहेका साना टोलहरू बन्न सक्दैनन् तबसम्म केन्द्रको बिकास हुन सक्दैन। खुला दिसामुक्त क्षेत्र घोषणा गरेर त्यसअनुसारका काम भइरहेका छन्। बैकल्पिक उर्जाका लागि सोलार बितरण गरिएको छ। कोही पनि अँध्यारोमा बस्नुनपरोस् भन्ने मान्यता हो। अझै पनि महाभारत र खानीखोला गाउँपालिकामा केन्द्रको विद्युतीकरण योजना पुग्न सकेको छैन। यसका लागि पनि पहल गरेका छौं। सदरमुकाम र गाउँको सम्बन्ध जोडिएको छैन। सदरमुकाम आउनु भनेको एउटा ठूलो युद्ध जित्नुजस्तो भएको छ।

**प्रदेश र केन्द्रीय सरकारले के-कस्तो सहयोग गरेका छन् र योजना पार्न सक्नुभयो कि सक्नुभएन ?**

मैले माग्दैमा सबै कुरा पाइहालिन्छ भन्ने होइन तर मैले अहिलेसम्म जे पहल गरिरहेको छु धेरै थोरै काम भइरहेका छन्। प्रदेशले विशेष क्षेत्रका रूपमा केही योजनाहरू दिएको छ । केन्द्रीय सरकारले विशेष गरी ठूला योजना सञ्चालन गर्ने भएकाले त्यतातर्फ पनि कहिले एक्लै त कहिले सामूहिक रूपले पहल गरिरहेका छौं।

**अहिले स्थानीय तहलाई धेरै अधिकार दिएकाले पनि उनीहरु अल्मलिएर जिम्मेवारी बहन गर्न सकिरहेका छैनन् भन्ने आरोप छ नि ?**

यो अधिकार कसैले पनि दिएको होइन र नचाँहिदो अधिकार र जिम्मेवारी मागेका छैनौं। संविधानले नै केही अधिकार दिएको छ त्यसलाई व्यवहारमा देखाउने काम हाम्रो हो। ३ तहका सरकारबीच समन्वय भएको खण्डमा देशको विकास र प्रगति असम्भव छैन तर एकले अर्काको अस्तित्व नस्वीकार्ने र मैले गरेको मात्र राम्रो भनेर अरूलाई मतलब गरिएन भने सबै प्रक्रिया अलमलमा पर्न सक्छ। शिक्षाको कुरा गर्ने हो भने काभ्रेमा रहेका १३ वटा स्थानीय तहमध्ये दोस्रो बढी भएको तह हो हाम्रो। शिक्षालाई गुणस्तरीय बनाउने योजनामा सबैको सहयोग र समर्थनको खाँचो छ। बेलामौका शिक्षामा राजनीति हुने र यसै कारणले शिक्षामा विकृति आउने गरेको गुनासो पनि छ। शिक्षामा विकृति आए यसले समाजमा ठूलो हानी गर्ने भएकाले पनि विशेष ध्यान दिएका छौं। कुन पार्टीको शिक्षक हो भन्ने मलाई जान्नु छैन तर राम्रो पढाउनुपर्छ ती शिक्षकहरूले।

**स्थानीय तहले जथाभावी कर उठाएका छन् भनिन्छ, जनतालाई केही सेवा नै नदिई मनपरी कर उठाउँदा सेवाग्राहीमाथि घात भएन र ?**

वास्तवमा तपाइँले राम्रो प्रश्न गर्नुभयो। मैले बुझ्न नसकेको कुरा पनि यही हो, नचाहिने हल्ला गरिएको छ। हामीले परम्परामा लाग्दै आएको करभन्दा कुनै पनि शीर्षकमा बढी लिएका छैनौं। कर तिरेपछि आफ्नोपनको महशुस पनि हुन्छ तर कहींकतै नाजायज रूपमा अस्वभाविक कर लगाइएको छ भने त्यसतर्फ भने हाम्रो छाता संस्था गाउँपालिका महासंघले खोजी गर्नुपर्दछ।



## टाइम पास

यात्राका क्रममा विश्राम गर्दै हास्य अभिनेता हरिवंश आचार्य, नरेन्द्र कंसाकारलगायत।



## क्रेज

रोज हेर्न हलमा जम्मा भएका दर्शकका बीच नायक प्रदीप खड्का।



# पुनम पेरिसको फेसन शोमा

फेसन डिजाइनर तथा फिल्म निर्मात्री पुनम क्षेत्री गौतमले आफ्ना डिजाइनका पहिरनमा फ्रान्सको पेरिसमा सेप्टेम्बर १२ अन्तर्राष्ट्रिय मोडललाई र्‍याम्पमा उतार्ने भएकी छिन्। बेलायतको लन्डन र अमेरिकाको न्युर्योकपछि पुनम आफ्ना डिजाइनका साथ पेरिसको फेसन शोमा प्रस्तुत हुन लागेकी हुन्।

एसएम ग्लोबलले सेप्टेम्बर १२ मा आयोजना गर्न लागेको *क्याटवक पेरिस रिभोल्युसन*मा पुनमले पश्चिमा पहिरनमा नेपाली पहिरनको फ्युजन गराएर मोडलमार्फत आफ्ना पहिरन प्रदर्शन गर्नेछिन्। 'न्युर्योक र लन्डनमा नेपाली संस्कृति झल्काउने पहिरनलाई मोडलमार्फत प्रदर्शन गरेको थिएँ। पेरिसको फेसन शोमा नेपाली संस्कृतिलाई पश्चिमा पहिरनमा फ्युजन गरेर भिन्न किसिमको डिजाइन प्रस्तुत गर्दैछु', पुनमले जानकारी गराइन्- 'पश्चिमा पहिरनमा नेपाली संस्कृतिको फ्युजनको स्वाद सहभागिले पाउनेछन्।'

एसएम ग्लोबलले आयोजना गर्न लागेको फेसन शो आगामी सेप्टेम्बर १२ बाट शुरू भई २ दिनसम्म चल्नेछ। शोका लागि पुनम सोमबार पेरिस जाँदैछिन्। यो शोमा पुनमले नेपालको एक्लो प्रतिनिधित्व गरेकी छन् भने दर्जन बढी देशका फेसन डिजाइनरको पनि शोमा उपस्थिति हुनेछ। शोमा पुनमले फेब्रिकलाई मोन्टाइज गरेका १२ डिजाइन प्रदर्शन गर्नेछिन्। प्रदर्शनसँगै पहिरन बिक्रीका लागि उनले स्टल पनि राख्नेछिन्। यो फेसन शोमा अन्तर्राष्ट्रिय मोडलसँगै अन्तर्राष्ट्रिय सेलिब्रेटीको पनि विशेष उपस्थिति हुने पुनमले जानकारी गराइन्।

पेरिसपछि उनी दुबईमा पनि फेसन शो गर्दैछिन्। अन्तर्राष्ट्रिय फेसन शोमा आफ्नो सहभागिता उद्देश्यपरक रहेको उनले बताइन्। 'भविष्यमा नेपालमा फेसन कलेज र इन्स्टिच्युट स्थापना गर्न चाहन्छु। त्यसका लागि विश्वमा फेसनको अवस्था के छ भनेर अध्ययन गरिरहेकी छु', पुनम भन्छिन्- 'यूके, जापान, नर्वे, न्युर्योकलगायतका धेरै देश घुम्दा त्यहाँका जनता नेपालबारे अनविज्ञ रहेको पाएँ। यो अवस्थामा म नेपाली संस्कृतिको फेसनमार्फत नै नेपालको बारेमा चिनाउन चाहन्छु।' पुनम आफ्नो संस्था पुनम इन्टरटेनमेन्टले एसएम ग्लोबलसँग सहकार्य गर्दै २ वर्षपछि नेपालमै अन्तर्राष्ट्रिय बृहत् फेसन शोको आयोजना गर्ने तयारीमा छिन्। पेरिसको फेसन शोपछि उनी अर्को वर्ष दुबईमा पनि फेसन शो गर्दैछिन्। फिल्म *अझै पनि* निर्माण गरेकी पुनम चाँडै नै नयाँ फिल्म निर्माणको तयारीमा छिन्।



# विविषा पर्वत स्टार



*पर्वत स्टार-२०७५* को उपाधि विविषा पाण्डेले चुमेकी छन्। राजधानीको राष्ट्रिय नाचघर जमलमा भएको अन्तिम प्रतिस्पर्धामा पर्वत बिहादी गाउँपालिका वाहाकी-९, हाल स्याङ्जा वालिङकी विविषा पाण्डे उपाधि चुम्न सफल भएकी हुन्।


सोनी फिल्मस् प्रालिको आयोजनामा भएको *पर्वत स्टार-२०७५ खुला नृत्य प्रतियोगिता*मा *सेकेन्ड रनर्सअप*को उपाधि पर्वत फलेवासकी स्मृति चापागाईंले चुम्न सफल भइन् भने तेस्रो स्थान बिहादी गाउँपालिका रानीपानीकी सृष्टि सुनवार र सान्त्वना पुरस्कार स्याङ्जा गल्याङकी लोचन आलेले हात पारिन्। प्रतियोगिताको टपटेन विजेतामा मुनाल परियार, रेजिना थापा, अस्मिता रनपाल, आर्मिता सारुमगर, लिजा थापा र सुजिना थापा रहेका थिए। प्रतियोगितामा प्रथम हुनेलाई १ लाख, दोस्रोलाई ५० हजार र तेस्रोलाई २५ हजार नगद प्रदान गरिएको छ भने सोनी फिल्मस्बाट निर्माण हुने फिल्मका लागि अनुबन्धन पनि गरिएको छ। १८ जिल्लाबाट १ सय ५० जनाले सहभागिता जनाएको प्रतियोगिताको निर्णायकमा राम गौतम, प्रेम शर्मा पौडेल, लवसन गुरुङ र एकेन्द्र सारा शंकर रहेका थिए।

# डंगोल र थापा सम्मानित



लामो समयदेखि नेपाली लोक संगीत प्राध्यापन गर्दै आएका लोक वाद्यवादक न्हुच्छेबहादुर डंगोल र लोकगायिका तीर्थकुमारी थापालाई सम्मान गरिएको छ।

नेपाली लोक र आधुनिक संगीत क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएकी सहप्राध्यापक नेपाली लोक संगीत/ललितकला क्याम्पस तथा गायिका शोभा तिवारी लोहनीको ६६औं जन्मजयन्तीको अवसरमा उक्त सम्मान गरिएको हो। शोभा अर्जुन संगीत कोष र नेपाली लोकबाजा संग्रहालयको संयुक्त आयोजना तथा सांस्कृतिक संस्थानको सहआयोजनामा सम्पन्न कार्यक्रममा लोहनीद्वारा गाइएका केही गीत श्रद्धाञ्जलिस्वरूप उहाँकै विद्यार्थी तथा सांस्कृतिक संस्थानका कलाकारद्वारा प्रस्तुत गरिएको थियो। कार्यक्रममा कालजयी राष्ट्रिय गीत *नेपाल जननी* बन्देलगायत आधुनिक गीत *जसलाई मैले जिन्दगी ठानें, बुझ्नै कठिन भइसक्यो, सधैं हरिलो सधैं भरिलो*लगायतका विभिन्न गीत प्रस्तुत गरिएको थियो। साथै लोहनीले गाएका गीत सँगालिएको गीतिसंग्रह *संगीत र समर्पण* पनि विमोचन गरिएको छ। कार्यक्रममा गायिका शोभा तिवारी लोहनीको जीवनमा आधारित निर्माणाधीन वृत्तचित्र *शोभाका स्मृति*का केही झलक पनि प्रस्तुत गरिएको थियो। राष्ट्रिय नाचघरमा सम्पन्न कार्यक्रममा गायिका लोहनीका परिवार (दुई छोरी र छोरा बुहारी) ले उनको स्मृतिमा स्थापना गरेको शोभा अर्जुन संगीत कोषको समेत घोषणा गरियो। उक्त कोष यसै वर्षदेखि स्थापना गरिएको हो। सो कोषको राशि २ लाख रुपियाँ रहेको छ। कार्यक्रम संस्कृतिविद् तथा लोकवार्ताविद् तुलसी दिवसको प्रमुख आतिथ्यमा भएको हो।

# विचार

> नारी त्यस बेला चण्डी बन्नुपर्दछ, जुन बेला उसमाथि अन्याय हुन्छ।
> – सन्तु श्रेष्ठ

> संस्कृति कुनै कला होइन, यो त समाजद्वारा स्वीकृत गरिएको आचरण पद्धति हो।
> – चक्रवर्ती

## सम्पादकीय

नेपाल समाचारपत्र

## कर्मचारी समायोजन व्यावहारिक बनाऊ

सरकारले सर्वोत्कृष्ट कर्मचारीलाई पुरस्कृत गर्न खोज्यो, तर कोही पनि सर्वोत्कृष्ट भेटिएनन् । निजामती सेवा दिवसका अवसरमा प्रदान गरिने सर्वोत्कृष्ट निजामती पुरस्कारका लागि कोही पनि योग्य पाइएनन् । सरकारले हरेक वर्ष भदौ २२ मा दिवसका अवसरमा सर्वोत्कृष्टसहित ४२ जना कर्मचारीलाई पुरस्कृत गर्दै आएकामा गत वर्षझैं यसपटक पनि सर्वोत्कृष्ट कर्मचारी छनोट हुन सकेनन् । २ वर्षअघि तत्कालीन अर्थ सचिव शान्तराज सुवेदीलाई सर्वोत्कृष्ट कर्मचारीका रूपमा पुरस्कृत गरिएको थियो ।

संघीयता कार्यान्वयनको चरणमा कर्मचारी समायोजनदेखि कार्यसम्पादनमा निकै असन्तुष्ट रहेका मन्त्रीले आफू मातहतका निकायबाट कोही पनि योग्य पात्र चयन गर्न सकेनन् । यो पुरस्कार कसलाई दिने भन्नेमा सामान्य प्रशासन मन्त्रालयका अधिकारी नै विभाजित छन्, जो कोही पुरस्कारका लागि छनोट गरिए पनि विवादरहित हुने अवस्था छैन । संघीयता कार्यान्वयनका क्रममा सामान्य प्रशासन मन्त्रालय र कर्मचारीबीच लामो समयसम्म दोहोरिएको खटपटले पनि योग्य पात्र जन्माउने वातावरण भएन ।

त्यसैले दिवसको अघिल्लो दिन बिहीबारको मन्त्रिपरिषद्को बैठकले २ लाख रुपियाँ राशिको पुरस्कारका लागि कुनै पनि कर्मचारी सर्वोत्कृष्ट ठहऱ्याएन । विगतमाझैं यसपटक १० जना उत्कृष्ट निजामती पुरस्कार र ३० जना निजामती पुरस्कारबाट पुरस्कृत भएका छन् । उत्कृष्ट सेवा पुरस्कारको १ लाख र निजामती पुरस्कारको राशि ५० हजार रुपियाँ तोकिएको छ । कर्मचारी इमानदार नभएसम्म नतिजा राम्रो हुँदैन, नतिजा राम्रो नभएसम्म सरकारले अघि बढाएका नीति तथा कार्यक्रम स्वतः निष्प्रभावी बन्छन् ।

वर्तमान सरकारले अघि सारेको ‘समृद्ध नेपाल सुखी नेपाली’को नारा कर्मचारीको सहयोगबिना सम्भव हुँदैन, यो नारा कार्यान्वयन अनि परिवर्तन अनुभूतिका लागि इमानदार र जेहेन्दार कर्मचारीको खाँचो हुन्छ । अहिले कार्यरत अधिकांश कर्मचारी योग्य र मेहेनति पनि छन्, तर कर्मचारीतन्त्रभित्र बढेको राजनीति, हरेक पार्टी निकटका युनियन गतिविधिजस्ता कारणले परिणाम राम्रो आउन सकेको छैन । पार्टीका काममा इमानदार र लगनशील रहने कर्मचारी तोकिएको कार्यक्षेत्रमा भने बफादार नहुँदा जनअपेक्षा पूरा हुन सकेका छैनन् ।

कर्मचारीतन्त्रलाई स्थायी सरकार भनिन्छ । कर्मचारी र निर्वाचनबाट सरकार सञ्चालनको जिम्मेवारी पाएका राजनीतिक दलका प्रतिनिधि र कर्मचारीबीचको अन्तरद्वन्द्व सतहमा आइरहन्छ । कर्मचारीले मन्त्री र अन्य निर्वाचित प्रतिनिधिलाई नटेर्ने अनि निर्वाचित प्रतिनिधिले आफूलाई सर्वेसर्वा ठान्ने क्रम नरोकिएसम्म काम कारबाही स्वतः प्रभावित हुन्छ । अनुभवी, योग्य र टाढाबाठा कर्मचारी सिंहदरबारबाहिर निस्कन नचाहने र कामको खासै लामो अनुभव नलिएका तल्लो तहका राजनीतिक पहुँच नभएकाहरू मात्रै प्रदेश र स्थानीय तहमा पुगेका छन् । जबसम्म वैज्ञानिकरूपमा कर्मचारी समायोजन हुन सक्दैन, तब परिणाम पनि राम्रो देखिन्न ।

# नामको अर्थ र औचित्यमाथि प्रश्न



**मुक्तिबन्धु**

तपाईं एउटा प्राज्ञिक जमघटमा हुनुहुन्छ। तपाईंका अगाडि सुकिलामुकिला शहरिया युवा छन्। परिचयको क्रममा एक युवा उठेर भन्छ- ‘म अक्सफोर्डको विद्यार्थी।’ अर्को भन्छ- ‘म नासाबाट।’ अर्को उठेर म हवाइटहाउसबाट भन्छ। यसरी १० जना युवा उठेर बेलायत र अमेरिकाका एक-एक नामुद नामुद विश्वविद्यालय र संस्थाका नाम लिन्छन्। जमघटमा बडो उत्सुकताका साथ सुनिरहेको तपाईंलाई घत लाग्छ कि उदेक लाग्छ ? कि हास्यास्पद चुरीफुरी जस्तो मात्र लाग्छ ? तपाईं यस्तो सभा-समारोहमा पहिचानसहित उपस्थित रहेर पेट मिची-मिची हाँस्न सक्नुभएको छ ? मलाई लाग्छ, तपाईंले त्यसो गर्न सक्नुभएको छैन। तपाईंले त यी सबै नाम उपत्यकाभित्र ठाउँ-ठाउँमा रहेका ठूला-साना विद्यालयका नाम हुन् भनेर आफूभित्रै समायोजन गर्नुभएको छ। उपहसनलाई मनैमन पचाउनुभएको छ। यसो गर्न तपाईं बाध्य किन हुनुहुन्छ ?

तपाईंलाई लाग्छ, नाम मिले-नमिलेको बहस निकालेर झन्झटमा किन पर्ने ? बहस त वकिल नै गरुन्। हामी जनताले काम हेरेर नाम राख्ने हो। यी नामहरू जो नामका लागि मात्र छन्, निख्खरा भ्रम सिवाय केही होइनन्। हाम्रो मुलुकमा राजनीतिक दलहरूकै नाम पनि त्यस्ता छन्। राष्ट्रिय जनता पार्टी नाम छ। त्यस नामको पार्टीलाई न राष्ट्रको चिन्ता छ, न जनताको। प्रचलित राष्ट्रियता, अखण्डता, सार्वभौमिकता जस्ता शब्द सुन्दा उसलाई टाउको दुख्छ। मधेसका नाममा बितन्डा मच्चाउने, भेटे पाएसम्म खाने पचाउने सक्कली चिन्ता त यत्ति नै छ। तर, नाम त्यस्तो छैन। नाममा त राष्ट्रियता पनि छ, जनता पनि छ। नेकपाकै कुरा गरौं। सिद्धान्त, नीति र कार्यक्रमका हिसाबमा कम्युनिस्ट पार्टीमा कम्युनिज्मको गन्धसम्म बाँकी छैन। आमूल संसदीय पार्टी बनिसकेको छ। पूँजीवादी पार्टी बनिसकेको छ। साहुजीहरूको पार्टी बनिसकेको छ। जनताको सेवा र जनताप्रतिको दायित्वभाव किञ्चित पनि छैन। नेता-कार्यकर्ता जसरी पनि सत्तामा टाँसिने र सम्पत्ति कमाउने अभियानमा फालहालेर लागेका छन्। सत्तासीनहरूलाई रातो पासपोर्ट, विदेश भ्रमण, विभिन्न बहानामा राष्ट्रको ढुकुटीमा लामोहात, बेतन भत्ता सुविधा वृद्धि, यस्तै मात्र चासो छ। मुलुकभरिका विद्यार्थी बालबालिकाको खाजा कटाएर पनि आफ्नै खाजाको स्तर सम्वर्द्धनमा लागेका छन्। बाचुन्जेल सत्ता सुविधाको ढुक्क व्यवस्था, वर्तमान रहँदा पनि भूतपूर्व हुँदा पनि सत्ताको तामझाम र हाम व्यवस्था हराभरा कायम रहने परिपाटीको तर्जुमामा लागेका छन्।

> नेकपाकै कुरा गरौं। सिद्धान्त, नीति र कार्यक्रमका हिसाबमा कम्युनिस्ट पार्टीमा कम्युनिज्मको गन्धसम्म बाँकी छैन। आमूल संसदीय पार्टी बनिसकेको छ। पूँजीवादी पार्टी बनिसकेको छ। साहुजीहरूको पार्टी बनिसकेको छ। जनताको सेवा र जनताप्रतिकोदायित्वभाव किञ्चित पनि छैन। नेता-कार्यकर्ता जसरी पनि सत्तामा टाँसिने र सम्पति कमाउने अभियानमा फालहालेर लागेका छन्।

नाम जे भए पनि काम त यस्तै देखिएको छ। काम हेर्दा निक्खरा कांग्रेस छ। नाम छ- नेकपा। यो वास्तविकताको स्थितिबाट हामी जनताले यथार्थमा के बुझ्ने ?

हामीले विद्यालयका नामहरूलाई पनि मुलुकको राजनीतिक परिप्रेक्षबाट बुझ्नुपर्छ। उदाहरणका लागि यहाँ संस्कृति नाम राखेर कमाउन व्यस्त विद्यालयलाई संस्कृति कुन चराको नाम हो, थाहा नहुन सक्छ। देशभक्ति नाम राखेर दगुराएको विद्यालयलाई देश थाहा नहुन सक्छ। नाम भ्रम हो। काम कमाइ हो। भ्रम दिने। कमाउने। व्यवसायको धर्म भने पनि नीति भने पनि बढीभन्दा बढी नाफा कमाउनु हो। राजनीति व्यवसायमा जनतालाई करभार र नेतालाई कार तथा दरबार व्यवस्था कानुनीरूपमै गर्न सकिन्छ। विद्यालयहरूलाई अलि गाह्रो छ। विद्यालयले कर उठाउन मिल्दैन। जे लिए पनि शुल्कका नाममा लिनुपर्छ। बढी शुल्क नउठाउनु भन्ने उर्दी पनि छ। विद्यालयले पनि पार्टी संस्कृतिबाट सिकेर आ-आफ्नो स्वार्थ सम्वर्द्धनको राजनीति खेल्नै पर्छ। राजनीतिबाट बाहिर यहाँ के छ र ? यसैले पढाइ शुल्क हजार/पन्ध्र सय, अरू विविध नामधारी शुल्क तीस हजार, चालीस हजार, पचास हजार, सुनिन्छ पैंसठ्ठी हजार रुपियाँसम्म मासिक शूल्क लिने विद्यालयहरू पनि छन्। तीमध्ये कतिपय विद्यालयले मसिना बाल विद्यार्थीलाई एकछाक खाना दिन्छन्। कसैले नास्ता दिन्छन्। तिनले विद्यार्थीलाई हीराको चटनी, सुनको तरकारी, यार्चागुम्बाको दाल, चाँदीको भात र बहुमूल्य रत्नहरूको नास्ता बनाएर पस्कने त होइनन्। पौष्टिक र स्वस्थकर खाद्यपदार्थ जुटाएर माया ममताका साथ खान दिने पनि होइनन्। व्यापार व्यवसायमा ग्राहकप्रति माया ममता भन्ने कुरा त साँढे दुहेर दूध डेरी खोल्ने कल्पना जस्तै भएको छ।

हामीकहाँ तस्करीपछिको बढी नै फस्टाएको व्यवसाय अहिले राजनीति छ। त्यस व्यवसायमा माथि-माथि पुगेकाहरूका लागि खानपान आवास सवारी आदि इत्यादि सबै सुविधा उच्चस्तरीय छ। जनतालाई तात्तोछारो छ। बाढी पहिरो र हिलो छ। आँखाअगाडि खाडलहरू छन्। अरू कुनै सुविधा छैन। विद्यालयमा पनि सञ्चालकहरूलाई सुविधा छ। विद्यालयको पैसाबाट सञ्चालकहरू करोडौंको गाडी चढ्छन्। सुखशयलको महल जुटाउँछन्। विद्यार्थीलाई सुविधा दिँदैनन्। बजारको सबैभन्दा सस्तो दाल, चामल र तरकारी जुटाएर जसोतसो पकाएर दिने हुन्। नास्तामा पनि सस्तो र कामचलाउ के पाइन्छ बजारमा त्यही दिने हुन्। नामको तामझाम जो छ, त्यही ठूलो छ। जे छ, नामै छ। जनताले ३० वर्षको पञ्चायती कालरात्रि फाँडेर उज्यालोको खोजीमा दगुरेको पनि ३० वर्ष भयो। थरीथरीका नयाँ-नयाँ कालरात्रि भेटिए। उज्यालो अझै भेटिएन। संस्कार संस्कृतिका क्षेत्रमा त झन्-झन् अँध्याराहरू थपिँदै आएको अनुभूत हुन थालेको छ।

पञ्चायत व्यवस्थाको प्रथम प्रहरतिरको कुरा हो। गाउँफर्क अभियानका नाउँमा सरकारले एउटा लहर ल्याएको थियो। म पञ्चायतविरोधी सोचसमझको राजनीतिक व्यक्ति हुनुका कारण गाउँफर्क पुस्तिकामा उल्लिखित कति कुराको मैले बुँदागतरूपमा सार्वजनिक सभामै विराध गरेको थिएँ। त्यस पुस्तिकामा समाविष्ट कतिपय कुरा राम्रा पनि थिए। राष्ट्रिय संस्कृतिको जगेर्ना र सम्वर्द्धनका कुरा थिए। म त्यति बेला गाउँमा माध्यमिक विद्यालय खोल्ने योजनामा थिएँ। मैले प्रस्तावित त्यस विद्यालयको नाउँ गङ्गालक्ष्मी राखें। म शहीदहरूमा गङ्गालाल र कविहरूमा महाकवि लक्ष्मीप्रसादलाई बढी नै मन पराउँथें। तिनीहरूकै नाम जोडेर मैले गङ्गालक्ष्मी नाम बनाएको थिएँ। गाउँफर्क राष्ट्रिय अभियानका ठेकेदार पञ्च प्रशासकहरूले पनि यस नामलाई अस्वीकार गर्न सकेनन्। सांस्कृतिक प्रस्थापनाअनुसार पनि यो नाम अनुकूल नै ठहरियो। निम्नमाध्यमिक तहमा विद्यालयले अस्थायी स्वीकृति पनि पायो। ३ वर्षसम्म स्वयंसेवीका रूपमा खटेर मैले विद्यालयमा प्रधानाध्यापक तथा शिक्षकका रूपमा सेवा गरें। स्थानीय पञ्च, प्रधानपञ्च र जिल्ला प्रशासनका दृष्टिमा मेरो स्वयंसेवी शिक्षण सेवा पनि कम्युनिस्ट राजनीति भइदियो। जिल्लाका शक्तिशाली पञ्च प्रशासकहरूले मेरो गाउँ बसाइ र शिक्षण सेवालाई सहन सकेनन्। मैले विद्यालय छोडें। आज म सम्झन्छु, शुरू शुरू बेलाको पञ्चायती गाउँफर्कले राजनीतिक नियत र कामका रूपमा अरू जे-जे गरे पनि साष्ट्रिय संस्कृतिको उत्थानका क्षेत्रमा राम्रै सोच ल्याएको थियो। पछि गएर गाउँफर्कले बाटो फेऱ्यो। सांस्कृतिक अभियान पनि अगाडि बढेन।

अहिले मुलुकमा लोकतान्त्रिक गणतन्त्र आएको छ। यो नामको तामझाम हो। व्यवहारमा नितान्त अलोकतान्त्रिक पार्टीतन्त्र आएको छ। सत्तासीन र प्रतिपक्ष भनाउँदा पार्टीहरूलाई रिझाएपछि जसले जे गरे पनि हुने छाडातन्त्र आएको छ। यहाँ विकृति विसंगतिहरू जुर्मुराएका छन्। जनतामा रहेका राष्ट्रियता, देशभक्ति, सत्यवादिता, वचनबद्धता, इमानदारी, सेवाभाव, दायित्वबोध, दया, माया, सहयोगिता जस्ता जनहितकारी असल संस्कार संस्कृतिहरू डराएका छन्। यो अस्थायी स्थिति हो। एक किसिमको संक्रमणकालीन स्थिति हो यो। सरकारले जति हेपे पनि जति चेपे पनि जनता आखिर शक्तिशाली छ। सर्वोपरी छ जनता। अब जनताले नामको अर्थ र औचित्य खोज्ने दिन पनि आउँछ। आफूलाई सर्वार्थमा अभिव्यक्त गर्ने दिन पनि आउँछ। अवश्य आउँछ।

हाम्रो राजधानी उपत्यकामै पनि अभिभावकबाट महँगो शुल्क असुल्न जानेका, तर विद्यार्थीलाई जीवनोपयोगी शिक्षा र विद्या कुनै दिन नजानेका नामधारी विद्यालय अनगिन्ती छन्। विदेशी विश्वविद्यालय र वैज्ञानिकका संस्थाका नाम भिरेर गर्वान्वित हुने विद्यालय तिनै छन्। कति स्वनामधन्य तारे विद्यालयहरू छन्। जसका सञ्चालक तथा सल्लाहकार, ख्यातिप्राप्त प्राध्यापक, वकिल, बुद्धिजीवी, पूर्वगभर्नर, पूर्वप्रशासक, कूटनीतिक महामहिमलगायतका चर्चित व्यक्तिहरू छन्।

आरम्भ नेपालको शिक्षा क्षेत्रबाटै गरौं। अहिले मुलुकमा निजी विद्यालयहरूको बाढी छ। स्वर्ण तस्करीपछिको सबैभन्दा नाफाको व्यवसाय निजी शिक्षण अस्पताल र त्यसपछिको नाफामूलक व्यवसाय निजी शिक्षालय सञ्चालन नै रहेका छन्। मुलुकमा तारे होटल भने जस्तै तारे विद्यालयहरू पनि छन्। विद्यालयका तारा संख्या घोषित छैनन्। तिनीहरूले असुल गर्ने दक्षिणा द्रव्यबाट तिनीहरू कुन तहका तारे हुन्, अनुमान गर्न भने सजिलै सकिन्छ। तारे होटलहरूमा जस्तो पैसा मुताबिकको सुविधाको प्रत्याभूति तारे विद्यालयहरूमा हुँदैन। यो अघोषित तर पनि व्यवहारसिद्ध मान्यता हो। अझ विशेषतः निजी तारे शिशु शिक्षालयहरूमा सम्भ्रान्त शैलीका विशिष्ट शोषणहरू छन्। ती शिष्ट कलात्मक र आकर्षकसमेत छन्। यसैले वर्णनीय रहेका छन्। भर्ना र मासिक शुल्कका प्रस्तावित तथा भुक्तानी रसिदहरूमा लेखिने विभिन्न शुल्कका शीर्षकहरू मोहन कोइरालाका कविताभन्दा पनि अबोधगम्य र गहन छन्। तिनमा सबैभन्दा सानो अंक पढाइ शुल्कको हुन्छ। किन कि त्यो शुल्क सरकारी कर्मचारीसमेतले पनि बुझ्न सकिने भाषामा राखिनु जरुरी हुन्छ। बाँकी शुल्क शीर्षकहरू सरकारी कर्मचारीले पढ्दैनन्। कानुनअनुसार उनीहरूले पढिने र सदर गरिने शुल्क शीर्षक पढाइ शुल्क नै हो। त्यति पढिदिएपछि सरकारी कर्तव्य पूरा हुन्छ। बाँकी सबै शुल्क शीर्षकहरूले निर्देश गरेको अंकसमेत जोडेर चुपचाप भुक्तानी गर्ने कर्तव्य अभिभावकको हो। नत्थी लाएका गोरुले मालिकका लागि श्रम भुक्तान गरेजस्तै अभिभावकहरू शुल्क भुक्तान गर्छन्। यति धेरै शुल्क लिएर यति थोरै सुविधा किन ? सम्भ्रान्त अभिभावकहरू सम्भ्रान्त विद्यालयहरूसँग प्रश्न गर्दैनन्। प्रत्यक्ष मारमा पर्ने शिशु, बालबालिका र किशोरकिशोरी नै हुन्छन्। शिक्षालयहरू सम्भ्रान्त छन्, तिनमा शिक्षण सिकाइ सम्भ्रान्त छैनन्। गफहरू प्रशस्त छन्। उपलब्धि छैनन्।

## पाठक पत्र

### गिटी-बालुवाको अवैध निकासी रोकिएन

विभिन्न जिल्लामा नदीजन्य पदार्थको अवैधरूपमा उत्खनन हुँदै आएको छ। विभिन्न खोलाबाट रातारात गिट्टी-बालुवाको अवैध निकासी भइरहे पनि स्थानीय प्रशासन निरीह जस्तै बन्न पुगेको छ। जिल्लाका जिल्ला समन्वय समितिहरूले असारदेखि असोजसम्म गिट्टी-बालुवा निकासी गर्न रोक लगाए पनि त्यो रोकिएको छैन। अवैधरूपमा प्राकृतिक सम्पदाको दोहन हुन छाडेको छैन। अवैध गिट्टी-बालुवाको दोहन बढिरहँदा स्थानीयबासीले विरोध जनाए पनि प्रशासनले नियन्त्रण गर्ने प्रयास गरेको छैन। राति १२ बजेदेखि बिहान ९ बजेसम्मको समयमा खोलाबाट गिट्टी-बालुवा निकासी हुँदै आए पनि नियन्त्रणका लागि प्रहरीले चासो नदेखाएको समाचार हरेक जिल्लाबाट आउने गरेका छन्।

प्रहरीकै संलग्नतामा दैनिकरूपमा गिट्टी-बालुवा चोरी निकासी हुने गरेको आरोप पनि लाग्ने गरेको छ। मिलेमतोबिना दैनिक सयौं ट्याक्टर गिट्टी-बालुवा निकासी गर्न सम्भव हुने विषय होइन। यसमा सम्बन्धित निकाय जिम्मेवार बन्न जरुरी देखिएको छ। काभ्रे, ललितपुर, चितवनलगायतका जिल्लाबाट यस्ता गतिविधिबारे खबर आइरहेको हुन्छ।

नियन्त्रण गर्ने त परै जाओस् पक्राउ गरिएका ट्याक्टरहरू नियन्त्रणमा लिइए पनि राजनीतिक पहुँच र प्रभावका कारण प्रहरीले कारबाही गर्न नसकेका खबरहरू पनि आइरहेका हुन्छन्। यस विषयमा सरकारले गम्भीररूपमा केही कदम चाल्नु जरुरी देखिन्छ।

*- शंकर पौडेल, गढवा देउखुरी*

### बलात्कारीविरुद्ध बोलौं, सबैले मुख खोलौं

पछिल्लो समय समाजमा बलात्कारका घटनाहरू बढ्दै गएका छन्। दिनहूँजसो आम सञ्चारमाध्यममा बलात्कार र त्यसपछि हत्याका समाचार सुनिन थालेका छन्। बलात्कार बढेसँगै त्यसका विरुद्ध आवाज बुलन्द भए पनि यो मौसमी देखिएको छ। वर्षात्को समयमा बाढी आएको जसरी जब कुनै घटना हुन्छ तब मात्रै ऱ्याली, विरोध गरेर बलात्कार रोक्न सकिँदैन। बलात्कारका विरुद्धमा ऱ्याली तथा दबाबमूलक कार्यक्रम वर्षैभरि सञ्चालन गर्न सक्नुपर्दछ। गाउँ समाजमा सचेतनामूलक कार्यक्रम गर्दै बलात्कारका बारेमा सबैले आवाज बुलन्द गर्न सकियो भने समाजमा बलात्कार जस्तो जघन्य अपराधमा कमी आउने थियो।

हामी यौनका विषयमा संकुचित भएर कुरा गर्ने गर्छौं यौनिक विषयलाई लाजको विषय बनाएर बस्छौं। यो कारणले पनि समाजमा बलात्कार जस्ता घटनाहरू हुने गरेका छन्। विद्यालय तहमा यौनका विषयमा सामान्य कुराहरू पढाइ हुने गरेको भए पनि त्यो पर्याप्त हुने गरेको छैन। यौनका विषयमा पाठ्यक्रममा राम्रोसँग समावेश गर्दै किशोरकिशोरीहरूलाई यसको बारेमा ज्ञान दिनु आवश्यक छ। यौनका बारेमा अध्ययन गराउँदा अथवा जानकारी दिँदा छाडा भइँदैन बरु यसले बलात्कार तथा यौनजन्य घटनाबाट जोगिन महिला तथा किशोरीलाई सहजता प्रदान गर्दछ। हामीले यौनलाई लुकाइने विषयका रूपमा मात्रै परिभाषित गर्दै आएका छौं। यौनका बारेमा अध्ययन गराउँदै यौन अपराध तथा यौनिक विकृतिको बारेमा खुलेर विरोध गर्न सक्ने बनौं।

यौनका विषयमा किशोरकिशोरीहरूमा कौतुहलता हुने गर्दछ। किशोरावस्थामा विपरीत लिंगीप्रति आकर्षित हुनु स्वभाविक हो। जसका कारण सजिलै एक-अर्कालाई विश्वास गर्न पुग्छन्। यौनका बारेमा राम्रोसँग जानकार नहुँदा चाहेर वा नचाहेरै वा जिज्ञासा मेटाउनको यौन सम्पर्क तथा यौनजन्य क्रियाकलापमा संलग्न हुने गर्दछन्।

यद्यपि किशोरकिशोरीलाई यौनका बारेमा खुलेर कुरा गर्न सक्ने बनायौं, यौन हिंसाका बारेमा बुझ्न सक्ने बनायौं भने पनि यौनजन्य हिंसाका घटनाहरूमा कमी आउने थियो। त्यस्तै गरी स्थानीय प्रशासनले समेत यौनजन्य हिंसाका विरुद्धमा कडारूपमा कानुनी कदम चाल्न आवश्यक छ। सार्वजनिक बसमा सार्वजनिक स्थानमा नै यौनजन्य हिंसाहरू भइरहेका कतिपय घटनाले देखाएका छन्। जसका लागि सार्वजनिक ठाउँमा राम्रो सुरक्षा व्यवस्था मिलाउँदै यौन दुराचारी कसैलाई पनि पहुँचको आधारमा उन्मुक्ति दिनुहुँदैन तब मात्रै समाजबाट यौनजन्य घटनाहरूमा कमी आउन सक्छ। त्यसैले आजैबाट यौनजन्य घटना तथा बलात्कारका विरुद्ध आवाज बुलन्द पारौं।

*- मदन रिसाल, काठमाडौं।*

### संघीयता कसरी कार्यान्वयन होला र खै ?

सिंहदरबारको अधिकार गाउँ-गाउँमा लैजान नसक्दा आम जनताले सास्ती खेपेको कारण नेपालमा संघीयताको घोषणा भयो। साथै संयिता कार्यान्वयनका लागि स्थानीय तहको निर्वाचन पनि भयो। स्थानीय तह गठनले सिंहदरबार गाउँ-गाउँमा आएको छ। यसले धेरै प्रशासनिक काम-कारबाहीका लागि सदरमुकाम पुग्ने समस्यासमेत हटेको छ। स्थानीय तहलाई २२ प्रकारका अधिकार पनि दिइएको छ। तर, ती अधिकार कहिले कुन मितिबाट पाउने भन्ने अझै प्रस्ट भएको छैन। जसका कारण गाउँपालिका र नगरपालिकाहरू अन्योलमा छन्।

कतिपय कानुन संघीय र प्रदेशको बनेर आएपछि नबाझिने गरी लागू गर्न पाउने प्रावधान छ। यस्ता कानुन संघ र प्रदेशले कहिले बनाएर पठाउँछन् र स्थानीयले लागू गर्ने भन्ने आन्योल रहेको हो। यस्तै अन्योलतामा रहेका स्थानीय तहले आफ्नो कानुन बनाउन भने थालेका छन्। उक्त कानुन लागू गर्दा भोलि प्रदेश तथा संघले त्यसमा कतै बन्देज लगाउने हो कि भन्ने अझै शंका छ।

स्वायत्त संस्था भनिए पनि संघीय मामिला मन्त्रालयबाट पठाइएका परिपत्रहरूले स्थानीय तहका कर्मचारी र जनप्रतिनिधिहरू अन्योलमा छन्। उनीहरूले अझै आफ्ना चाहनाले काम गर्न सकेका छैनन्। नेपाल समाचारपत्रको अनलाइन न्युज अफ नेपालमै केही कर्मचारी सन्तुष्ट नभएको खबर छापियो। काम नै राम्ररी गर्न नसक्ने अवस्था कर्मचारीमा छन्। सबैतिर अन्योल रहेपछि सिंहदरबार आएको अनुभूति कहिले पाउने ? केन्द्रले अधिकार दिन नखोज्ने, कर्मचारी पठाउन नमान्ने, पठाइएका कर्मचारी पनि स्थानीय तहमा जान नमान्ने प्रवृत्ति देखिएको छ। संघीयता सफल बनाउन सबै आ-आफ्नो ठाउँकाट जिम्मेवार बन्न जरुरी छ।

*- पुजन खड्का, काठमाडौं।*

## सामाजिक सञ्जाल



४० दिनसम्म पनि नाकमुनिका अपराधी पत्ता लगाउन नसक्नु राष्ट्रिय लज्जाको विषय हो। अलिकति पनि लाज छ भने गृहमन्त्रीले राजीनामा दे हुने हो।

**Buddhisagar**
**@buddhisagar**



सबै हुरी जीवनमा अवरोध पुऱ्याउन मात्रै आउँदैनन्, केही हुरी त बाटो बढार्न पनि आउँछन्।

**Laxmi bohara**
**@Laxmi_bohara**



हामी सबै पागल हौं। तर जसले आफ्नो पागलपनको व्याख्या गर्न सक्छ ऊ दार्शनिक कहलाउँछ।

**Nirmal Bhandari**
**@Bhandarinirmal5**

> मलाई अचम्मै लागेको छ किनकि बिना समस्या, बिना अवरोध ३/३ वर्षसम्म पनि यति सानो बाटो पिच किन गरेन ?



## सातदोबाटो-ढोलाहिटी सडक विस्तार

# दशैंअघि कालोपत्रे गर्न सीडीओको अल्टिमेटम

**नेपाल समाचारपत्र**

ललितपुर

सडक कालोपत्रे सम्पन्न गर्ने भाका नाघेर तीन वर्ष बितिसक्दासमेत सातदोबाटो-ढोलाहिटी सडकमा कालोपत्रे हुन सकेको छैन। नत यस सडकमा ग्राभेल राम्रोसँग नै भएको छ।

सातदोबाटोदेखि ढोलाहिटी नजिक २ दशमलव १ किलोमिटर बाटोमा ठूल्ठूला खाल्डाखुल्डी देख्न सकिन्छ। पानी पर्दा सडकमा पानी जमेर आहाल हुने र घाम लाग्दा धुलोले बाटोमै हिँड्न मुस्किल छ। बाटोमा सवारी साधन आवतजावतमा समस्या नै छ भने बटुवासमेत हिँड्न सकस छ।

तीन वर्षअघि सडक कालोपत्रे सम्पन्न गर्न २०६९ सालमा यो सडकको ठेक्का लागेको हो। सडक कालोपत्रे गर्न युनाइटेड बिल्डर्ससँग सम्झौता भएको थियो।

तर सडक बन्नुपर्ने भाका नाघेर तीन/तीन वर्षसम्म निर्माण कम्पनीले नै यस्तो चरम लापरबाही गर्दा सडकको यस्तो हाल भएको छ। नागरिकले अनाहकमा कष्ट व्यहोरिरहेका छन्।

निर्माण कम्पनीले समयमै काम सम्पन्न नगरे, मापदण्डअनुसार काम नगरे ठेक्का रद्द गर्नेजस्ता कारबाही गर्न सक्ने प्रावधान रहे पनि भाका नाघेको यत्रो दिन बितिसक्दासमेत न ठेकेदार कारबाहीमा परे न त बाटो नै बने।

लामो समयसम्म सडक नबनेपछि सास्ती खेप्नुपरेको भन्दै गएको चैतमा स्थानीयले दुई दिनसम्म सडक नै अवरुद्ध पारे। सडक चाँडै निर्माण गरिदिने सहमतिमा सडक खुल्यो तर अहिलेसम्म पनि सडकको ताल उस्तै छ।

त्यसताका नेकपाका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) ले समेत विशेष चासो दिँदै यथाशिघ्र सडक कालोपत्रे सम्पन्न गर्न निर्देशन दिए पनि केही सीप लागेन।

ठेकेदारले सडकको काम बीचमै छोड्दासमेत केही कारबाही नहुँदा सर्वसाधरण आजित भएका छन्। ललितपुर महानगरपालिका-१५ वडाका वडाध्यक्ष सुदर्शन मिश्रले बिना कुनै रोकतोकसमेत सडक कालोपत्रे हुन नसकेको भन्दै आश्चर्य मान्नुभयो।

'मलाई अचम्मै लागेको छ किनकी, बिना समस्या, बिना अवरोध ३/३ वर्षसम्म पनि यत्ति सानो बाटो पिच किन गरेन?,' वडाध्यक्षले भन्नुभयो- 'पटकपटक छलफल भएको छ। दशैंअघिसम्म हेर्छौं। काम भएन भने सोचौंला।'

उहाँका अनुसार सडक कालोपत्रे गर्न ६ सय ३० मिटर बाँकी छ। यो बाटो हुँदै पछिल्लोपटक नेकपा अध्यक्ष प्रचण्ड, उहाँकी बुहारी खानेपानीमन्त्री बिना मगरसमेतको सवारी गुड्ने गर्दछ।

यसका साथै यस बाटोमा चापागाउँ, ठेचो, सुनाकोठी, लेलेलगायतका नागरिक यात्रा गर्छन्। जिल्ला प्रशासन कार्यालय ललितपुरका प्रमुख जिल्ला अधिकारी प्रेमराज जोशीले दशैंअघि नै काम सम्पन्न गर्न ठेकेदारलाई अल्टिमेटम दिइसकेको बताउनुभयो।

'ठेकेदारलाई बोलाएर हामीले दशैंअघि कुनै पनि हालतमा यो सडक कालोपत्रे हुनुपर्ने भनेका छौं। ठेकेदारले पनि त्यहीअनुसार प्रतिबद्धता जनाइसकेका छन्' - उहाँले भन्नुभयो।

# २०३ महिला तथा बालबालिकाको उद्धार

**नेपाल समाचारपत्र**

ललितपुर



मानव बेचबिखनविरुद्ध विगत लामो समयदेखि कार्यरत सामाजिक संस्था शान्ति पुनर्स्थापना गृहले आफ्नो स्थापनाको २५औं वार्षिक साधारणसभा सम्पन्न गरेको छ। संस्थाले नेपाल भारतका विभिन्न नाका र भारतका विभिन्न ठाउँबाट बेचबिखनमा परेका तथा बेचबिखनको जोखिममा रहेका २ सय ३ महिला तथा बालबालिकाको उद्धार गरेको हो। यसका साथै संस्थाले ४ हजार ९ सय जनालाई परामर्श प्रदान गरेको छ र ५ जना महिलालाई क्षमता विकास र आयमूलक तालिम दिई आत्मनिर्भर बनाएको छ।

बेचबिखनमा परेका तथा बेचबिखनको जोखिममा रहेका महिला तथा बालबालिकाको उद्धार गर्ने, पुनर्स्थापना गर्ने र पुनर्स्थापितलाई सीपमूलक तालिम दिई आत्मनिर्भर बनाउँदै अगाडि बढेको यस संस्थाले कपिलवस्तुको कृष्णनगर र कैलालीको धनगढीमा आफ्नो शाखा कार्यालयमार्फत परामर्श र उद्धारको कामलाई अगाडि बढाएको छ।

प्रमुख अतिथि गोदावरी नगरपालिकाका प्रमुख गजेन्द्र महर्जनले महिला र बालबालिकाको क्षेत्रमा कार्यरत यस संस्थासँग सहकार्य गरी अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। संस्थाका जिल्ला संयोजक श्री भूमिराज भट्टराईद्वारा सञ्चालन गरिएको यस कार्यक्रममा विशेष अतिथि श्री दुर्गा सिंह, राष्ट्रिय महिला आयोगका शाखा अधिकृत श्री भरत धमलालगायतले संस्थाले गरेको यस्तो पवित्र कार्यमा सदैव साथ र सहयोग रहने कुरा व्यक्त गर्नुभएको थियो।

# 'पत्रकारको व्यावसायिक स्वतन्त्रतालाई कुण्ठित गर्नु हुन्न'

**पुष्कर बुढाथोकी, भक्तपुर**

कानुन क्षेत्रका विज्ञहरूले पत्रकारिता क्षेत्रलगायत चिकित्सक तथा वकिलको व्यावसायिक स्वतन्त्रतालाई कुण्ठित गर्न नहुने बताएका छन्।

नयाँ फौजदारी, देवानी संहिताले समाजमा तरंग ल्याएको सन्दर्भमा राष्ट्र निर्माण मन्चको आयोजना र नेपाल पत्रकार महासंघको सहकार्यमा पत्रकारका लागि आयोजित अन्तरक्रिया कार्यक्रममा विशेष ऐनमा भएका सञ्चार क्षेत्रका हकमा नयाँ कानुनले कुनै फरक नपार्ने र पार्न पनि नहुने बताइयो।

कार्यक्रममा भक्तपुर जिल्ला अदालतका न्यायाधीश डा. श्रीप्रकाश उप्रेतीले पत्रकारलगायतका अन्य पेशाको व्यावसायिक स्वतन्त्रतालाई स्थापित गर्नुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो- 'पत्रकारितालगायत चिकित्सक तथा वकिलको व्यावसायिक स्वतन्त्रतालाई कुण्ठित गर्न हुँदैन तर व्यावसायिक स्वतन्त्रताका नाममा अरुलाई अनावश्यक हानी पुऱ्याउन पाइन्न'। आफ्नो व्यावसायिक स्वतन्त्रताप्रति पत्रकार र सञ्चारक्षेत्र सचेत र सजक रहनुपर्ने न्यायाधीस डा. उप्रेतीले बताउनुभयो।

कार्यक्रममा वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले पत्रकारले निर्वाधरुपमा आफ्नो व्यावसायिक अधिकार प्रयोग गर्न पाउनुपर्नेमा जोड दिँदै यो क्षेत्रको दुरुपयोगमा भने निगरानी राख्नुपर्ने बताउनुभयो। पत्रकारिता क्षेत्रलाई अनावश्यक अंकुश लगाउने र पत्रकारलाई बाँध्ने कानुन ल्याउन नहुने बताउँदै उहाँले सरकारले संसद्मा पेस गरेको गोपनीयतासम्बन्धी विधेयकको प्रावधानले पत्रकारलाई सूचना संकलन गर्न असहज हुने उल्लेख गर्नुभयो।

उहाँले गोपनीयतासम्बन्धी हक कार्यान्वयन गर्न ल्याइएको विधेयकमा हरेक सूचनालाई वैयक्तिक सूचनाका रूपमा परिभाषित गरेर सार्वजनिक पदधारण गरेका व्यक्तिको समेत हरेक जानकारी गोप्य रोख्न खोजिएको बताउनुभयो।

उहाँले पत्रकारितामार्फत सार्वजनिक सरोकारका विषय सार्वजनिक हितका निम्ति असल नियतले सार्वजनिक गर्न कानुन बनाएर रोक लगाउन नपाइने बताउँदै सार्वजनिक हित र भलाइका निम्ति समाचार लेख्दा प्रेसमाथि अंकुश लगाउन खोजिए आफू निःशूल्क बहसका लागि सधैं तयार रहेको बताउनुभयो।

कार्यक्रममा पत्रकार बालकृष्ण बस्नेतले केही नेता र केही कर्मचारीले आफ्ना कमजोरी प्रेसमार्फत खुल्ने डरले संविधानले आमसञ्चार माध्यमलाई दिएको पूर्ण प्रेस स्वतन्त्रता नै हनन हुने गरी गोपनीयतासम्बन्धी विधेयक अघि बढाएको बताउनुभयो।

नेपाल बार एसोसियसन भक्तपुरका सचिव किरण न्यौपानेले प्रेस पनि मर्यादित र जिम्मेवार बन्नुपर्ने बताउँदै संविधानतः प्रेसले प्राप्त गरेको हक कुनै पनि कानुनले खोस्न नसक्ने उख्लेख गर्नुभयो।

नेपाल पत्रकार महासंघ भक्तपुर जिल्ला शाखा अध्यक्ष पुष्करराज बुढाथोकीले नयाँ संहितामा राखिएका केही बुँदाबाट प्रेस स्वतन्त्रता हनन हुने भएको भन्दै नेपाल पत्रकार महासंघले विरोधका कार्यत्रम गरिरहेको बताउनुभयो।

उहाँले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई संकुचित पार्दै अंकुश लगाउने देखिएकाले केही बुँदा संशोधन गरी पूर्ण प्रेसमैत्री बनाउन माग गरिएको बताउनुभयो। राष्ट्र निर्माण मञ्चका अध्यक्ष निर्मल उप्रेतीले नयाँ कानुन र यसले ल्याएको तरंगबारे पत्रकारसँग अन्तरक्रिया गर्न कार्यक्रमको आयोजना गरिएको बताउनुभयो।

कार्यक्रममा अधिवक्ता सुमन न्यौपाने र मञ्चका भक्तपुर संयोजक सुवास तिमिल्सिनाले भूकम्प प्रभावित संरचनाको पुनर्निर्माणसम्बन्धी नीतिगत व्यवस्था र भूकम्प प्रभावितका लागि मञ्चले गरिरहेको सहजीकरण र सहयोगबारे समेत चर्चा गर्नुभएको थियो।

कार्यक्रममा नेपाल पत्रकार महासंघ उपत्यका प्रदेश सचिव अमर भुजु, नेपाल पत्रकार महासंघ भक्तपुरका पूर्वअध्यक्ष बिकल श्रेष्ठ, महासंघका कोषाध्यक्ष मोहन बल्ल, प्रेस चौतारी भक्तपुरका अध्यक्ष सोम शर्मा बजगाईं, क्रियाशील पत्रकार मञ्चका अध्यक्ष रमेश गिरी, डोलेश्वर दैनिकका प्रधान सम्पादक पेशल आचार्यलगायत विभिन्न सञ्चार माध्यममा कार्यरत ४१ जना पत्रकारको सहभागिता रहेको थियो।

# अपांग बालबालिकाको सहयोगार्थ धार्मिक प्रवचन

काठमाडौं, (नेस)

अपांगता भएका बालबालिकाको सहयोगार्थ काठमाडौंमा शनिबार धार्मिक प्रवचन गरिएको छ।

ओम श्री सत्य कालीबाबा आश्रमद्वारा आयोजित प्रवचनबाट संकलन भएको रकम अपांगता भएका बालबालिकाको शिक्षादिक्षाका लागि खर्च गरिने जनाइएको छ। आश्रमका संस्थापक भरत लामिछानेको सभापतित्वमा भएको सो प्रवचन कार्यक्रममा सहभागीले सनातन हिन्दू धर्मको जगेर्ना गर्न जरुरी रहेको बताए।

कार्यक्रममा राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रीय सदस्य देवीप्रसाद पन्त, विश्व हिन्दू महासंघ अन्तर्राष्ट्रिय समितिका महासचिव शम्भुहरी बास्तोला, अपांग सरोकार केन्द्रकी सुरक्षा बस्नेतलगायतले हिन्दू धर्मले मानवताको विकास गर्ने दाबी गरे।

सो अवसरमा विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तिलाई सम्मान गरिएको थियो। सो अवसरमा चामुण्डा खैजडी भजन समूह काभ्रेले आफ्नो कला प्रस्तुत गरेको थियो।

# पद्मकन्या अल्मुनाईमा डिना

काठमाडौं, (नेस)

पद्मकन्या बहुमुखी क्याम्पस अल्मुनाई एसोसिएसनमा डिना उपाध्याय (महालक्ष्मी) संयोजक हुनुभएको छ।

शनिबार क्याम्पसमा आयोजित कार्यक्रमबाट उपाध्यक्षमा रिना उप्रेती, महासचिवमा प्रतिमा गौतम, सचिवमा जमुना केसी र कोषाध्यक्षमा विनिता अधिकारी रहेको १८ सदस्यीय समिति गठन गरिएको छ। २ वर्षको कार्याकाल रहने गरी गठित समितिका पदाधिकारीमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) का पूर्वसभापतिहरू रहेका छन्।



त्यसै गरी सदस्यहरूमा कमला पन्त, टीका चौधरी, गोमा उप्रेती, दीपा शिवाकोटी, तुलसा पन्त, कल्पना कार्की, हरिप्रभा पाण्डे, एन्जिला न्यौपानेलगायतका रहेका छन्। कोषाध्यक्ष अधिकारीले स्वतन्त्र विद्यार्थी युनियनका उपाध्यक्ष, सचिव र सहसचिवहरू कार्यसमितिमा रहेको जनाउनुभयो।

अल्मुनाइमा आजीवन र साधारण गरी २ किसिमका सदस्यता वितरण गरिएको छ। शुक्रबार आयोजित कार्यक्रममा तीजको दरसमेत खुवाइएको थियो। अधिकारीले समाजमा भएका सबैखाले विकृति र विसंगतिका विरुद्धमा अल्मुनाइले जोडदार रुपमा आवाज उठाउने जानकारी दिनुभयो। त्यसै गरी पद्मकन्या क्याम्पसलाई महिलाका लागि राजनीति र शैक्षिक केन्द्र पनि बनाउने योजना अल्मुनाइको भनाइ रहेको छ।

# कर्णाली प्रदेशलाई अब नयाँ ढंगले विकास गरिने

भक्तपुर, (नेस)

पश्चिम नेपालका ग्रामिण क्षेत्रमा शैक्षिक सुधार र विद्यालयको भौतिक संरचना निर्माणमा सहयोग पुऱ्याउने सहयोगी हातहरूलाई मालिका माध्यमिक विद्यालय ठाँटीकाँध ठिमुरे दैलेखले सम्मान गरेको छ। भक्तपुरमा एक कार्यक्रमको आयोजना गरी उनीहरूलाई सम्मान गरिएको हो।

सम्मान कार्यक्रमका कर्णाली प्रदेशका सभामुख राजबहादुर शाहीले पिछडिएको कर्णाली प्रदेशलाई अब नयाँ ढंगले विकास गरिँदै लैजाने बताउनुभयो। मानव विकासको सूचकांकले पनि पछि परेको देखिएको कर्णाली प्रदेशका ५२ प्रतिशत जनता गरिबीको रेखामुनि भएकाले अबको पाँच वर्षभित्र प्रतिव्यक्ति आय २१ सय डलर बनाउने लक्ष्य लिएको बताउनुभयो।

सो कार्यक्रममा भौतिक तथा शैक्षिक सहयोग गर्ने स्वयंसेवी संस्था भोलन्टियर कोर नेपाल संस्थाका उपाध्यक्ष राधा मताङ्गी, स्कुललाई पुस्तक दिएर पुस्तकालयको व्यवस्थापनमा सहयोग गर्ने एभरेस्ट इङ्लिस स्कुलका प्रिन्सिपल भक्तराज भण्डारी, दूरदराजका लुकेर रहेका विषयवस्तुलाई खोजमुलक रिपोर्ट प्रस्तुत गरी समाजमा जागरण ल्याउने खबरसाथी डटकमका विनोद विक, ठाँटीकाँध गाँउपालिका, समाजसेवी चक्रबहादुर शाही, पद्मधना स्मृति अक्षयकोषका सस्थापक अग्रबहादुर शाहीलगायतलाई सम्मान गरिएको हो।

मालिका मावि ठिमुरेका प्रधानाध्यापक महेन्द्रकुमार शाहीको सभापतित्वमा भएको दैलेखी सेवा समाजका महासचिव मोहन शाही, एभरेस्ट इङ्लिस स्कुलका प्रिन्सिपल भक्तराज भण्डारी, प्रधानाध्यापक महेन्द्रकुमार शाही खबरसाथी डटकमका अंजीर सिंह विकले दैलेखको दुःखमा सहयोगी हातहरूको सहयोग अपरिहार्य रहेको बताउनुभयो।


## सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )


**माउन्ट मकालु यातायात सेवा**

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : कार्य नाश, शोक-सन्ताप, धन हानि, सन्तान-कष्ट।
**वृष** : अपच, दिनचर्या अस्तव्यस्त, दौडधुप, विवाद, अनिद्रा।
**मिथुन** : द्रव्यलाभ, मान-सम्मान बढ्ने, उन्नति-प्रगति हुनेछ।
**कर्कट** : धन नाश, मानसिक अस्थिरता, असन्तोष, अपव्यय।
**सिंह** : धनप्राप्ति, कोसेली प्राप्ति, उत्तम भोजन, कार्य सफल।
**कन्या** : अस्वस्थता, इष्टमित्रसँग विवाद, चोटपटकको भय।
**तुला** : विविध वस्तु वा सेवाको लाभ, मिष्ठान्न भोजन, द्रव्य प्राप्ति।
**वृश्चिक** : सुख-सन्तोष, कार्यसिद्धि, निरोगिता, काममा सन्तुष्टि।
**धनु** : राज्य भय, अपयश, व्यर्थको यात्रा, व्यापारमा व्यवधान।
**मकर** : रोगको भय, कार्यमा बाधा, धन हानि, अस्वस्थता हुनेछ।
**कुम्भ** : धनलाभ, समस्याको समाधान, पठनपाठनमा सफलता।
**मीन** : द्रव्यलाभ, शत्रु विजय, खेल-परीक्षा आदिमा सफलता।



# प्रदेश-३

{ आफैंले पकाएको दर खाँदा प्रदेशसभा सांसद गोमा भुर्तेल पनि बिरामी पर्नुभएको छ। दर तयार पार्न कुनै क्याटरिङलाई नदिइएको बताइएको छ।

# तीजको दरले ३ सय ५० बिरामी

मोतीराम तिमल्सिना, काभ्रे



काभ्रेको पाँचखाल नगरपालिका-१२ कास्कोटे बालुवामा शुक्रबार ग्रामीण स्वावलम्बन बहुउद्देश्यीय सहकारीले आयोजना गरेको तीज कार्यक्रममा दर खाएकामध्ये ३ सय ५० जना बिरामी परेका छन्। आफैंले पकाएको दर खाँदा प्रदेशसभा सांसद गोमा भुर्तेल पनि बिरामी पर्नुभएको छ। दर तयार पार्न कुनै क्याटरिङलाई नदिइएको बताइएको छ।

स्वास्थ्य मन्त्रालयको टोली शनिबार साँझ काभ्रे पुगेको छ। तीजको दर कार्यक्रम आयोजना गरी महिलालाई खुवाइएको खानामा केही मिसावट भएको हुन सक्ने प्रारम्भिक अनुमान गरिएको छ। बिरामीलाई स्थानीय तथा प्रहरीको सहयोगमा जिल्ला अस्पताल ल्याइएको छ। केहीलाई धुलिखेल र केही बिरामीलाई बनेपाको शिर मेमोरियल अस्पताल पुर्‍याइएको छ।

अस्पताल ल्याइएकामध्ये पाँचखाल-९ नागबेलीकी ३७ वर्षीया उमा मैनाली, सोही ठेगानाकी २१ वर्षीया स्वस्तिका भेटवाल, ५२ बर्षकी सकुन्तला कुँवर, ३५ बर्षिया सुजाता मैनाली, २८ वर्षीया सीता श्रेष्ठ, २५ वर्षीया अम्बिका तामाङ, ४६ वर्षीया मुनादेवी श्रेष्ठलगायतलाई सुदीप मेडिकल पाँचखालमा उपचार गरिएको छ।

त्यस्तै पाँचखालको गौतम मेडिकलमा सावित्री विक, शर्मिला श्रेष्ठ, कान्छी विक, दया विक र विमला खरेललगायत छन्। उनीहरूमध्ये केही घर फर्किसकेका छन्। शुक्रबार दिउँसो २ बजे आयोजना गरिएको कार्यक्रममा २ सय जनालाई दर खुवाइएको थियो। दर खुवाइएकामध्ये ५० भन्दा धेरै महिलालाई फुड पोइजन भएको प्रहरीले बताएको छ।

जिल्ला प्रहरी कार्यालय काभ्रेका डीएसपी दीपक गिरीका अनुसार शनिबार बिहान ७ बजे मात्रै घटनाका बारेमा प्रहरीलाई खबर गरिएको थियो। प्रहरीले खबर प्राप्त गर्नासाथ उद्धारमा खटिएको गिरीले बताए। दर खाएकामध्ये महिला, पुरुष र बालबालिका सबै बिरामी परेका छन्।

बिरामीमध्ये ३ गम्भीर छन्। उनीहरूको बनेपाको शिर मेमोरियल अस्पतालमा आईसियूमा उपचार भइरहेको छ। संस्थाका अध्यक्ष भैरव सेढाइले फुड पोइजनको कारण खोजिरहेको बताए। प्रमुख जिल्ला अधिकारीलगायत जिल्लाको विपद् व्यवस्थापन टोलीले बिहानैदेखि उक्त क्षेत्रमा स्वास्थ्यकर्मीको टोली पठाई बिरामीको उपचार गराइरहेको थियो। जिल्ला प्रहरी प्रमुख एसपी रविराज खड्काले १ सय ९९ जना बिरामी भर्ना भएको बताए। अन्य बिरामी सामान्य उपचारपछि घर फर्किसकेका छन्।

बिरामीको निःशुल्क उपचार गर्नुपर्नेमा करुणा अस्पतालले निःशुल्क उपचार गर्न नमानेपछि प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउतले सो अस्पताललाई कारबाही गर्न निर्देशन दिनुभएको छ।

# सडकमै गाडीको यान्त्रिक र चालकको स्वास्थ्य परीक्षण

कृष्ण आचार्य, चितवन



विरगन्जदेखि नौबीसेसम्म नियमित ट्रक चलाउँदै आएका धादिङ गजुरीका रमेश थापा ट्राफिकले अचानक ट्रक रोकेपछि लाइसेन्स र बिलबुक तयार पारे। अघिपछि सधैं गाडी रोकेपछि लाइसेन्स र बिलबुक माग्ने ट्राफिकले शनिबार चितवनको रामनगरमा उनीसँग लाइसेन्स र बिलबुकको कुरा गरेनन्। ट्राफिकले थापासँग स्वास्थ्य र गाडीको अवस्थाबारे सोधे। ट्राफिकले स्वास्थ्य र गाडीको अवस्थाबारे सोध्दा उनी अचम्ममा परे। 'मलाई यसअघि कसैले पनि गाडीको अवस्था र स्वास्थ्यको बारे कुरा गरेका थिएनन्', खुसी हुँदै उनले भने- 'आँखामा नियमित आँसु आइरन्थ्यो। रुमालले पुछेर हिँड्ने गरेको थिएँ, परीक्षणपछि थाहा भयो, औषधि हालेपछि ठीक हुने रहेछ।' स्वास्थ्यको हेलचेक्र्याइँ र समय अभावका कारण स्वास्थ्य परीक्षण गर्न नसकिएको उनले बताए। 'धूलो धूवाँका कारण बेला-बेलामा स्वास्थ्य समस्या आइरहन्छ', थापाले भने- 'राज्यले नै नियमितरुपमा यस्तो चेकजाँचको व्यवस्था गरिदिए राम्रो हुने थियो।'

जिल्ला ट्राफिक प्रहरी कार्यालय चितवनले शनिबार नारायणगढ-मुग्लिन सडकको रामनगरमा चितवन अटो मेकानिकल व्यवसायी संघ र चितवन मेडिकल कलेजसँगको सहकार्यमा गाडीको यान्त्रिक परीक्षण र चालकको स्वास्थ्य परीक्षण गरेको हो।

नाढख ३२३२ नम्बरको गाडीको यान्त्रिक परीक्षण गरिरहेका चितवन अटो मेकानिकल व्यवसायी संघका कोषाध्यक्ष प्रकाश पाठकले भने- 'गाडीका केही पार्टको नटबोल्ट भेटिएनन्, सस्पेन्सर सिस्टम राम्रो छ।' उनले गाडी दुर्घटना हुने अवस्थामा नदेखिएको बताए। गाडी चेकजाँचपछि गाडीको अवस्थाका बारेमा चालकलाई लेखेर दिइने र गाडीमा भेटिएका त्रुटि तुरुन्त मर्मत गर्न निर्देशन दिएको पाठकले बताए।

सडकमा हुने दुर्घटना न्यूनीकरणका लागि मेकानिक्सको ठूलो भूमिका हुने भएकाले गाडीको यान्त्रिक अवस्था र चिकित्सकबाट चालकको स्वास्थ्य अवस्था परीक्षण कार्यक्रम गरिएको संघका अध्यक्ष राम लोहनीले बताए।

चितवनमा दैनिकजसो सवारी दुर्घटना हुने गरेको छ। देशको केन्द्रबिन्दु र मुख्य राजमार्ग भएका कारण यहाँ दुर्घटना बढेको जिल्ला ट्राफिक प्रहरी कार्यालय चितवनले जनाएको छ। 'गाडी दुर्घटना हुँदा चालकलाई मात्रै दोष दिन्थ्यौं', ट्राफिक प्रमुख वेदप्रसाद गौतमले भने- 'तर वास्तवमा सडकमा गुड्ने सवारीको अवस्था कस्तो छ, सडकमा गुड्न योग्य छ कि छैन, चालकको स्वास्थ्य अवस्था कस्तो छ भन्ने कुरामा ध्यान दिनुपर्ने रहेछ।' नागरिकलाई सुरक्षित यात्रा गराउने दायित्व ट्राफिकको भएकाले स्वास्थ चालक र गाडीको अवस्था ठीक राख्न कार्यक्रम गरिएको गौतमले बताए। उनले एक दिनका लागि देखाउन मात्रै नभएर यसलाई निरन्तरता दिने दाबी गरे।

धेरै चालकको अवस्था बाहिरबाट हेर्दा राम्रो देखिए पनि भित्र लुकेको रोग हुने भएकाले नियमित स्वास्थ्य परीक्षण गर्नुपर्ने चितवन मेडिकल कलेजका चिकित्सक डा. दयाराम लम्साल बताउँछन्। समयमै आँखा र शरीरको स्वास्थ्य परीक्षण गरियो भने दुर्घटना हुने सम्भावना कम हुने उनको भनाइ छ। 'सबैको स्वास्थ्य अवस्था एउटै हुँदैन', डा.लम्सालले भने- 'सवारी चालकले वर्षको एक पटक अनिवार्य नियमित चेकजाँच गराउनुपर्छ।' ड्राइभिङ लाइसेन्स लिने बेलामा स्वास्थ्य परीक्षण गर्ने गरिए पनि त्यसपछि धेरैले नियमित चेकजाँच नगर्ने गरेको पाइएको डा. लम्सालले बताए।

सो अवसरमा साना ठूला गरी १ सय ३२ सवारीसाधनको यान्त्रिक परीक्षण गरिएको थियो भने १ सय ४८ जनाको स्वास्थ्य र १ सय २५ जनाको आँखा परीक्षण गरिएको थियो।

जिल्ला ट्राफिक प्रहरी कार्यालय चितवनका अनुसार जिल्लामा आर्थिक वर्ष २०७४/७५ मा २ सय ७१ वटा सवारी दुर्घटना भएका छन्। जसमा १ सय ३२ जनाले ज्यान गुमाइसकेका छन् भने गम्भीर र सामान्य गरी ५ सय २९ जना घाइते भएका छन्। भदौ महिनाको २२ गतेसम्म मात्रै २६ वटा सवारी दुर्घटनामा ११ जनाको मृत्यु भएको छ भने ५२ जना घाइते भएका छन्। चितवनमा करिब १ सय किलोमिटर मुख्य राजमार्ग क्षेत्र पर्छ। जिल्ला ट्राफिक प्रहरी कार्यालयले दैनिकजसो जनचेतनाको कार्यक्रम गरिरहेको छ, तर बढ्दो सवारीसाधनको चाप र ट्राफिक जनशक्तिको अभावमा ट्राफिक व्यवस्थापन र दुर्घटना न्यूनीकरण हुन सकेको छैन।


## वर्गीकृत डिस्प्ले




वर्गीकृत डिस्प्ले
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रु. १००० ।
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्यूज पब्लिकेशन प्रा.लि.
भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६
४२१९६२२, ४२१९८८४


# रसुवामा ४३ प्रतिशत परिवार स्थानान्तरण

रसुवा, (नेस)

भूकम्प गएको ३९ महिना बितिसक्दा समेत रसुवाामा ४३ प्रतिशत परिवार मात्रै स्थान्तरण भएका छन्। भूकम्पका कारण असुरक्षित मानिएका क्षेत्रमा रहेका भूकम्पपीडित परिवारको अझै स्थानान्तरण हुन सकेको छैन। जिल्लामा अहिलेसम्म करिब ४३ प्रतिशत परिवारलाई मात्रै सुरक्षित स्थानमा सारिएको छ। राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका अनुसार जिल्लामा ८ सय ३६ परिवार पहिरोको उच्च जोखिममा छन्। तीमध्ये ३ सय ५७ परिवारको स्थानान्तरण भएको हो।

गोसाइँकुण्ड गाउँपालिकामा २० मध्ये १३ परिवार, कालिका गाउँपालिकामा २५ मध्ये १४ परिवार, नौकुण्ड गाउँपालिकामा १ सय २६ मध्ये १९, आमाछोदिङ्मो गाउँपालिकामा २ सय ७२ मध्ये १ सय २४ र उत्तरगया गाउँपालिकामा ४ सय ६३ मध्ये १ सय ८७ परिवारको स्थानान्तरण भएको छ। जिल्लामा भिरालो जमिन रहेको र बस्ती स्थानान्तरणका लागि उपयुक्त जग्गा खोज्न कठिनाइ भएको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, जिल्ला आयोजना कार्यान्वयन एकाइ अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार कार्यालय रसुवाले जनाएको छ।

# मृत्यु पनि मान्छेपिच्छे फरक

नानीराम नेपाल, सिन्धुपाल्चोक

मृत्यु एउटा कठोर सत्य। यही कठोर सत्य मृत्युको पनि फरक-फरक रूप हुँदो रहेछ। पछिल्लो २ साताका बीच जिल्लामा मृत्युका केही यस्ता रूप देखिए, जसले आम मान्छेलाई भावुक बनाइदियो।

१५ दिनको हेलम्बु बसाइँ सकेर १० भदौमा स्वदेश फिर्तीको यात्रामा निस्किएका १ विदेशी नागरिकको जिन्दगीकै यात्रा टुंगियो। १५ दिनसम्म हेलम्बुको सेरोफेरोमा रमाउँदै आएका १ पाकिस्तानी नागरिकले गुडीरहेको बसभित्रै ज्यान गुमाए।

भ्रमणका क्रममा हेलम्बु गाउँपालिका-३ तिम्बुस्थित हेलम्बु गेस्ट हाउसमा बस्दै आएका पाकिस्तानी नागरिक राना गणेशबहादुर ओडको काठमाडौं फर्कंदै गर्दा बाटोमै मृत्यु भएको हो।

काठमाडौंका लागि यात्रारत उनी बसभित्रै बेहोस भएपछि उपचारका क्रममा स्वास्थ्य केन्द्रमा मृत्यु भएको भनिए पनि उनको बसभित्रै मृत्यु भएको बताइन्छ। प्रहरीका अनुसार हेलम्बुबाट काठमाडौं जाँदै गरेको बा३ख ४३९१ नम्बको बसमा सवार उनी अचानक बेहोस भए।

बसभित्रै बेहोस भएपछि उनलाई मेलम्चीस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा उपचारका लागिए पनि उनको उपचार सफल हुन सकेन। 'बेहोस भएपछि होस फर्काउन सकिन्छ कि भनेर स्वास्थ्य केन्द्रमा लैजाँदा मृत्यु भइसकेको रहेछ' -गाडीमा सवार एक प्रत्यक्षदर्शीले भने।

प्लास्टिककै पासोले कसैको ज्यान लिन्छ भन्दा हत्तपत्त पत्याउन कठिन हुन्छ, तर प्लास्टिकको डोरीको पासोमा परी मेलम्चीमा २ जनाले ज्यान गुमाए साताअघि नै।

अचानक छोरी फूलमाया घरबाट हराएपछि मेलम्ची नगरपालिका-६ मानेभञ्ज्याङका जितबहादुर तामाङलाई चिन्ताले गाँज्यो। २ दिनसम्म छोरीको पत्तो पाउन नसकेका उनले तेस्रो दिन छोरीको पत्तो पाए, सास पाएनन् शव मात्रै।

प्रहरीका अनुसार ७ भदौमा घरबाट हराएकी फूलमायाको ३ दिनपछि मेलम्ची नगरपालिका-११ स्थित सिन्धु जंगलमा लास फेला पर्‍यो। फूलमायासँगै जाजरकोट छेडागाउँका चन्दसिंह ठकुरीले प्लास्टिकको डोरीको एउटै पासो लगाएर कटुसको रुखमा झुन्डिएर आत्महत्या गरेको प्रहरीले जानकारी दियो।

९३ वर्षको बुढ्यौली उमेर। मेलम्ची नगरपालिका-२ सुयलछापका भीमबहादुर बन्जाराका लागि 'स्वाभाविक मृत्यु' सायद त्यति टाढा थिएन। उनै भीमबहादुरले आत्महत्या गरे साताअघि। परिवारमा कोही नभएपछि भतिजा अमृत बन्जाराका घरमा आश्रय लिँदै आएका उनले घरको प्यासेजमा नाम्लोको पासो लगाई झुन्डिएर आत्महत्या गरेका हुन्।


## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

**उपचारमा नयाँ आविस्कार सम्वनधी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।**

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९,
९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**
(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक,
काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०



## नेपाल समाचारपत्र को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोनः ३७०७०५, फ्याक्सः ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोनः ३५३९४१, फ्याक्सः ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोनः ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोनः ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोनः ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोनः २८२४५१, २८०६७३, फ्याक्सः २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोनः २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोनः ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोनः ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोनः ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोनः ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोनः ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोनः ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मलः स्टेसनरी गठाघर, फोनः ६३०७५७ ● बेबिस आर्ट इटाछेँ : ६१२७२४

२०७५ भदौ
शनिबार
२३

रोल्पाको एक वडा कार्यालयले स्वास्थ्य संस्थाभन्दा बाहिर जन्मने बच्चाको जन्मदर्ता नगर्ने भएको छ। रोल्पा नगरपालिका-६ हवामाले स्वास्थ्य संस्थामा नगई घरमै प्रसूति हुनेहरुको संख्या बढ्दै जान थालेपछि यस्तो निर्णय गरेको हो।




# प्रेस स्वतन्त्रको पक्षमा कांग्रेस : देउवा

यमलाल भुसाल, बुटवल

नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले स्वतन्त्र पत्रकारिताको पक्षमा कांग्रेस रहेको बताउनुभयो।



उहाँले स्वतन्त्र पत्रकारिताकामाथि हस्तक्षेप हुन नदिनेसमेत बताउनुभयो। सभापति देउवाले पार्टीगत आस्थाभन्दा माथि उठेर पत्रकारिता गर्न सुझाव दिँदै कांग्रेस सधैं प्रेस स्वतन्त्रको पक्षमा उभिने स्पष्ट पार्नुभयो।

बुटवलको बुद्ध टेलिभिजनको एघारौं वार्षिक उत्सव समारोहलाई शनिबार सम्बोधन गर्दै पूर्वप्रधानमन्त्री देउवाले पाँच नम्बर प्रदेशमा रहेका सञ्चारमाध्यमले बुद्ध दर्शन र बुद्ध शिक्षालाई प्रचार गर्न सुझाव दिनुभयो। मुलुकमा शान्ति र स्थिरताका लागि बौद्ध दर्शनको प्रचारप्रसार आवश्यक आवश्यक रहेको बताउनुभयो।

रूपन्देहीका प्रमुख जिल्ला अधिकारीले कुनै दलका नेताको निर्देशनमा सञ्चारमाध्यममाथि हस्तक्षेप गरेको आफूले जानकारी पाएको उल्लेख गर्दै देउवाले त्यसमा आपत्ति जनाउनुभयो। 'हामी त्यस्ता सीडीओलाई कारबाही गरेरै छाड्छौं', देउवाले भन्नुभयो- 'यो कुरा म काठमाडौं गएर पनि उठाउँछु।'

कार्यक्रममा बोल्दै कांग्रेसका प्रमुख सचेतक बालकृष्ण खाँणले प्रदेश-५ को राजधानी बुटवलबाट अन्यत्र कसैले सार्न नसक्ने बताउनुभयो। प्रदेश-५ का मुख्यमन्त्री शंकर पोखरेल, नेकपाका नेता एवं संघीय संसद्का सभामुख कृष्णबहादुर महराले प्रदेशको राजधानी बुटवलबाट अन्त्यै साछौं भन्ने अभिव्यक्ति बेला-बेलामा दिइरहेको उल्लेख गर्दै त्यो प्रयास सफल नहुने स्पष्ट पार्नुभयो।

भैरहवामा निर्माणाधीन अन्तर्राष्ट्रिय विमानस्थल, बुद्ध जन्मस्थलको जिल्ला, प्रशस्त भौतिक पूर्वाधारका कारण प्रदेशको स्थायी राजधानीका लागि बुटवल नै उपयुक्त भएको खाँणले तर्क गर्नुभयो। सचेतक खाँणले वर्तमान सरकारबाट स्वतन्त्र प्रेसमाथि प्रहार भइरहेको बताउँदै सरकारको आलोचना र विरोधमा समाचार लेखेका भरमा अन्तर्वाता गरेका आधारमा पत्रकारहरूलाई जागिरबाट निकालिएकोमा आपत्ति जनाउनुभयो। स्वतन्त्र प्रेस लोकतन्त्रको मेरुदण्ड भएकाले कांग्रेसले प्रेस स्वतन्त्रता कुण्ठित गर्ने कुनै पनि काम र निर्णय हुन नदिने बताउनुभयो। कार्यक्रममा प्रतिनिधिसभा सदस्य भरतकुमार शाहले वर्तमान सरकारले हरेक क्षेत्रमा चर्को कर लगाएर नागरिकलाई मर्कामा पारेको बताउनुभयो।

सो अवसरमा नेकपा प्रदेश संसदीय बोर्डका सचिव भोजप्रसाद श्रेष्ठले बुटवललाई प्रदेश-५ को अस्थायी राजधानी तोकेकोमा देउवालाई धन्यवाद दिनुभयो। देउवा प्रधानमन्त्री रहेको यसअघिको सरकारले सातै प्रदेशको अस्थायी मुकाम तोक्ने निर्णय गरेको थियो। उहाँले प्रदेश-५ को स्थायी राजधानी बुटवलबाट अन्यत्र लैजान खोजिए विगतको जस्तै सशक्त आन्दोलन चर्किने चेतावनीसमेत दिनुभयो। प्रदेश-५ को सीमांकनमा पहाडका जिल्लालाई नराखिएपछि बुटवलमा आन्दोलन चर्केको थियो।

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य चन्द्र भण्डारीले वर्तमान सत्ता बाँदरको हातमा पुगेको आरोप लगाउनुभयो। उहाँले चुड्किला र उखानमा रमाएर विचार नपुर्‍याई भोट हाल्दा जनता अहिले करको मारमा परेको दाबी गर्नुभयो। टेलिभिजनका अध्यक्ष पृथबहादुर फौजदारको सभापतित्वमा भएको कार्यक्रममा कांग्रेस रूपन्देहीका सभापति अब्दुल रज्जाक, बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष खिमबहादुर हमाललगायतले आ-आफ्ना धारणा राख्नुभएको थियो। टेलिभिजनले बाँकेका अग्रज पत्रकार पन्नालाल गुप्ता, बुटवलका साहित्यकार जंगबहादुर शाह, गायिका मना छन्तेल र लन टेनिस प्रशिक्षक विकास खड्कालाई नगदसहित सम्मान गरेको उपसभापति ओम ज्ञवालीले बताउनुभयो।

# काठेपुल बगेपछि विद्यार्थीलाई समस्या

अर्जुन बोहरा, हुम्ला

खापुनार्थ गाउँपालिका-२ कारङ्गगाउँमा रहेको कारङ्गखोलामा काठेपुल नहुँदा ३ महिनादेखि विद्यार्थी विद्यालय जानबाट वञ्चित भएका छन्। गएको जेष्ठ २८ गते हुम्लाको खार्पुनाथ गाउँपालिका-२ वडाको कारङ्गखोलामा आएको बाढीले कारङ्गगाउँ र राया गाउँमा जोड्ने काठेपुल बगाएपछि अहिले विद्यालय जाने विद्यार्थीलाई समस्या बनाएको छ।

खार्पुनाथ गाउँपालिका-१ को कारङ्गखोलाको काठे पुल बगाउँदा असार महिनादेखि हुम्ला मावि रायमा अध्यायन गर्न जाने विद्यार्थी वञ्चित भएका छन्। असार महिनाको पहिलो हप्ताबाट शुरू भएको अविरल वर्षाले कारङ्गखोलामा पानीको बाहव बढेपछि गाउँलेले बनाएको काठपुल बग्यो।

५० हजारको लागतमा निर्माण गरिएको ३० मिटर लम्बाइको उक्त काठे पुल एक्कासी खोलामा बढेको पानीको बहाबले कारङ्गाउँमा बासोबास गर्नेलाई आवत-जावतमा समस्या भएको स्थानीयबासी विवेक शाहीले बताउनुभयो। हुम्ला मावि रायमा अध्यायन गर्ने कारङ्गगाउँबाट कक्षा ६ देखि १० सम्म १४ जान विद्यार्थी महिनां दिन विद्यालयमा जान नपाएको कक्षा १० मा अध्यायन गर्ने नवीना शाही बताइन्। खोलामा काठेपुल हुँदा बालबालिका आफैं विद्यालय जाने गरेको तर अहिले आएर पुल खोलाले बगाएपछि आफ्नी छोरीलाई हरेक दिन काठको डन्डीमा चढाएर तार्नुपरेको बाध्याता भएको विवक शाहीले बताए। अभिभावकले नभ्याएको बेला बालबालिका विद्यालय जान नपाएको कक्षा ८ मा अध्यान गर्ने सुनीता शाहीले बताउनुभयो।

खोलामा काठेपुल हुँदा घरबाट ३० मिनेटमो हुम्ला मावि रायामा स्कुलमा पुगिन्थ्यो तर अहिले ३ घन्टा लाग्छ, कहिले त स्कुल पुग्दा पढाइ शुरू विद्यालय जान्थे, खोलाले पुल बगाएपछि अहिले ३ घन्टा लाग्छ। छोराछोरी आफैं विद्यालय जान सक्दैन, हरेक दिन विद्यालयमा पुर्‍याउन जानुपर्छ।' -कारङ्गगाउँ निवासी जुनेली विकले भन्नुभयो।

उहाँका अनुसार लामो बाटो भएर जानुपर्ने त्यही पनि उर्लिंदो खोलाको भेल एउटा काठको भरमा पुल निर्माणका लागि ५० हजार रकम विनियोजन गरेको थियो। तर, पुलै नबनाई सीमित व्यक्तिले खाएको पुल जस्ताको तस्तै रहेको स्थानीयबासी विकले बताइन्। पक्की पुल निर्माणका लागि जिल्लाका सांसद छक्कबहादुर लामा, पूर्वखानेपानी तथा सरसफाइमन्त्री जीवनबहादुर शाही, सामाजिकमन्त्री दल रावल



भइसकेको हुन्छ। पुल नहुँदा निकै समस्या भएकोले असार महिनादेखि विद्यालयमा नगएको हुम्लामा माविमा अध्यान गर्ने कक्षा १० कै सुनीता शाहीले बताइन्।

'पहिले खोलामा काठेपुल हुँदा कारङ्गगाउँबाट हुम्ला मावि रायामा सहज हुन्थ्यो। छोराछोरी आफैं छोरा छोरी एक्लै विद्यालय पठाउँ भने केही होला कि भनेर डरले विद्यालय नपठाएको बताउनुभयो। अविरल वर्षात्मा कारङ्गखोलामा आएको भेलले काठको पुल बगाएपछि असारबाट विद्यार्थी विद्यालय जान नसकेको स्थानीय बताउँछन्। साविकको राया गाविसले काठको समक्ष समस्या राख्दा पनि सुनुवाइ नभएको स्थानीय बासिन्दा विवेक शाहीले बताए।

३ पटकसम्म जनश्रमदानबाट निर्माण गरिएको पुल खोलाले बगाएपछि बालबालिका विद्यालय जानबाट वञ्चिल भएको स्थानीय विष्णुबहादुर शाहीले बताए।

# बैतडीका ५० वडा सचिवविहीन

विनोदसिंह विष्ट, बैतडी

स्थानीय तहमा जनप्रतिनिधि आएको १ वर्ष पूरा भइसक्दासमेत जनताले सोचेअनुसारको सेवा-सुविधा पाउन सकेका छैनन्। स्थानीय तहमा कर्मचारी अभाव हुँदा दैनिक कामकाज प्रभावित भएर नागरिकले सेवा पाउन सास्ती खेप्नुपरेको छ। बैतडीका ८४ वडामध्ये ५० वडा सचिवविहीन रहेका छन्। वडामा सचिव नहुँदा निकै समस्या भएको जनाइएको छ। वडा कार्यालयहरू स्थापना भएको १ वर्ष बढी भइसके पनि वडाहरूमा सचिव नहुँदा कामकाज गर्न अप्ठेरो भएको स्थानीय तहहरूले जनाएका छन्।

१० वटा स्थानीय तहमध्ये शिवनाथ गाउँपालिकाका ६ वटै वडामा सचिव नभएका उपाध्यक्ष कुस्मा चन्दले जानकारी दिए। 'वडा कार्यालयमा सचिव नहुँदा वडाबाट दिने सेवाहरू प्रभावित भएका छन्', उनले भने- 'वडा कार्यालय प्राविधिक सहायकको भरमा सञ्चालनमा रहेका छन्।' पञ्चेश्वर गाउँपालिकाको ६ वडामध्ये ४ वटामा सचिव नभएको गाउँपालिका अध्यक्ष गोरखबहादुर चन्दले जानकारी दिए। यस्तै मेलौली नगरपालिकाका ९ वटा वडामध्ये ६ वटामा सचिव नभएका नगरपालिकाका उपप्रमुख राधा ओझाले बताइन्। 'वडामा सचिव नहुँदा नागरिकले चाहेअनुसारको सेवा पाएका छैनन्', उनले भनिन्- 'सचिव नहुँदा वडा कार्यालयले प्रदान गर्ने सेवाहरूमा जनताले सहज तरिकाले पाउन मुस्किल भएको छ।'

यसै गरी पुर्चौंडी नगरपालिकाका १० वडामध्ये ९ वडामा सचिव नभएका नगरपालिकाका प्रवक्ता गौतमप्रसाद भट्टले जानकारी दिए। उनले भने- 'वडा कार्यालयहरू प्राविधिक सहायकको भरमा सञ्चालनमा रहेका छन्।' यसै गरी पाटन नगरपालिकामा पनि १० वडामध्ये ५ वटामा सचिव नभएका नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रवीन अधिकारीले बताए।

दोगडाकेदार गाउँपालिका ८ वडामध्ये ३ वटा वडामा सचिव नभएका गाउँपालिकाका नायब सुब्बा शेरसिंह विष्टले जानकारी दिए। यस्तै डिलाशैनी गाउँपालिकामा ७ वडामध्ये ४ मा सचिव नभएका प्रमुख प्रशासकीय अधिकृत चन्द्रदेव जोशीले बताए।

सिगास गाउँपालिकामा ९ वडामध्ये ७ मा सचिव नभएका गाउँपालिकाका अध्यक्ष हरिसिंह धामीले जानकारी दिए। सुर्नया गाउँपालिका पनि ८ वडामध्ये ५ वटामा सचिव नभएका नायब सुब्बा धनबहादुर चन्दले बताए। वडा कार्यालयमा सचिव नहुँदा कामकाजमा समस्या भएको सम्बन्धित स्थानीय तहहरूले जनाएका छन्।

बैतडीका वडा कार्यालयहरूमा सचिव नहुँदा सेवाग्राहीलाई वडाबाट सेवा पाउन मुस्किल भएको छ। वडा कार्यालयमा सचिव नहुँदा वडा कार्यालयबाट सेवा पाउन मुस्किल भएको सिगास गाउँपालिका-५ ढुंगाडका भानसिंह धामीले बताए। उनले भने- 'वडामा सचिव नहुँदा समान्य सेवाका लागि गाउँपालिकाको केन्द्र धाउनुपर्ने बाध्यता रही आएको छ।' प्राविधिक सहायकहरूले नै वडा सचिवको काम गरिरहेका छन्। प्राविधिक सहायकले वडा सचिवको काम गर्नुपर्दा विकास निर्माणका कामहरूको स्टमेट गर्नमा समेत समस्या हुने गरेको स्थानीय तहहरूले जनाएका छन्।

कर्मचारी अभावमा यहाँका स्थानीय तहहरूमा कामकाजमा समस्या भएको र सरकारसँग कर्मचारी पठाउन पटक-पटक आग्रह गरेको भए पनि हालसम्म पनि पदपूर्ति हुन नसकेको जिल्ला समन्वय प्रमुख सिद्धराज भट्टले बताए।

# एउटाको जमिन अर्कैको नाममा दर्ता

नेपाल समाचारपत्र

बारा

आफ्नो नाममा धनीपुर्जा रहेको जमिन अर्कै व्यक्तिले दर्ता गरेको थाहा पाएपछि निजगढ नगरपालिका-९ का लालबहादुर श्रेष्ठ यति बेला चिन्तित बनेका छन्।

निजगढ नगरपालिका-८ 'ग' को खाली रहेको कित्ता नम्बर ९० को १ बिगाहा ९ कठ्ठा ८ धुरमध्ये श्रेष्ठको नाममा धनीपुर्जा रहेको ९ कठ्ठा ८ धुर जमिन काठमाडौं बस्दै आएका प्रेमबहादुर थापा मगरले दर्ता गरेर धनीपुर्जा बनाएपछि उनी चिन्तित बनेका हुन्। जिल्ला मालपोत कार्यालयका कर्मचारीको मिलेमतोमा थापामगरले दुषित दर्ता गराएको स्थानीयको भनाइ छ। 'पछिसम्म पनि कित्ता खाली नै थियो', स्थानीय गोपाल पहरीले भने- पछिल्लो समय निजगढमा जग्गाको मूल्य बढेपछि कर्मचारीको मिलेमतोमा भू-माफियाले दर्ता गरेका हुन्।' उनले दुषित दर्ता खारेजी हुनुपर्ने माग पनि गरेका छन्।

२०२२ सालमा नापी नक्सा हुँदाको बखतदेखि नै महल खाली रहेको उक्त कित्ताको अधिकांश जमिन बकैया नदी कटानले बगरमा परिणत गरेपछि श्रेष्ठले २०४२ सालदेखि बाँकी जमिन भोगचलन गर्दै आएका थिए। सोही आधारमा सुकुम्बासी समस्या समधान आयोग बाराले ०५५ सालमा उनलाई जग्गाधनी पुर्जासमेत प्रदान गरेको थियो। नदी कटानमा परेको जमिन भने अहिले पनि बगरका रूपमा छ। मालपोत कार्यालयले उपलब्ध गराएको धनीपुर्जामा उक्त जमिन २०५३ सालमा थापामगरको नाममा आएको देखिए पनि एक वर्षअघि मात्र उक्त जमिनको दुषित दर्ता गरिएको स्थानीय शिक्षक मानबहादुर श्रेष्ठले जानकारी दिए। 'सार्वजनिक र निजीसमेत रहेको जग्गामा रातारात अर्कैको नाममा धनीपुर्जा बनेको छ', श्रेष्ठले भने- 'दुषित दर्ता बदर गरी श्रेष्ठको निजीबाहेको जमिन सार्वजनिक कायम गरिनुपर्छ।' वर्षौंदेखि भोगचलनमा रहेको र महल खाली रहेको सार्वजनिक जग्गा व्यक्तिमा नाममा दर्ता भएको भेटिएपछि आक्रोशित स्थानीयले शुक्रबार निजगढ नगरपालिका कार्यालयमा पुगेर दर्ता बदर गराउन माग गरेका थिए। प्रमुख प्रशासकीय अधिकृत भरतचन्द्र अधिकारीले आवश्यक छानविन गरी कारबाही गर्ने प्रतिबद्धता जनाउनुभएको छ।

खरिद-बिक्रीको क्रममा काठमाडौंबाट ग्राहकहरू जग्गा निरीक्षण गर्न पुगेपछि उक्त जमिन अर्कैको नाममा दर्ता भएको खुलासा भएको थियो। भोग गर्दै आएकाले जमिन अर्कैको नाममा दर्ता भएपछि आफू पीडित बनेको बताउँदै जग्गाधनी श्रेष्ठले आफ्नो भोगबाहेकको जमिन सार्वजनिक कायम गरिनुपर्ने बताएका छन्।

# स्वास्थ्य संस्थाबाहिर बच्चा जन्माए जन्मदर्ता नहुने

महेश न्यौपाने, रोल्पा

रोल्पाको एक वडा कार्यालयले स्वास्थ्य संस्थाभन्दा बाहिर जन्मने बच्चाको जन्मदर्ता नगर्ने भएको छ। रोल्पा नगरपालिका-९ हवामाले स्वास्थ्य संस्थामा नगई घरमै प्रसूति हुनेहरूको संख्या बढ्दै जान थालेपछि यस्तो निर्णय गरेको हो।

वर्थिङ सेन्टरको सुविधासहित स्वास्थ्य संस्थामा प्रसूति सेवा उपलब्ध भए पनि केही आमाले स्वास्थ्य संस्था नपुगी घरमै बच्चा जन्माउने गरेका कारण त्यस्तो निर्णय गर्नुपरेको वडा कार्यालयले जनाएको छ। 'स्वास्थ्य संस्थामै प्रसूति गराउनुपर्छ भन्ने सबै आमामा प्रचारप्रसार होस् भनेर यस्तो निर्णय गरेका हौं।' -वडाध्यक्ष मिमबहादुर घर्तीले भने। जन्मदर्ता जस्तो जन्मसिद्ध अधिकारलाई सधैंका लागि रोक्ने कुरा आउँदैन, वडाबासीलाई स्वास्थ्य संस्थामै प्रसूति गराउनुपर्छ भन्ने छाप बसाल्न यस्तो कदम चालेका हौं।' -वडाध्यक्ष घर्तीले भने। विगतमा वडाभित्रका झन्डै ५० प्रतिशत बढी प्रसूति स्वास्थ्य संस्थाबाहिरै हुने गरेकोमा यस्तो निर्णयले स्वास्थ्य संस्थामा प्रसूति गराउनेको संख्या बढेको स्थानीय स्वास्थ्य संस्थाले जनाएको छ। 'वडा कार्यालयको निर्णयपछि गत चैत्रयता ४ जनाले मात्रै स्वास्थ्य संस्थाबाहिर बच्चा जन्माएका छन्।' -स्वास्थ्यकर्मी सीता विकले भनिन्। स्वास्थ्य संस्थाबाहिर जन्मिएका ती बालबालिकाको नाम वडा कार्यालयको भित्तामा टाँस गरिएको बताइएको छ। 'स्वास्थ्य संस्थाबाहिर प्रसूति भएको खबर पाउने वित्तिकै त्यसको जानकारी वडा कार्यालयलाई दिने संयन्त्र वनाएका छौं।' -विकले भनिन्।

जिल्लामा अझै पनि ठूलो संख्याका आमा स्वास्थ्य संस्थाबाहिर प्रसूति हुने गरेको तथ्यांकले देखाएको छ। सुरक्षित प्रसूतिका लागि भन्दै सरकारले जिल्लामा ६३ वटा वर्थिङ सेन्टर सञ्चालनमा ल्याएको छ। नागरिकको सुविधालाई मध्यनजर गर्दै सकेसम्म कम दूरी रहने गरी स्थापना भएका भनिएका ती वर्थिङ सेन्टरमा प्रसूति गराउने आमाको संख्या भने आधाभन्दा कम छ। अघिल्लो वर्ष गर्भवती भएकामध्ये ५० प्रतिशत आमाले मात्र वर्थिङ सेन्टरमा प्रसूति गराए। आर्थिक वर्ष ०६९/०७० मा करिब ३४ प्रतिशत आमा प्रसूति सेवा लिन स्वास्थ्य संस्थामा आएकोमा अघिल्लो आर्थिक वर्षसम्म यो संख्या बढेर ५० प्रतिशत बढी पुगेको भए पनि अझै आधा आमाले स्वास्थ्य संस्थाबाहिरै प्रसूति गराउने देखिएको छ। विगत ५ वर्षको तथ्यांक हेर्दा प्रसूति सेवा लिने आमाको संख्यामा वृद्धि भएको देखिए पनि यो मात्रा निकै सुस्त देखिन्छ। जिल्ला स्वास्थ्य कार्यालय रोल्पा भने स्वास्थ्य संस्थामा आई प्रसूति सेवा लिने आमाको संख्या बढिरहेको दाबी गर्छ। वर्थिङ सेन्टर समयमै नबन्नु, भौगोलिक विकटता रहनु र जनशक्ति व्यवस्थापन हुन नसक्दा धेरै आमालाई प्रसूतिका लागि स्वास्थ्य संस्थासम्म ल्याउन नसकेको जिल्ला स्वास्थ्य कार्यालय रोल्पाले बताउँदै आएको छ।

त्यसो त नियमित ४ पटक गर्भ जाँच गराउने गर्भवती महिलाको संख्या पनि जिल्लामा निकै कम देखिएको छ। ४ महिना, ६ महिना, ८ महिना र ९ महिनामा गर्भवती जाँच गराउनुपर्नेमा पहिलो गर्भ जाँच गराउनेको संख्या अत्यधिक देखिए पनि दोस्रो, तेस्रो र अन्तिम गर्भ जाँच गराउनेको मात्रा घट्ने गरेको जिल्ला स्वास्थ्य कार्यालय रोल्पाले जनाएको छ। अघिल्लो वर्ष ९० प्रतिशत गर्भवतीले पहिलो गर्भ जाँच गरे। नियमतिरूपमा अन्तिमसम्म गर्भ जाँच गर्ने गर्भवतीको संख्या भने ४० प्रतिशत मात्र रहेको जिल्ला स्वास्थ्य कार्यालय रोल्पाको तथ्यांकमा उल्लेख गरिएको छ।

ललितपुर उद्योग वाणिज्य संघको
३९ औं वार्षिक साधारण सभा सम्बन्धी अत्यन्त जरुरी सूचना

[illegible]

(मनोज बहादुर ग्याछ्यो)
महासचिव
ललितपुर उद्योग वाणिज्य संघ
फो.नं. ५५२१५४०, ५५३०६६३

# विश्व

**सजाय**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका पूर्वसल्लाहकार जर्ज पापाडोपलसलाई अदालतले झुट बोलेको अभियोगमा चौध दिन लामो कारावास सजाय सुनाएको छ ।



**मृत**
अमेरिकी र्‍याप गायक म्याक मिल्लर क्यालिफोर्नियाको लस एन्जेलसस्थित आफ्नै निवासमा मृत भेटिएका छन् ।



2018, SEP
Sunday
9

विश्व २ मिनेट

## इजिप्ट
### सामूहिक फैसला

कायरो, (एजेन्सी)

इजिप्टको एक अदालतले शनिबार प्रतिबन्धित पार्टी मुश्लिम ब्रदरहुडका समर्थनमा आयोजित विरोध प्रदर्शनमा उत्रेका मध्ये ७ सय जनाभन्दा बढी व्यक्ति विरुद्धको मुद्दाको फैसला सुनाएको छ। सन् २०१३ मा सो पार्टीका राष्ट्रपति मोहमद मोर्सीलाई सेनाले अपदस्थ गरेपछि तिनीहरूले इजिप्टका विभिन्न शहरमा विरोध प्रदर्शन गरेका थिए। उक्त अदालतले ७५ जनालाई मृत्युदण्ड र अन्य ४५ जनालाई आजीवन कारवास सुनाएको छ। सँजाय पाउनेमा इस्लामिक नेताहरूदेखि लिएर अन्य सर्वसाधारणहरूसमेत रहेका छन्। मानव अधिकारवादी समूह एम्नेस्टि इन्टरनेसनलले मुद्दा निष्पक्ष नभएको जनाएको छ।

## अफगानिस्तान
### रक्षामन्त्री भ्रमणमा

काबुल, (एजेन्सी)

अमेरिकी रक्षामन्त्री जिम म्याटिस अचानक युद्धग्रस्त अफगानिस्तानको भ्रमणका क्रममा शुक्रबार राजधानी काबुल पुगेका छन्। अफगानिस्तानका सशस्त्र लडाकू समूह तालिवानलाई वार्तामा ल्याउने प्रयास भइरहेको वर्तमान अवस्थामा म्याटिसले यसरी अफगानिस्तानको भ्रमण गर्नुलाई अर्थपूर्ण ढंगले हेरिएको छ। उनको अफगान राष्ट्रपति असरफ घानी तथा अफगानिस्तानमा तैनाथ अमेरिकी तथा नेटो सेनाका संयुक्त नयाँ अमेरिकी कमान्डर जनरल स्कट मिलरसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको छ। गत जुलाईमा कतारमा अमेरिकी अधिकारी र तालिबानका प्रतिनिधिहरूबीच भएको वार्ताबाट शान्ति सम्झौता हुने अपेक्षा बढेको छ।

## अमेरिका
### पूर्वसल्लाहकारलाई जेल

वासिंगटन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका पूर्वसल्लाहकार ३१ वर्षीय जर्ज पापाडोपलसलाई अमेरिकाको वासिंगटन डिसीस्थित अदालतले झूट बोलेको अभियोगमा १४ दिन लामो काराबास सँजाय सुनाएको छ। उक्त सँजायअनुसार पापाडोपलसले २ सय घण्टा सामुदायिक सेवा गर्नुपर्ने र आर्थिक जरिवानास्वरुप साढे नौ हजार डलर तिर्नुपर्ने बताइएको छ। शिकागोका बासिन्दा पापाडोपलसले सन् २०१६ को मार्चमा ट्रम्पको चुनावी अभियान टोलीमा स्वयंसेवक विदेश नीति सल्लाहकारका रूपमा काम गरेका थिए। मस्कोका आरोपित मध्यस्थकर्तासँगको भेटघाट सम्बन्धमा एफबीआईसंग झुट बोलेकोमा उनी दोषी ठहरिएका हुन्।

## इक्वेडर
### शक्तिशाली भूकम्प

क्वेटो, (एजेन्सी)

इक्वेडरमा ६ दशमलव २ रेक्टर स्केलको शक्तिशाली भूकम्प गएको अमेरिकी भौगर्भिक सर्वेक्षण संस्था (यूएसजीएस) ले जनाएको छ। शुक्रबार राति ९ बजेर १२ मिनेट जाँदा सो भूकम्प गएको यूएसजीएसले जनाएको छ। यस दक्षिण अमेरिकी देशको मध्यभाग नजिकैको क्षेत्रको ९३ दशमलव ५ किलोमिटर गहिराइमा सो भूकम्पको केन्द्रविन्दु रहेको बताइएको छ। स्थानीय अधिकारीहरूले भने यो भूकम्प ६ दशमलव ५ रेक्टर स्केलको भएको दावी गरेको छ। इक्वेडरमा सन् २०१६ को अप्रिल गएको भूकम्पमा करिब ६ सय ७३ व्यक्तिको मृत्यु भएको थियो।

# फेसबुकले सिंगापुरमा डाटा सेन्टर बनाउने




सिंगापुरसिटी, (एजेन्सी)

विश्वमा निकै लोकप्रिय सामाजिक सञ्जाल फेसबुकले एसियामा पहिलोपटक सिंगापुरमा एक अर्ब अमेरिकी डलर लगानी गरी डाटा सेन्टर स्थापना गर्ने घोषणा गरेको छ। नवीकरणीय ऊर्जाको सहयोगमा सञ्चालन हुने यो सेन्टर आगामी सन् २०२२ सम्ममा प्रयोगमा आइसक्ने स्थानीय सञ्चार माध्यमले जनाएको छ। फेसबुकका उपाध्यक्ष थोमस फरलंगले यस सेन्टरमा फेसबुकको सर्भर रहनुका साथै सूचना प्रविधिका कार्यलाई एकीकृत गरिने जानकारी दिएका छन्।

करिब १ लाख ७० हजार वर्गफिटमा क्षेत्रफलमा फैलिने ११ तले यस अत्याधुनिक सेन्टरको तापमान भने सधैं २५ डिग्री सेल्सियसको हाराहारीमा रहने बुझिएको छ । फरलंगका अनुसार एसियामै पहिलोपटक फेसबुकले यो स्तरको पूर्वाधार निर्माण गरेको हो । विश्वभर छरिएर रहेका फेसबुकका डाटा सेन्टरमध्ये सिंगापुरमा स्थापना गर्न लागिएको पन्ध्रौं हो । यसै वर्षको जुनको अन्त्यसम्ममा विश्वभर मासिक २ अर्ब २३ करोड सक्रिय प्रयोगकर्ता रहेको फेसबुकले बलियो पूर्वाधारका कारण सिंगापुरमा डाटा सेन्टर स्थापना गर्न लागेको बताइएको छ। यसैबीच सामाजिक सञ्जाल फेसबुकमा गलत तथा अवैध सामग्रीहरू राखेको आरोपमा थाइल्यान्डको प्रहरीले शुक्रबार १२ जना व्यक्तिलाई पक्राउ गरेको छ। एकजना बेलायती पर्यटकलाई बलात्कार गरिएको सम्बन्धी गलत सामग्री फेसबुकमा राखेको आरोपमा गत साता तिनीहरूलाई पक्राउ गरिएको बताइएको छ।

ती बलात्कृत १९ वर्षीया बेलायती ती महिला अहिले स्वदेश फर्किसकेकी छिन्। बिदा मनाउन थाइल्यान्डको बैंकक आएका बेला उनलाई बलात्कार गरिएको बेलायती सञ्चार माध्यमहरूले जनाएका छन्। अहिले प्रहरी नियन्त्रणमा रहेका १२ जनालाई राजधानी बैंककसहित देशका अन्य विभिन्न ठाउँबाट पक्राउ गरिएको थियो।

तिनीहरूलाई थाइल्यान्डको कम्प्युटर अपराध ऐनअन्तर्गत कारबाही प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ। तर तिनीहरू सबैलाई अहिले जनही ६० हजार भाट धरौटीमा छाडिएको स्थानीय सञ्चार माध्यमले जनाएको छ। यदि अभियोग पुष्टि भएमा तिनीहरू सबैले जनही ५ वर्ष लामो काराबास सँजाय भोग्नुपर्नेछ।

# अलिबाबाका अध्यक्ष ज्याक माको राजीनामा




बेइजिङ, (एजेन्सी)

चीनका सबैभन्दा धनी व्यक्तिहरूमध्ये १ ज्याक माले सोमबार इ-कमर्समा साम्राज्य फैलाउँदै गरेको अलिबाबा कम्पनीको कार्यकारिणी अध्यक्ष पदबाट सोमबार राजीनामा दिन लागेको अमेरिकी अखबार न्युयोर्क टाइम्सले जनाएको छ। उक्त अखबारका अनुसार उनी अलिबाबाको बोर्ड अफ डाइरेक्टर्समा भने रहिरहने र उनले शिक्षामा समाजसेवा गर्ने विषयमा ध्यान केन्द्रित गर्नेछन्। मा सन् १९९९ मा स्थापित तथा अहिले विश्वकै सबैभन्दा ठूलो इन्टरनेट कम्पनीमध्ये एक बन्न सफल अलिबाबाका सहसंस्थापक हुन्।

अन्तर्राष्ट्रिय बजारको प्रचलित मूल्यअनुसार ४ सय अर्ब अमेरिकी डलरभन्दा पूँजी रहेको अलिबाबाले अनलाइनमार्फत् सामानहरू बिक्री गर्ने, चलचित्र बनाउने र क्लाउड कम्प्युटिङ गर्ने गर्दछ। पूर्व अंग्रेजी भाषा शिक्षक माले टाइम्सलाई अन्तर्वार्ता दिने क्रममा अवकाश भनेको युगको अन्त्य नभई युगको शुरूआत भएको तथा आफूलाई शिक्षा क्षेत्र निकै मनपर्ने गरेको बताएका थिए। सोमबार ५४ वर्ष उमेर पुग्न लागेका मासँग कुल ४ सय अर्ब डर बराबरको निजी सम्पत्ति छ।

सन् २०१७ को फोर्ब्स पत्रिकामा निकालिएको चिनियाँ धनीको सूचीमा उनी तेस्रो स्थानमा रहेका छन्। पूर्वी चिनियाँ प्रान्त झेझियाङको हाङझोउ शहरस्थित एउटा विश्वविद्यालयमा अंग्रेजी अध्यापन गरी उनले करियर शुरू गरेका थिए। उनले केही साथीसँग मिलेर हाङझोउस्थित आफ्नै घरबाट अलिबाबा शुरू गरेका थिए।

# विश्वभरि शारीरिक रूपमा निष्क्रियको संख्यामा वृद्धि



लन्डन, (एजेन्सी)



विश्वभरि मानिसहरूको शारीरिक निष्कृयताको स्तरलाई घटाउने कार्यमा निकै थोरै मात्र प्रगति हासिल भएको छ। विश्व स्वास्थ संगठन (डब्ल्युएचओ) कुल जनसंख्याको २५ प्रतिशतभन्दा बढी अर्थात् करिब १ अर्ब ४० लाख मानिसले आवश्यक मात्रामा शारीरिक व्यायाम गर्ने गरेका छैनन्। सन् २००१ यता यस तथ्यांकमा सुधार आएको छैन। शारीरिक निष्क्रियताकै कारण मुटुको रोग, टाइप- २ डायबिटिज र केही क्यान्सरजस्ता स्वास्थ समस्याहरूको खतरा बढाउँछ। संयुक्त अधिराज्यलगायत उच्च आयश्रोत भएका राष्ट्रहरूमा यो समस्या विद्यमान रहेको छ।

एसियाका २ वटा क्षेत्रबाहेक विश्वभरिनै महिलाहरू पुरुषको तुलनामा अझै बढी शारीरिक रूपमा निष्क्रिय रहने गरेको पाइएको छ। दि लान्सेट ग्लोबल हेल्थका लागि गरिएको अध्ययनमा डब्ल्युएचओका अनुसन्धानकर्ताहरूले १ सय ६८ वटा राष्ट्रका १९ लाख मानिसमाथि लिइएको ३ सय ५८ वटा सर्भेक्षणबाट प्राप्त स्वयम् उपलब्ध गराइएका तथ्यांकमाथि विश्लेषण गरेका थिए। तिनीहरूले उच्च आयआर्जन भएका राष्ट्रहरू जस्तै संयुक्त राज्य अमेरिका र बेलायतमा निष्क्रिय मानिसहरूको संख्या सन् २००१ मा ३२ प्रतिशत रहेकोमा सन् २०१६ मा ३७ प्रतिशत पुगेको छ। तर निम्न आय भएका मुलुकमा भने यो संख्या १६ प्रतिशतमै स्थिर रहेको छ।

१ साताामा १ सय ५० मिनेटभन्दा कम समय सामान्य व्यायाम गर्ने वा ७५ मिनेट कडा व्यायाम गर्नेहरूलाई शारीरिक रुपमा निष्क्रिय सूचीमा राखिएको छ। यस्तो समस्यामा वृद्धि हुँदै गएका मुलुकमा जर्मनी, न्युजिल्यान्ड र अमेरिका रहेका छन्। पूर्वी र दक्षिण पूर्वीएसियामा बाहेक अन्य सबै स्थानमा पुरुषभन्दा महिला शारीरिक रूपमा बढी निष्क्रिय रहेको पाइएको छ।

# रुसी शिखर वार्तामा चीन र उत्तर कोरिया



बेइजिङ, (एजेन्सी)

चिनियाँ राष्ट्रपति सी जिनपिङले आगामी साता रसियामा आयोजना हुन गइरहेको क्षेत्रीय शिखर सम्मेलनमा सहभागीता जनाउन लागेको चिनियाँ विदेश मन्त्रालयले शुक्रबार जनाएको छ। सो सम्मेलनमा जापान र दक्षिण कोरियाका प्रधानमन्त्रीहरू पनि सहभागी हुने चिनियाँ सरकारी समाचार निकाय सिन्हवाले जनाएको छ। उक्त सम्मेलनमा उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उनलाई पनि आमन्त्रण गरिएको बताइएको छ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले कोरियाली नेता किमलाई रुसको भ्लादिभोस्टकमा यही सेप्टेम्बर ११-१३ आयोजना हुन लागेको सो पूर्वी आर्थिक मञ्चमा भाग लिन आमन्त्रण गरेका हुन्। किमले भने आफूले यस बैठकमा भाग लिने नलिने भन्नेबारे अझैसम्म केही प्रतिक्रिया व्यक्त गरेको छैन। यदि उनले यसमा सहभागिता जनाएको खण्डमा अन्तर्राष्ट्रिय क्षेत्रमा प्योङयाङको उपस्थिति बलियो हुनेछ राजनीतिक विश्लेषकहरूको भनाइ रहेको छ।

चिनियाँ अधिकारीहरूले यस सम्मेलनमा भाग लिने सिलसिलामा राष्ट्रपति सी जिनपिङले अन्य मुलुकका नेताहरूसँग छुटाछुटै भेटवार्ता गर्ने वा नगर्ने स्पष्ट भई नसकेको बताएका छन्।

तर चिनियाँ विदेश सहायक मन्त्री झाङ हानहुइले यदि अन्य मुलुकबाट भेटघाटका लागि प्रस्ताव आएमा त्यसलाई सकारात्मक रुपमा लिइने बताएका छन्। यसैवर्ष मात्र उत्तर कोरियाली नेता किमसँग राष्ट्रपति सिले ३ पटक भेट गरेका छन्।

उत्तर र दक्षिण कोरिया बिच तथा उत्तरकोरियाली नेता किम र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबिच १२ जुलाईमा सेप्टेम्वरमा ऐतिहासिक भेटवार्ता हुनु अघि सी र किमबीच गोप्य भेटघाट भएको थियो।

यसैबिच राष्ट्रपति सीले चिनियाँ वरिष्ठ सांसद ली झान्सुलाई केही समयअघि उत्तर कोरियाको ७० औं वार्षिकोत्सवमा सहभागी हुन प्योङयाङ पठाएका छन्। सो वार्षिकोत्सवमा चिनियाँ राष्ट्रपति सी स्वयम्को सहभागीता हुने धेरैले अनुमान गरेका थिए।

यता उत्तर कोरियासंगको विशेष सम्बन्धका लागि 'रोलर-कोस्टर कूटनीति' अवलम्बन गरेका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार मात्र उत्तर कोरियाको आणविक निःशस्त्रीकरणसम्बन्धी वार्ता अझै जिवितै रहेकोसंकेत दिएका थिए।

# मुटुको आयु जाँच्न अनलाइन टेस्ट



लन्डन, (एजेन्सी)

पब्लिक हेल्थ इंगल्यान्डले ३० वर्ष उमेर नाघेका बेलायतीहरूलाई आफ्नो मुटुको आयु थाहा पाउन अनलाइन टेस्ट गराउन आह्वान गरेको छ। यस परीक्षणले तिनीहरूलाई हृदयघात वा मस्तिष्कघात हुने खतरा छ वा छैन भन्ने संकेत दिन्छ। स्वास्थ विशेषज्ञहरूले यदि मुटुको स्वास्थ्यलाई सुधार गरिएको खण्डमा ७५ वर्ष उमेरमुनिका मानिसहरूको हृदयाघात वा मस्तिष्कघातलाई करिब ८० प्रतिशतले रोक्न सकिने बताएका छन्।

तिनीहरूको अनुमानअनुसार अस्वस्थ जीवनशैलीका कारण ५ जनामध्ये ४ जना वयस्कको अकालमा मृत्यु हुने खतरा रहेको छ। मानिसहरूले धुमपान त्यागेर स्वास्थ आहार सेवन गर्नुका साथै प्रशस्त व्यायाम गर्नुपर्दछ।

यो परीक्षणले कसैलाई हृदयाघात हुन गइरहेको छ वा छैन ठोकुवा गरेरै भन्न सक्तैन तर यसले स्वास्थवर्द्धक परिवर्तनका लागि भने पक्कै घचघच्याउन सक्छ। यो परीक्षण गराएका ६९ वर्षीय डेविड ग्रिनले आफ्नो अनुभव बीबीसीलाई यसरी सुनाउँछन्, 'परीक्षणपछि मलाई मेरो मुटु मभन्दा १० वर्षले बुढो भएको बताइयो।'

तर जति दुःख लागे पनि आखिर मैले यसलाई सकारात्मक रूपमा लिएर परिस्थितिलाई उल्टाउन केही गर्ने सोचें। म आत्तिएँ , अब केवल एक दुई वर्ष बढी मात्र बाँच्छु होला भनी सोचें।

तिनीहरूले समयमै उपाय अपनाउन भने- 'मैले पेन्सनको मुख पनि नदेख्ने भनी तर्साए।' विशेष गरी मोटोपना, अस्वस्थ आहार, व्यायामको कमि र उच्च रक्तचापजस्ता कुराले मुटुमा समस्या आउन सक्ने हो। तर ती समस्यामूलक स्थितिलाई परिवर्तन गर्न सकिन्छ।

सरकारले राजनीतिक पूर्वाग्रह राखेर प्रकाण्डलाई झुटो मुद्दा लगाएर हिरासतमा राख्ने काम गरेको भन्दै ससम्मान रिहाइको माग गरेको हो।

हिरासतबाटै प्रकाण्डले भने-

# "राजनीतिक मुद्दालाई अपराधीकरण गरियो"

नरेन्द्र केसी, घोराही, दाङ

नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता खड्कबहादुर विश्वकर्मालाई दाङ हिरासतमा राखिएको छ। भोजपुर अदालतले रिहा गरेपछि उहाँलाई शुक्रबार दाङ ल्याइएको हो।

दाङको तुलसीपुरमा गत निर्वाचनको बेलामा म्यादी प्रहरी हत्याको अभियोगमा मुद्दा चलाउन उहाँलाई दाङ ल्याएको प्रहरी स्रोतले जनाएको छ। शुक्रबार साँझ साढे ५ बजे जिल्ला प्रहरी कार्यालय दाङ ल्याइएको र शनिबार अदालत विदा भएकाले आइतबार मात्रै अदालतमा पेश गरिने दाङका प्रहरी प्रमुख कृष्णहरि शर्माले जानकारी दिनुभयो।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई लक्षित गरी तुलसीपुरमा फालिएको बम बिस्फोटन हुँदा गतवर्ष एक जना म्यादीको ज्यान गएको सो पार्टीकै दस्ताबेजमा भेटिएपछि यसमा अनुसन्धान थालिएको प्रहरीको दाबी छ। बम बिस्फोटमा परी म्यादी प्रहरी २३ वर्षीय विनोद चौधरी (तुलसीपुर-१२, उरहरी) को मृत्यु भएको थियो।

विप्लव नेतृत्वको नेकपाले ६-८ साउनमा अर्घाखाँचीमा भूमिगत रूपमा सम्पन्न गरेको केन्द्रीय समिति बैठकको माइन्युट फेला परेपछि सुरक्षा क्षेत्र तरंगित बनेको छ। दस्तावेजमा सशस्त्र संघर्षको तयारी गरिरहेको सूचना पाएपछि थप सतर्कता अपनाउन थालिएको प्रहरीको दाबी छ।



यसैबीच प्रवक्ता प्रकाण्डले आफूमाथि घोर अन्याय भएको बताउनुभएको छ। मानव अधिकार सञ्जाल दाङले गरेको भेटघाटमा उहाँले राज्यले राजनीतिक विषयलाई अपराधीकरण गरेर आफूलाई अनावश्यक दुःख दिएको बताउनुभयो। राजनीतिक मुद्दालाई अपराधीकरण गरेर देशमा शान्ति स्थापना नहुने पनि उहाँले बताउनुभयो।

त्यस्तै मानवअधिकार सञ्जालले सबै खालका समस्याको समाधान वार्ताबाट नै हुने अपरिहार्य सत्यलाई दृष्टिगत गर्दै समस्याको समाधान वार्ताबाट गर्न सम्बन्धित पक्षलाई आग्रह गरेको छ। सञ्जालका संयोजक केशवकुमार शर्माको नेतृत्वमा गएको अधिकारकर्मीको टोलीले भेटपछि विज्ञप्ति जारी गरी प्रहरीले मानवअधिकारका दृष्टिले प्रकाण्डप्रति सन्तोषजनक व्यवहार गरेको पाइएको उल्लेख गरेको छ। विज्ञप्तिमा अदालतको आदेशपछि पनि उहाँको गिरफ्तारीको श्रृंखला नरोकिएको सन्दर्भमा नागरिकप्रति प्रत्याभूत गर्नुपर्ने न्यूनतम मानवअधिकारको सम्मान गर्न राज्यसँग हार्दिक अपिल गर्दछौं -भनिएको छ।

### नेकपाद्वारा तत्काल रिहाइको माग

यसैबीच नेपाल कम्युनिस्ट पार्टी दाङले पार्टीका प्रवक्ता खड्गबहादुर विश्वकर्मा प्रकाण्डको तत्काल रिहाइको माग गरेको छ। सरकारले राजनीतिक पूर्वाग्रह राखेर प्रकाण्डलाई झुटो मुद्दा लगाएर हिरासतमा राख्ने काम गरेको भन्दै ससम्मान रिहाइको माग गरेको हो। पार्टीका जिल्ला सेक्रेटरी विक्रमले शनिबार विज्ञप्ति जारी गरी प्रकाण्डको रिहाइका लागि आ-आफ्नो क्षेत्रबाट आवाज उठाइदिन नागरिक समाज, मानवअधिकारवादी, पत्रकार, बुद्धिजीवी, देशभक्त र लोकतान्त्रिक शक्तिलाई अपिल गर्नुभएको छ।

## न्याय परिषद्मा न्यायाधीशको लर्को

काठमाडौं, (नेस)

सम्पत्ति विवरण बुझाउनुपर्ने समय सकिनै लाग्दा न्याय परिषद्मा सो विवरण बुझाउन जाने न्यायाधीशहरूको लर्को लागेको छ। न्याय परिषद्का सदस्य सचिव नृपध्वज निरौलाले अहिले दैनिक पाँचदेखि सात जना न्यायाधीश सम्पत्ति विवरण बुझाउन आउने गरेको गरेको जानकारी दिनुभयो।

न्यायाधीशले प्रत्येक वर्ष सम्पत्ति विवरण अद्यावधिक गर्नुपर्ने हुन्छ। न्याय परिषद् ऐन २०७३ को धारा २९ मा न्यायाधीशले आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्ति विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र बुझाइसक्नुपर्नेछ।' परिषद्ले सम्पत्ति विवरण बुझाउन जानकारी गराउँदै गत साउन १ देखि भदौ २९ सम्म सो विवरण बुझाउन २०७५ असार २५ गते सूचना जारी गरेको थियो।

सदस्य सचिव निरौलाले अहिलेसम्म अधिकांश न्यायाधीशले विवरण बुझाइसकेको बताउँदै नेपाल समाचारसँग भन्नुभयो- 'पहिले २/२ वर्षमा बुझाउनपर्ने प्रावधान थियो अहिले प्रत्येक वर्ष बुझाउनुपर्ने भएकाले दुविधा भएको हुनसक्छ।'

हाल सर्वोच्च अदालतमा १९, न्याय परिषद्मा २, उच्च अदालतमा १ सय ४७ र जिल्लामा २ सय ३४ न्यायाधीश कार्यरत छन्। न्याय परिषद् सचिवालयका अनुसार अहिलेसम्म ३ सय बढी न्यायाधीशले सो विवरण वुझाइसकेका छन्।

न्याय परिषद् सचिवालयमा न्यायाधीशहरूले आफ्नो व्यक्तिगत विवरण, पारिवारिक विवरण, शैक्षिक योग्यता, अनुभवलगायतका विवरणहरू पेश गर्नुपर्ने हुन्छ। परिषद्ले गतवर्ष तोकिएको समयमा सम्पत्ति विवरण नबुझाउने २५ जना न्यायाधीशलाई ५ हजार रुपियाँका दरले १ लाख २५ हजार रुपियाँ जरिवाना तिराएको थियो।

## दुई स्रष्टा सम्मानित

काठमाडौं, (नेस)

बासुदेव लुइँटेल पुरस्कार २०७४ भैरव पुरस्कार गुठीलाई समर्पण समारोहमा गुठीका अध्यक्ष रोचक घिमिरे र जनमत प्रकाशनका प्रधान सम्पादक तथा नेपाल समाचारपत्रका साहित्य पृष्ठ संयोजक वरिष्ठ साहित्यकार मोहन दुवाललाई सम्मान गरियो।

पूर्वमन्त्री तथा साहित्यकार डा. मोदनाथ प्रश्रितले सम्मान कार्यक्रममा सम्मानित तथा पुरस्कृत घिमिरेलाई १ लाख नगदसहित कदरपत्र र दोसल्ला ओढाएर सम्मान गर्नुभएको थियो। त्यसै गरी अर्का सम्मानित व्यक्तित्व मोहन दुवाललाई १० हजार नगदसहित कदरपत्र, दोसल्ला, फूलमालाले सम्मान गर्नुभएको थियो।

कार्यक्रममा बोल्दै प्रश्रितले आफूले पाएको सम्मान रोचक घिमिरेले भैरव पुरस्कार गुठीलाई प्रदान गरेर अत्यन्तै सन्हानीय कार्य गर्नुभयो भन्दै प्रशंसा गर्नुका साथै राम्रो कामको थालनी भयो भन्नुभयो। उहाँले साहित्यिक क्षेत्रका प्रखर व्यक्तित्व बासुदेवको सम्झनामा स्थापना गरेको पुरस्कार र सम्मानले साहित्य क्षेत्रका मुर्धन्य व्यक्तित्वहरूलाई प्रदान गर्न पाउँदा आफूलाई अत्यन्तै हर्ष लागेको बताउनुभयो। प्रश्रितले डा. सुष्मा आचार्यद्वारा अनुवादित दुईवटा पुस्तकको पनि विमोचन गर्नुभएको थियो।

हास्यव्यंग्य विधामा २०५० सालदेखि प्रदान गर्दै आएको यो पुरस्कार हास्य कलाकारहरू १९ जनाले प्राप्त गरिसकेका र अब साहित्य क्षेत्रमा योगदान पुऱ्याउने मुर्धन्य व्यक्तिहरूलाई प्रदान गरिएको बासुदेव विद्यादेव लुईंटेल गुठीका अध्यक्ष डा. सुष्मा आचार्यले बताउनुभयो। उहाँले कार्यक्रमको अवसर पारी भानुभक्त आचार्यदेखिको कवितालाई अंग्रेजीमा अनुवाद गरिएको कविता संग्रह र जापानी भाषाबाट नेपाली भाषामा अनुवाद गरिएको बालकथाको पुस्तक पनि आफैले अनुवाद गरेको जानकारी गराउनुभयो।

## इनपा जिल्लाकै पहिलो शतप्रतिशत विद्यार्थी भर्ना

इलाम, (नेस)

जिल्लाको पुरानो नगरपालिका इलाम नगरपालिका जिल्लाकै पहिलो शतप्रतिशत विद्यालय भर्ना नगरपालिका घोषणा भएको छ। इलाम नगरपालिका नगरकार्यपालिकाले शनिबार सदरमुकाममा इलाम नगरपालिका जिल्लाकै पहिलो शतप्रतिशत विद्यार्थी भर्ना घोषणा गरेको हो।

नगरपालिकाको वडा नम्बर १ देखि १२ नम्बर वडाकै विद्यालयमा सबै बालबालिका विद्यालय भर्ना भएकाले घोषणा गरिएको नगरप्रमुख महेश बस्नेतले बताए। 'नगरको सबै क्षेत्रमा दलित, विपन्न रहेको अन्य टोलमा स्थलगत अनुगमन गर्दा कुनै पनि वडाको टोल-टोलमा विद्यालय भर्ना हुनबाट विद्यार्थी वञ्चित नरहेको पाइयो', बस्नेतले भने- '५ देखि १२ वर्ष उमेर समूहका बालबालिका सबै विद्यालयमा भर्ना भइसकेकाले इलाम नगरपालिका शतप्रतिशत विद्यार्थी भर्ना घोषणा गरेका हौं।'

बालबालिका विद्यालय भर्ना भएको १२ वटै वडाका वडाध्यक्षले गरेको सिफारिसका आधारमा घोषणा गरिएको हो। इलाम नगरपालिकामा जम्मा सामुदायिक विद्यालय संख्या ५४ वटा छन्। त्यसमा आधारभूत कक्षा (१-५) ३१ वटा, आधारभूत कक्षा (६-८) १० वटा र माध्यमिक तह कक्षा (९-१०) १३ वटा छन्। यी तीनै तहमा जम्मा ५ हजार ३१ जना विद्यार्थी संख्या छन्। जसमा छात्र २ हजार ४ सय २३ र छात्रा २ हजार ६ सय ८ जना रहेका छन्। इलाम नगरको जम्मा विद्यार्थी संख्यामध्ये दलित विद्यार्थीको संख्या ५ सय ११ जना र गैर दलित विद्यार्थीको संख्या ४ हजार ५ सय २० जना रहेको शिक्षा विकास तथा समन्वय एकाइ इलामको तथ्यांकमा उल्लेख छ।

इलाम नगरपालिकालाई शतप्रतिशत विद्यालय भर्ना नगरपालिका घोषणा गरिरहँदा नगरमा विद्यार्थीको कक्षा छाड्ने दर र कक्षा दोहोऱ्याउनेको संख्या पनि उच्च छ। आधारभूत कक्षा (१-५) मा ५ दशमलव ६ प्रतिशत कक्षा छाड्ने दर छ भने ५ दशमलव २ प्रतिशत कक्षा दोहोऱ्याउने छ। यस्तै आधारभूत कक्षा (६-८) मा ७ दशमलव ३ प्रतिशत कक्षा छाड्ने विद्यार्थीको संख्या रहँदा ४ दशमलव ९ प्रतिशत कक्षा दोहोऱ्याउनेको संख्या छ। यस्तै माध्यमकि तह कक्षा (९-१०) मा ३ दशमलव २ प्रतिशत कक्षा छाड्ने दर छ भने १ दशमलव ३ प्रतिशत कक्षा दोहोऱ्याउनेको दर तथ्यांकले देखाएको छ। यसरी हेर्दा नगरमा कक्षा छाड्ने दोहोऱ्याउनेको संख्या बढिरहँदा विद्यार्थीलाई विद्यालयमा टिकाइराख्नका लागि चुनौती भने रहेको सरोकारवालाहरू बताउँछन्। विद्यार्थीलाई विद्यालयमा टिकाइराख्नका लागि अभिभावकलाई जनचेतनामूलक अभिमुखीकरण, अन्तरक्रियाजस्ता कार्यक्रम गरिन जरुरी रहेको प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमल्सिनाले बताए।

शिक्षा विकास तथा समन्वय इकाई प्रमुख होमनाथ भण्डारीले इलाम नगरको सम्पूर्ण वडामा स्थलगत अनुगमन गर्दा शतप्रतिशत बालबालिका विद्यालय भर्ना भएको र कुनै पनि बालबालिका विद्यालय बाहिर नरहेकाले अब उनीहरूमा पठन संस्कृतिको विकास र विद्यालयमा टिकाइराख्ने किसिमको शिक्षा दिनु जरुरी रहेको बताए।

## जन्तेढुंगाका सबै बालबालिका विद्यालयमा

खोटाङ, (नेस)

खोटाङस्थित जन्तेढुंगा गाउँपालिकामा रहेका विद्यालय उमेर समूहका सबै बालबालिका विद्यालय बाहिर नरहेको पाइएको छ। पालिकामा रहेका ५ देखि १२ वर्ष उमेरका बालबालिका विद्यालय बाहिर नरहेको सुनिश्चित भएपछि सो उमेरका बालबालिका विद्यालय बाहिर नरहेको गाउँपालिका घोषणा गरिएको छ।

गाउपालिकाका ६ वटै वडालाई विद्यालय उमेरका बालबालिका विद्यालय बाहिर नरहेको वडा घोषणा गरिसकेपछि गाउँपालिकालाई ५ देखि १२ वर्ष उमेरका बालबालिका विद्यालय बाहिर नरहेको गाउँपालिका घोषणा गरिएको हो। विद्यालय बाहिर रहेका ५ वर्षदेखि ७ वर्ष उमेरका ११ बालबालिकालाई पनि विद्यालयमा भर्ना गरेपछि गाउँपालिकालाई ५ देखि १२ वर्ष उमेरका बालबालिका विद्यालय बाहिर नरहेको पालिका घोषणा गरिएको स्रोतव्यक्ति नारायणप्रसाद पाण्डेले बताउनुभयो। जन्तेढुंगा गाउँपालिका-३ काहुलेमा ५ देखि १२ वर्ष उमेरका ७ जना र जन्तेढुंगा गाउँपालिका-४ डम्बर्खुशिवालयमा ४ जना बालबालिका विद्यालय बाहिर रहेको भेटिएको थियो।

## दाहाल-मोदीबीच दिल्लीमा भेट

नेपाल समाचारपत्र

काठमाडौं

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच भेटवार्ता भएको छ।

हालै नेपालमा सम्पन्न बिमस्टेक सम्मेलन र आगामी दिनमा हुन सक्ने क्षेत्रीय सहकार्यसँगै भारतीय सहयोगमा नेपालमा निर्माणाधीन परियोजनाका बारेमा उहाँहरूबीच छलफल भएको बताइएको छ। सीमा समस्या र भन्सारलाई व्यवस्थित गर्नेबारेमा प्रचण्ड-मोदीबीच छलफल भएको नेकपा निकट स्रोतले जनाएको छ। भारतीय सहयोगमा कास्कीमा निर्माण हुने पोलिटेक्निकल इन्स्टिच्युट स्थापना गर्ने बारेमा पनि छलफल भएको थियो।

प्रचण्डले शनिबार भारतीय पूर्वप्रधानमन्त्री डा. मनमोहन सिंह, भारतीय विदेशमन्त्री सुष्मा स्वराज, गृहमन्त्री राजनाथ सिंह, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभलसँग पनि छुटाछुट्टै भेटवार्ता गर्नुभएको थियो। उहाँहरूसँगको भेटवार्तामा दुवै मुलुकको सम्बन्धसँगै आफ्नो पार्टी नेतृत्वको सरकारले अघि सारेका आर्थिक एजेन्डा र द्विपक्षीय सहकार्यका बारेमा छलफल भएको बताइएको छ। पूर्वप्रधानमन्त्री सिंहले नेपाल अब आर्थिक विकासतर्फ लम्किएकामा खुसी व्यक्त गर्नुभएको थियो।



### इन्टरनेसनल...

आफूले विज्ञापन गरेका र उपभोक्तासँग प्रत्यक्ष जोडिएका कुनै पनि वस्तुको गुणस्तरमा पहिल्यै बुझ्ने गरेको र सो विषयमा आफू ढुक्क भएपछि मात्र विज्ञापन गर्नुभएको थियो। तर यो घटनाले भने महानायक हमालको सो प्रतिबद्धतामा समेत गम्भीर असर पुऱ्याएको छ। यसबारे हमालको प्रतिक्रिया लिन खोज्दा अमिद नाम गरेका उहाँका सहयोगी सम्पर्कमा आए पनि उहाँ उपलब्ध हुन सक्नुभएन। सहयोगी अमिदले उपलब्ध गराएको अर्को नंम्बरमा भने सम्पर्क हुन सकेन।

सन् २०१५ मा बलिउडको महानायक भनेर चिनिने अमिताभ बच्चन तथा दुई जना नायिका माधुरी दीक्षित र प्रीति जिन्टाविरुद्ध म्यागी चाउचाउको विज्ञापन खेलेको भन्दै मुद्दा दायर भएको थियो। 'टु मिनेट्स' नामक म्यागी ब्रान्डको गुणस्तरमा प्रश्न उठिरहेका बेला उनीहरूले त्यसको विज्ञापन गरेको भन्दै भारतको एक स्थानीय अदालतमा मुद्दा दायर भएको थियो। बलिउडकर्मीविरुद्ध मुद्दा परेको खाद्य सुरक्षा र गुणस्तरको विषयलाई पछि तीन जनाले माफीसमेत मागेका थिए भने विज्ञापनबाट पनि हात झिकेका थिए।

नेपाल गुणस्तर (प्रमाण) चिन्ह ऐन २०३७ को दफा ८ अनुसार इजाजतपत्र प्राप्त गरेका व्यक्ति वा संस्थाले निर्धारित गुणस्तर अनुकूल नरहेका पदार्थको सम्बन्धमा प्रमाण चिह्नको प्रयोग गर्न नहुने उल्लेख गरेको छ। ऐनको उक्त व्यवस्थाको बर्खिलाप काम गर्ने व्यक्तिलाई तीन हजार रुपियाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजायको व्यवस्था गरिएको छ।

यसै गरी प्रतिस्पर्धा बजार प्रवर्द्धन तथा बजार संरक्षण ऐनको दफा १० अनुसार कुनै पनि वस्तु तथा सेवाको उत्पादन वा वितरण गर्ने व्यक्ति वा प्रतिष्ठानले भ्रमपूर्ण विज्ञापन गर्न गराउन हुँदैन भनी उल्लेख गरेको छ। उक्त ऐनबमोजिम वस्तु वा सेवाको वास्तविक गुण, परिमाण वा मूल्यभन्दा फरक हुने गरी भ्रमपूर्ण वा झूटा विवरण दिई विज्ञापन गरेमा, वस्तु वा सेवाको वारेन्टी, फाइदा, गुण वा आयुसम्बन्धी झुटा विज्ञापन गरी बजार प्रवर्द्धन गर्न नहुने जनाइएको छ। यदि कसैले यस्तो विपरीत काम कारबाही गरे गराएमा त्यस्तो काम कारबाही गर्ने गराउने व्यक्ति वा प्रतिष्ठानलाई २५ हजार रुपियाँसम्म जरिवाना गरिने व्यवस्था छ।

### नियमनकारी...

परिषद्का अनुसार एनजीओ आईएनजीओका नाममा वर्षेनी ४६ अर्ब रुपियाँ बजेट खर्च गरिए पनि उक्त लगानी बालुवामा पानीजस्तै भएको सरोकारवालाको आरोप छ। नियमित रूपमा ती संस्थाको मूल्यांकन नहुँदा सुशासन प्रवर्द्धनमा चुनौती देखिएको उनीहरूको विश्लेषण छ। यी संस्थाको दर्ता संख्या उल्लेखनीय भए पनि गुणात्मक परिणाम नदेखिएको बताउँदै कास्कीका सर्वसाधारण निर्देश पोखेलले भन्नुभयो- 'अधिकांश एनजीओ आईएनजीओ कागज मिलाउन सिपालु छन्, काममा भने इमानदार छैनन्। यिनीहरूलाई नियमनमा ल्याउनैपर्छ। नत्र बजेट मात्रै स्वाहा हुन्छ।'

### ६ को...

हेलिकोप्टरमा जापानी नागरिक हिरोमी कोमात्सु, रामेछापका ४० वर्षीय दिल्लीबहादुर गुरुङ, दोलखाका ३७ वर्षीया हीरा शेर्पा, गोरखाको चुमनुब्री गाउँपालिका-२ का ल्होआनी डोल्पा डिकी, चुमनुब्री गाउँपालिका-१ सम्दोका छोवाङ नुर्वु र सिन्धुपाल्चोकका २२ वर्षीय सुनील तामाङ सवार रहेको प्रहरीले जनाएको छ। मृतकहरूको सनाखत भने हुने सकेको छैन।

घटनाको विषयमा अझै यकिन विवरण आइनसकेको जिल्ला प्रहरी कार्यालय नुवाकोटले बताएको छ। जिल्ला प्रहरी कार्यालय नुवाकोटबाट प्रहरी नायब उपरीक्षक भीमलाल भट्टराईको नेतृत्वमा गएको टोली घटनास्थल पुगिसके पनि मौसम र भू-बनोटका कारण खोजी र उद्धारमा समस्या भइरहेको प्रहरी उपरीक्षक कुँवरले बताउनुभयो। उहाँका अनुसार ९ एनएएलएच कलसाइनको सो हेलिकोप्टर क्याप्टेन निश्चल केसीले उडाएका थिए। काठमाडौंबाट उद्धारका लागि पुगेको नेपाली सेनाको एक र निजी वायु सेवा प्रदायक कम्पनीको चार हेलिकोप्टर दुर्घटनास्थलमा घना जंगल र प्रतिकूल मौसमका कारण अवतरण गर्न नसक्दा काठमाडौं नै फर्किएको थियो। हेलिकोप्टर ल्यान्ड गर्न नसकेकै कारण गम्भीर घाइतेलाई उपचारका लागि काठमाडौं लैजानसमेत केही समय कठिनाइ भएको प्रहरी नायब उपरीक्षक भीमलाल भट्टराईले बताउनुभयो।

## १० वर्षमा ४० किलोमिटर ट्र्याक मात्रै खुल्यो

किरन धामी, दार्चुला

ब्याँसबासीको गाडी चढ्ने सपना सपनामै सीमित हुन पुगेको छ। नेपालबाट बाटो नहुँदा भारतीयबाट प्रयोग गर्दै आएका ब्याँसबासी दार्चुला-तिंकर सडक बन्ने कुरा आएपछि अब आफ्नै भूमिबाट घर जान पाइन्छ भनेर निकै खुसी भएका थिए। तर बिडम्बना सडक निर्माण शुरू भएको झन्डै सात वर्ष बितिसक्दासमेत उनीहरूको गाडी चढ्ने सपना पूरा हुन सकेको छैन।

कुल १ सय ४० किलोमिटरको लम्बाइ रहेको दार्चुला-तिंकर सडकको अहिले सम्म ४० किलोमिटर मात्रै ट्याक खुलाइएको छ। सो सडकखण्डअन्तर्गत राताकाठा भन्ने भिरको ब्याक कटिङ नहुँदा सहजरूपमा गाडी चल्न सकेका छैनन्। यो सडक निर्माण कार्य आर्थिक वर्ष २०६५/६६ देखि शुरू भएको हो। आर्थिक वर्ष २०७५/७६ सम्ममा १ सय ४० किलोमिटर सडक निर्माण सम्पन्न गरिसक्ने आयोजनाको लक्ष्यले लक्ष्य राखेको थियो। तर निर्धारित समय सकिन १० महिना मात्रै बाँकी रहँदा ४० किलोमिटर मात्र ट्र्याक खुलेको छ।

सडक बनेपछि तिंकर भन्सार नाका खुल्ने, चीनबाट सहजै आवश्यक वस्तु आयात गर्न सकिने, कैलाश मानसरोवर दुई दिनमै पुगिने र समग्र दार्चुला जिल्लाले काँचुली फेर्ने यहाँका स्थानीयको सपना थियो। तर सडक निर्माणको जिम्मा पाएको कार्यालय र निर्माण व्यवसायीको लापरबाहीका कारण सडकले गति लिन सकेको छैन।

वर्षौंदेखि भारतीय मार्ग हुँदै साविकको राप्ला, ब्यास, सुनसेरा, हुतीलगायतका नागरिकले अहिले पनि भारतीय मार्गकै प्रयोग गर्नु परिरहेको छ। भारतीय बाटो प्रयोग गर्दा महाकाली नदीको जोखिमपूर्ण तुइनको यात्रा गर्नुपर्ने स्थानीयले बताएका छन्। यात्राका क्रममा तुइनबाट खसेर हरेक वर्ष स्थानीयले अकालमै ज्यान गुमाउने गरेका छन्। दार्चुला-तिंकर सडक निर्माणमा भइरहेको ढिलाइकै कारण अहिले पनि आफूहरू कस्टकर यात्रा गर्नुपर्ने बाध्य भएको ब्याँस गाउँपालिकाका स्थानीय हरिदत्त भट्टको भनाइ छ। चीनको स्वशासित क्षेत्र तिब्बत दार्चुला-तिंकर सडक निर्माण पछि छोटो मार्गका रूपमा प्रयोग गर्न सकिन्छ।

सडक निर्माणका लागि विस्फोटक पदार्थ जिल्ला पुगेपछि भदौ ३ गतेबाट निर्माण कार्य शुरू भएको दार्चुला-तिंकर सडकको निर्माण कार्य सुस्ताएको छ। विष्फोटक पदार्थ अभावमा विगत तिन वर्षदेखि रोकिएको सडक भदौ ३ गतेदेखि निर्माण कार्य शुरू भएको भए पनि फेरि पुरानै अवस्थामा अर्थात सुस्त गतिमा फर्किएको हो।

सडक निर्माणका लागि आएको ९ हजार ३ सय किलोग्राममध्ये हालसम्म ४५ किलोग्राम मात्रै पड्काइएको दार्चुला-तिंकर सडक योजनाले जनाएको छ। ठेकेदारको लापरबाही तथा दार्चुला-तिंकर सडक योजनाको ढिलासुस्तीका कारण सडक निर्माण सुस्त गतिमा फर्किएको हो। विष्फोटक पड्काउन ड्रिल गरिरहेका कारण केही ढिलाइ भएको दार्चुला-तिंकर योजनाले जनाएको छ। अहिलेकै गतिमा विष्फोटक पदार्थ प्रयोग गरिए धेरै समय लाग्ने जनाइएको छ।

उक्त ४५ किलोग्राम विष्फोटक पदार्थ दुहुँ गाउँपालिका-१ पीपलचौरी विजयपुर भिरमा पड्काइएको तथा अझै ५ पटक जति त्यै भिरमा विष्फोट गराउनुपर्ने अवस्था रहेको योजनाले जनाएको छ। विष्फोटक पदार्थ अभावमा रोकिएको सडक निर्माणका लागि आवश्यक पर्ने विष्फोटक पदार्थ बझाङस्थित निर्माणाधीन कालंगा जलविद्युत् आयोजनाबाट गत असारमा ९ हजार ३ सय किलोग्राम विष्फोटक ल्याइएको थियो।

दार्चुला-तिंकर सडक योजनाअन्तर्गत काम गरिरहेका १० वटा निर्माण कम्पनीको म्याद थप गरिएको छ। म्याद थप गरिएका १० वटा निर्माण कम्पनीमध्ये ८ निर्माण कम्पनीको म्याद सकिएको योजनाले जनाएको छ।

# अर्थ

'वर्षा र यात्रुको ग्यारेन्टी नहुँदा पनि समस्या भएको हो।' तारा एयरले आगामी असोजदेखि र नेपाल एयरलाइन्सले केही दिनपछि मात्रै उडान भर्ने जानकारी आएको भए पनि निश्चित भने नभएको पौडेलले बताउनुभयो।







# डेढ महिनादेखि बलेवा विमानस्थल ठप्प



**नेपाल समाचारपत्र**
पर्वत

झण्डै साढे दुई दशकपछि सञ्चालनमा आएको बलेवा विमानस्थल फेरि पनि डेढ महिनादेखि ठप्प बनेको छ। गएको चैत ९ गतेदेखि नियमित सञ्चालनमा आएको विमानस्थल झण्डै पाँच महिना पनि नपुग्दै बन्द भएको हो। अहिले डेढ महिनाभन्दा बढी दिनदेखि कुनै पनि उडान हुन सकिरहेको छैन।

बलेवा विमानस्थलमा उडान भर्दै आएका दुईवटै विमान बिग्रिएपछि उडान अवरुद्ध भएको हो। नेपाल एयरलाइन्सको विमान मर्मतमा राखिएको र तारा एयरको विमान हुम्लामा दुर्घटनामा परेपछि विमान अभावका कारण उडान नभरेको विमानस्थलले जनाएको छ। तारा एयरले सूचना नै जारी गरी असार, साउन र भदौमा उडान नहुने जानकारी गराएको थियो। अन्तिमपटक गएको असार २८ मा नेपाल एयरलाइन्सले उडान भरेको थियो। नेपाल वायु सेवा निगम बलेवा विमानस्थलका स्टेसन म्यानेजर कमलप्रकाश पौडेलका अनुसार विमान बिग्रिएका कारण झण्डै डेढ महिनादेखि उडान हुन नसकेको हो। 'एकातिर यात्रुको अभाव हुने र अर्कोतर्फ विमान बिग्रिएर मर्मतका लागि राखिएकाले उडान हुन नसकेको हो।' पौडेलले भन्नुभयो।

अपुग यात्रुको हर्जना बागलुङ नगरपालिकाले व्यहोर्ने सहमति भएपछि गएको चैत ९ गतेदेखि विमानस्थल सुचारु भएको थियो। नगरपालिकाले अपुग यात्रुको हर्जना तिर्दै आएको भए पनि चालू आर्थिक वर्षदेखि विमान नै आउन छाडेपछि भुक्तानी गर्न समेत रोकेको छ। चैतदेखि हालसम्म दुवै कम्पनीले गरी २५ वटा उडान भरेका छन्। नेपाल एयरलाइन्सले १३ र तारा एयरले १२ वटा उडान भरेको म्यानेजर पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार नेपाल एयरलाइन्सको १३ वटा उडानमा अपुग भएका यात्रुहरूको हर्जाना ५ लाख १४ हजार ४ सय र तारा एयरको १२ वटा उडानमा अपुग यात्रुको ५ लाख ६५ हजार रुपियाँ नगरपालिकाले हर्जाना तिरेको छ।

बिमानस्थल पनि कालोपत्रे नभएको तथा मौसमको कारण देखाउँदै उडान गर्न नमान्ने गरेको पौडेलले बताउनुभयो। रनवे कालोपत्रे नभएकाले वर्षा रोकिएको दुई घण्टापछि मात्र उडान भर्न मिल्छ। उहाँले भन्नुभयो-'वर्षा र यात्रुको ग्यारेन्टी नहुँदा पनि समस्या भएको हो।' तारा एयरले आगामी असोजदेखि र नेपाल एयरलाइन्सले केही दिनपछि मात्रै उडान भर्ने जानकारी आएको भए पनि निश्चित भने नभएको पौडेलले बताउनुभयो।

आइतबार तारा एयर र बिहीबार नेपाल एयरलाइन्सले उडान भर्दै आएका थिए। विमानमा दुवैतर्फ गरेर २४ जना यात्रु हुनुपर्नेमा यात्रु नपुग भएमा त्यसको हर्जना बागलुङ नगरपालिकाले बुझाउनुपर्ने सम्झौता अनुसार एक जना यात्रुको भाडा ६ हजार ७ सय ९५ को दरले नपुग हर्जना गर्दै आएका थियो। २०१८ सालमा निर्माण भएको विमानस्थल पोखरा-बागलुङ राजमार्ग खुलेपछि २६ वर्षदेखि बन्द रहेको थियो। बलेवादेखि काठमाडौंसम्म ४५ मिनेटमा पुगिने हवाई शुल्क धेरै भएपछि यात्रुले भाडा समायोजन गर्न माग गरेका थिए।

# विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७५ भदौ २४, सेप्टेम्बर ९, २०१८

## खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | ११४।४८ | ११५।०८ |
| युरो १ को रू. | १३२।८८ | १३३।५८ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४८।७८ | १४९।५६ |
| स्विस फ्रन्क १ को रू. | ११८।५४ | ११९।१६ |
| अस्ट्रेलियन डलर १ को रू. | ८२।०० | ८२।४३ |
| क्यानाडियन डलर १ को रू. | ८७।१९ | ८७।६५ |
| सिङ्गापुर डलर १ को रू. | ८३।२१ | ८३।६५ |
| जापानी यन १० को रू. | १०।३३ | १०।३८ |
| चिनियाँ युआन १ को रू. | १६।७३ | १६।८२ |
| साउदी अरब रियाल १ को रू. | ३०।५२ | ३०।६८ |
| कतारी रियाल १ को रू. | ३१।४४ | ३१।६१ |
| थाई भाट १ को रू. | ३।४९ | ३।५१ |
| सं. अरब इमिरट दिराम १ को रू. | ३१।१७ | ३१।३३ |
| मलसियन रिङ्गिट १ को रू. | २७।६२ | २७।७६ |
| दक्षिण कारियन वन १०० को रू. | १०।२० | १०।२५ |

### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।६३ |
| डेनिस क्रानर १ का रू. | १७।८२ |
| हङकङ डलर १ का रू. | १४।५८ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# महिन्द्रा पिक-अप बजारमा




काठमाडौं, (नेस)

महिन्द्रा एन्ड महिन्द्राले नयाँ पुस्ताको महिन्द्रा पिक-अपको स्तरोन्नति गरिएको संस्करण बजारमा ल्याएको छ। यो स्कर्पियोका निर्माताको तर्फबाट विशिष्ट अफर रहेको कम्पनीको भनाइ छ।

छ गतिको प्रसारण, १०३ किलोवाटसहितको शक्तिशाली टर्बोडिजल शक्ति र २५ सय किलोको भार वहन क्षमतायुक्त महिन्द्रा पिकअपले प्रतिस्पर्धीहरूको ध्यान आकर्षित गर्ने कम्पनीको दाबी छ। महिन्द्राले वर्षौंदेखि स्कर्पियो ब्रान्डमार्फत डबल क्याब बजारको नेतृत्व गरिरहेको छ।

नयाँ स्कर्पियो पिक-अप महिन्द्राको यही बजारप्रतिको प्रतिबद्धताको प्रमाण हो। टर्बोडिजल इन्जिन ६ प्रकारका गतिदिने मानव चालित गियर बक्ससँग जोडिएको छ जसले गाडीको पछाडिका चक्कालाई समेत सञ्चालन गर्छ।

एस १० डबल क्याब समूहको नेतृत्वदायी वाहन हो। रिमोट सेन्ट्रल लकिङ, क्रुज कन्ट्रोल, नेभिगेसन, अटो क्लाइमेट कन्ट्रोल र मल्टिफक्संन स्टेरिङ ह्विलयसका केही अत्याधुनिक विशेषता हुन्।

# रिकन्डिसन व्यवसायी संघको साधारणसभा सम्पन्न



काठमाडौं, (नेस)

नेपाल अटोमोबाइल्स रिकन्डिसन व्यवसायी संघको १४औं वार्षिक साधारण सभा सम्पन्न भएको छ। साधारण सभाले आर्थिक वर्ष २०७४/७५ को वार्षिक प्रतिवेदन र आर्थिक प्रतिवेदन पारित गरेको छ।

सो अवसरमा ट्राफिक प्रहरी महाशाखाका चोरी नियन्त्रण शाखाका प्रमुख तथा प्रहरी निरीक्षक रुद्रबहादुर शाहीले मोटरसाइकल चोरी नियन्त्रणका लागि रिकन्डिसन व्यवसायीको पनि महत्वपूर्ण भूमिका हुने बताउँदै आगामी दिनमा संघ र ट्राफिक प्रहरीबीचमा सहकार्य गर्न सकिने बताउनुभयो। महानगरीय प्रहरी प्रभाग सोह्रखुट्टेका प्रमुख तथा प्रहरी नायब उपरीक्षक गौतमकुमार केसीले समाज वा राष्ट्र सञ्चालनका लागि समेत रिकन्डिसन व्यवसायीको भूमिका महत्वपूर्ण भएको बताउनुभयो। टीभीएस बाइकको आधिकारिक बिक्रेता जगदम्बा मोटर्सका उपाध्यक्ष तथा नाडा कार्यसमिति सदस्य दीपक अग्रवालले मोटरसाइकल आयातकर्तासँगै रिकन्डिसन व्यवसाय समेत विस्तार भइरहेको समयमा दुवै पक्ष मिलेर अगाडि बढ्नु पर्ने बताउनुभयो।

नेपाल रिकन्डिसन व्यवसायी संघका अध्यक्ष बीएन पाठकले संघले हासिल गरेका उपलब्धि र आगामी योजनाका वारेमा जानकारी गराउनुभयो। गत वर्ष मोटरसाइकल नामसारी लगायतका कार्यका लागि जाने व्यवसायीलाई यातायात कार्यालयमा परिचय पत्र प्रदान गर्ने, सेवाग्राहीलाई आवश्यक सल्लाह प्रदान गर्ने, ट्राफिक प्रहरीसँग अन्तरक्रिया गर्ने आदि कार्य संघले सम्पन्न गरेको जानारी गराउनुभयो।

# नवीकरणीय ऊर्जामा लगानी गर्न वित्तीय कम्पनी खोलिने



**नेपाल समाचारपत्र**
काठमाडौं

निजी क्षेत्रको अग्रसरतामा वित्तीय तथा लगानी कम्पनी खोल्नुपर्ने निष्कर्ष शनिबार आयोजित भेलाले निकालेको छ। नेपाल नवीकरणीय ऊर्जा परिसंघको काठमाडौंमा आयोजना भेलामा सहभागी विज्ञ, उद्यमी र व्यवसायीहरूले छलफल गर्दै सोको लागि आवश्यक अध्ययन तथा तयारी गर्ने निर्णय गरेको हो।

परिसंघका अध्यक्ष गुणराज ढकालको अध्यक्षतामा भएको भेला भएको थियो। नेपाल नवीकरणीय ऊर्जा परिसंघ पर्यावरण संरक्षण, लैंगिक समानता र समावेशिताको सिद्धान्तको आधारमा रही ग्रामीण तथा शहरी जनजीवनका लागि आवश्यक ऊर्जामा सबैको पहँच पुऱ्याउनका लागि नवीकरणीय ऊर्जाका स्रोत परिचालन गर्ने परिसंघको लक्ष्य छ।

नवीकरणीय ऊर्जाका प्रविधि अध्ययन गर्ने, अनुसन्धान गर्ने, विकास गर्ने, प्रवर्द्धन गर्ने, आवश्यकताअनुसार सो सम्बन्धमा विज्ञ, व्यवसायी, प्राविधिकबीच सल्लाह, परामर्श, संवाद र अन्तर्क्रियाको माध्यमबाट नवीकरणीय ऊर्जा प्रविधि प्रवर्द्धन र विकासका लागि सहजिकरण गर्ने उद्देश्यबाट स्थापित संस्था हो।

वैकल्पिक ऊर्जा प्रविधि प्रवर्द्धनका लागि आवश्यक प्रविधि, सामग्री र उपकरण आपूर्ति गर्ने, प्राविधिक सेवा दिने, जडान गर्ने, बिक्रीपछि मर्मत सम्भार गर्नेलगायतका व्यवसायमा संलग्न निजी क्षेत्रका कम्पनी वा फर्मको छाता संगठन, गैरसरकारी संस्था नेपाल बायोग्यास प्रवर्द्धन संघ, नेपाल ग्रामीण प्रविधि प्रवर्द्धन संघ, नेपाल लघु जलविद्युत् विकास संस्था, नेपाल सौर्य विद्युत् उत्पादक संघ, नेपाल सौर्य तापीय ऊर्जा संघ, नेपाल जल तथा ऊर्जा परार्मदाता संघ, बायोग्यास सेक्टर पार्टनरसिप नेपाल र स्रोत व्यवस्थापन तथा ग्रामीण सशक्तिकरण केन्द्र (रिमरेक) नवीकरणीय ऊर्जा परिसंघमा आबद्ध रहेका छन्।

# कुलेखानी-सिस्नेरी-फर्पिङ-काठमाडौं रुटमा जोर बिजोर प्रणाली

हेटौंडा, (नेस)

पछिल्लो समय अधिक प्रयोगमा आइरहेको हेटौंडा-कुलेखानी-फर्पिङ-काठमाडौं रुटमा चल्ने यात्रुबाहक सवारीसाधनमा जोर बिजोर प्रणाली लागू हुने भएको छ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरमा भएको बैठकले उक्त रुटमा चल्ने यात्रुबाहक सुमो तथा जीपको चाप सन्तुलनका लागि असोज १ गतेदेखि मंसिर मसान्तसम्म जोर बिजोर प्रणाली लागू गरी कुलेखानी-फाखेल-फर्पिङ-काठमाडौं र कुलेखानी-सिस्नेरी-फर्पिङ-काठमाडौं रुटमा सञ्चालन गर्न इजाजत (रुट परमिट) का लागि यातायात व्यवस्था विभागमा सिफारिस गरी पठाउने निर्णय गरेको हो।

सस्नेरीतर्फको सडक निर्माण कार्य सम्पन्न भइसकेपछि उक्त रुटबाट मात्र सवारी गुड्ने सम्भावना बढ्ने र फाखेलतर्फका सर्वसाधारणलाई समस्या हुने भएकाले फाखेलतर्फको रुटमा पनि समानरुपमा सवारी सञ्चालन गर्न यस किसिमको निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी अश्मान तामाङले बताउनु भएको छ। ३ नम्बर प्रदेशको स्थायी राजधानी हेटौंडालाई नै बनाउन सबैको सहमति हुन हेटौंडा-कुलेखानी-फर्पिङ-काठमाडौं सडक स्तरोन्नति तथा ट्राफिक जाम कम गर्न जरुरी भएको र त्यसका लागि जोर बिजोर प्रणाली उपयुक्त रहेको ३ नम्बर प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामीले बताउनु भएको छ।

सम्पूर्णको सेवासुविधालाई ध्यान दिनु अत्यावश्यक भएकाले जोर बिजोर प्रणाली लागु भएमा उपयुक्त हुने जिल्ला समन्वय समिति प्रमुख रघुनाथ खुलालले बताउनुभयो। मंसिर ५ गतेपश्चात दुवै रुट हुँदै सञ्चालन हुने सुमो/जीपमा जोर बिजोर प्रणालीलाई निरन्तरता दिने भएकोले हेटौंडा-कुलेखानी-फर्पिङ-काठमाडौं (फाखेल-सिस्नेरी) सडक पञ्जीकरण गर्नका लागि यातायात व्यवस्था विभागमा सिफारिस गरी पठाउने निर्णय गरिएको छ।

निर्णयहरू कार्यान्वयनपश्चात् हेटौंडा-कुलेखानी-फर्पिङ-काठमाडौं रुटमा ट्राफिक जाम कम हुने, दुवैतर्फमा स्थानीयलाई सवारी सुविधा प्राप्त हुने विश्वास राखिएको छ। जोर बिजोर प्रणालीका लागि यातायात व्यवसायीले पनि सहमति जनाएका छन्। सिस्नेरी तथा फाखेलबाट हेटौंडा बजारसम्म तरकारी ढुवानी गर्ने सवारीको विषयको विवाद भने टुंगिन सकेको छैन। उक्त स्थानबाट हेटौंडा बजारसम्म तरकारी ढुवानी गर्न निजी सवारीलाई बेलुका ८ बजेदेखि विहान ५ बजेसम्मको समय प्रदान गरिएको छ। स्थानीय कृषकको लागि उक्त समय पर्याप्त नभएको भन्दै इन्द्रसरोवर गाउँपालिका २ नम्बर वडा अध्यक्ष राजुमान महर्जनले असन्तुष्टि व्यक्त गर्नुभयो।

कृषकले उत्पादन गरेको तरकारी निर्धारित समयमा ल्याउँदा कृषकले उपयुक्त बजार मूल्य प्राप्त गर्न नसकेको महर्जनले बताउनुभयो। कृषकहरूले तरकारी ढुवानीका लागि बेलुका ६ बजेदेखि विहान ८ बजेसम्मको समय माग गरेका छन्। तर, हेटौंडा-कुलेखानी-फर्पिङ-काठमाडौं रुटमा ट्राफिक व्यवस्थापनलाई मध्यनजर गर्दै निर्धारित समय भन्दा अलिकति समय पनि अगाडि वा पछाडि गर्न नमिल्ने जिल्ला प्रहरी कार्यालय मकवानपुरले बताएको छ।

# काठमाडौं गेस्ट हाउस ग्रुप ५० वर्षमा

काठमाडौं, (नेस)

काठमाडौं गेस्ट हाउस ग्रुप ५० वर्षमा प्रवेश गरेको छ। उक्त ग्रुपले हाल नेपालभर ७ वटा होटल सञ्चालन गरिरहेको छ। सन् १९६८ मा कर्ण शाक्यले काठमाडौं गेस्ट हाउसबाट शुरू गरेको होटल व्यवसाय विस्तार हुँदै सुविधासम्पन्न होटलसम्म पुगेको छ।

केजीएच ग्रुपका ठमेलमा काठमाडौं गेस्ट हाउस, बूढानीलकण्ठमा पार्क भिलेज, नक्सालमा माया म्यानोर बुटिक, पोखरामा हिमालयन फ्रन्ट र वाटरफ्रन्ट रिसोर्ट, लुम्बिनीमा बुद्धमाया ग्रान्ड तथा चितवन राष्ट्रिय निकुञ्जमा मारुणी सेन्चुरी लज सञ्चालनमा छन्। केजीएच ग्रुपमा कर्ण शाक्यका छोरा सुनिल शाक्यले पार्क भिलेज होटलको व्यवस्थापन गर्दै आउनुभएको छ । शाक्य पाटा नेपाल च्याप्टरका अध्यक्षसमेत हुनुहुन्छ।

## पार्क भिलेज शिक्षण होटलमा विस्तार हुँदै

हस्पिटालिटी क्षेत्रको जनशक्ति उत्पादन गर्ने लक्ष्यका साथ पार्क भिलेज होटल शिक्षण होटलका रूपमा विस्तार हुँदै गएको छ। होटलका सञ्चालक सुनिल शाक्यले यो क्षेत्रमा देखिएको दक्ष र सीपमूलक जनशक्तिको अभाव परिपूर्ति गर्न शिक्षण होटलका रूपमा विकास गर्न लागिएको बताउनुभयो। नेपालमा पर्यटकको आगमन प्रत्येक वर्ष बढिरहेको र नेपालमा पर्यटन क्षेत्रको पर्याप्त सम्भावना देखेर नै ठूला अन्तर्राष्ट्रिय चेन होटल खुल्ने क्रम जारी छ। यस्ता होटलमा अहिले पनि आवश्यक जनशक्तिको अभाव देखिएको छ। अभाव महसुस भएर नै दक्ष जनशक्ति त्यही अभावपूर्ति गर्न विगत ७/८ महिनादेखि होटल एकेडेमी सञ्चालन गरेको केजीएच ग्रुपका चिफ अपरेटिङ अफिसर सञ्जीव थापाले बताउनुभयो। केजीएचले अधिकांशलाई त्यहीं रोजगारी दिने गरेको छ। एकेडेमीले अरू होटलमा जनशक्तिको मागलाई समेत सम्बोधन गर्दै आएको छ। प्रत्येक दिनजसो जनशक्तिमा माग गरेर एकेडेमीमा फोन आउने गरेको अफिसर थापाको भनाइ छ।

तीन महिने कोर्सको ५० हजार र ६ महिने कोर्सको ७५ हजार रुपियाँ शुल्क निर्धारण गरिएको छ भने प्रशिक्षार्थीलाई खानाको व्यवस्था भने होटलले नै गर्ने गरेको छ।

आर्थिक वर्ष २०७३/७४ मा कार्यालय व्यवस्थापनका लागि एक करोडभन्दा बढी रकम गाउँपालिकामा पठाएकोमा प्रत्येक वडामा एउटा-एउटा मात्र कम्प्युटर र फर्निचर खरिद गरी बाँकी रकम अनियमितता गरेकोले छानबिन गरिनुपर्ने केही पदाधिकारीको माग छ।

## बजेट खर्चमा अनियमितता

# खोजी हुन थालेपछि अध्यक्ष र उपाध्यक्षबीच बोलचाल बन्द

कृष्णउदास खनाल, वीरगन्ज

- अध्यक्षविरुद्ध उपाध्यक्षको आर्थिक अनियमितता गरेको आरोप।
- बजेटका विषयमा गाउँपालिका अध्यक्ष र उपाध्यक्षबीच बोलचाल बन्द भएपछि दैनिक काम कारबाही प्रभावित।
- पछिल्लो दुई आर्थिक वर्षमा भएको खर्च विवरणमा शंका।

पर्सामा आर्थिक लेनदेनका विषयमा जनप्रतिनिधिबीचमै असन्तुष्टि देखिएको छ। जिल्लाको पकाहामैनपुर गाउँपालिकामा व्यापक अनियमितता भएको भन्दै जनप्रतिनिधिहरू पत्रकार सम्मेलनमा उत्रिएपछि यस्तो विवाद सतहमा आएको हो।

गाउँपालिकाका उपाध्यक्ष कुमुमीदेवी, कार्यपालिका सदस्य विनोद सहनी, जाल महम्मद मियाँलगायत केही जनप्रतिनिधि र राजनीतिक अगुवाहरूले वीरगन्जमा पत्रकार सम्मेलनको आयोजना गरेर गाउँपालिकामा अनियमितता भएको भन्दै छानविन हुनुपर्ने माग गरेका छन्। जनप्रतिनिधिले आर्थिक वर्ष २०७३/७४ र २०७४/७५ मा सरकारबाट आएको अनुदान रकम नियम विपरीत खर्च गरेको उनीहरूको आरोप छ। कमिसनको भरमा विकासे योजनाहरू चलाई गाउँपालिकाको बजेटमा गाउँपालिका अध्यक्ष विजय चौरसिया र प्रमुख प्रशासकीय अधिकृत हीरा भुसालले व्यापक हिनामिना गरेको उनीहरूको दाबी छ। आर्थिक वर्ष २०७३/७४ मा गाउँपालिकामा आएको १ करोड ९ लाख रुपियाँ रकममध्ये कम्प्युटर र फर्निचर शीर्षक तथा सफ्टवेयर शीर्षकमा मात्रै ४९ लाख रुपियाँ खर्च गरेर बाँकी रकम हिनामिना गरेको आरोप उनीहरूले लगाएका छन्। आफूहरूले गाउँ प्रमुख चौरसिया र प्रमुख प्रशासकीय अधिकृत भुसालसँग गाउँपालिकाको हिसाबकिताब माग गर्दासमेत नदिएर आलटाल गर्दै आएको उनीहरूको भनाइ छ।

आर्थिक वर्ष २०७३/७४ मा कार्यालय व्यवस्थापनका लागि एक करोडभन्दा बढी रकम गाउँपालिकामा पठाइएकोमा प्रत्येक वडामा एउटा-एउटा मात्र कम्प्युटर र फर्निचर खरिद गरी बाँकी रकम अनियमितता गरेकाले छानबिन गरिनुपर्ने केही पदाधिकारीको माग छ। आर्थिक वर्ष ०७४/७५ मा बहुक्षेत्रीय पोषण कार्यक्रमअन्तर्गत १३ लाख रुपियाँ, कृषिमा ५२ लाख रुपियाँ, सडक निर्माणमा गोप्य टेन्डर गरी खर्च गरेको ४५ लाख रुपियाँ, वाईफाई जडानको नाममा छुट्याइएको ३५ लाखमध्ये २५ लाख मात्र निकासा गरी खर्च गरेको विषयमा छानबिन हुनुपर्ने उनीहरू बताउँदै आएका छन्।

त्यसैगरी शहीद शत्रुघ्न पटेलको नाममा चुनाव जिते पनि हालसम्म शालिक अनावरण नगरेकाले तुरुन्त अनावरण गरिनुपर्ने, गत वर्षको आयव्यय विवरण सार्वजनिक गरिनुपर्ने तथा चालू आर्थिक वर्ष २०७५/७६ को परिषद् खारेज गरी सार्वजनिकरूपमा पारदर्शी हुनेगरी नयाँ परिषद् गठन हुनुपर्ने माग उनीहरूले राखेका छन्।

तर, गाउँपालिकाका अध्यक्ष विजय चौरसियाले भने आफूले एक रुपियाँ पनि कमिसन नलिएको बताउँदै केही विरोधीहरूले आफ्नो राजनीतिक वर्चस्व जोगाउन विभिन्न आरोप लगाएको जिकिर गर्नुभयो। तर गाउँपालिकामा कार्यरत एक कर्मचारीले भने अध्यक्ष र उपाध्यक्षबीचमा बोलचाल नभएको लामो समय भइसकेको बताएका छन्। उनीहरूबीच बजेटकै विषयमा विवाद भएको पनि ती कर्मचारीको भनाइ छ।

# कृषकका लागि सरकारले नयाँ कार्यक्रम ल्याउँछ : *मन्त्री खनाल*

पुष्कर बुढाथोकी, भक्तपुर

कृषि तथा पशुपन्छी विकासमन्त्री चक्रपाणि खनालले कृषकका लागि सरकारले विभिन्न कार्यक्रम ल्याउने तयारी गरेको बताउनुभएको छ।

शनिबार भक्तपुरको सूर्यविनायकमा आरम्भ कृषि सहकारी संस्था लिमिटेडको आठौं साधारणसभामा बोल्दै मन्त्री खनालले उत्पादनमा वृद्धि गर्न अनुदान र सहुलियत ऋणमा वृद्धि गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो। कृषि र सहकारी मन्त्रालयबाट कृषक एवं कृषि सहकारीका लागि जाने अनुदानको पहुँचसमेत वृद्धि गर्नुपर्नेमा जोड दिँदै उहाँले कृषि उत्पादनमा लागेको संस्थाको पहिचान गर्दै अनुदान दिनेबारे मन्त्रालयले कार्य अगाडि बढाएको बताउनुभयो। अरू सहकारी फस्टाउँदै गए पनि कृषि सहकारी भने जोखिममै रहेको चर्चा गर्दै मन्त्री खनालले कृषकले गरेका उत्पादनले सहजरूपमा बजार नपाउने र उचित मूल्य नपाउँदा कृषक मारमा परेको धारणा राख्नुभयो।



महिलाको श्रमको मूल्य अझै नभएको भन्दै महिलाको श्रमबाटै देशको विकासमा टेवा पुगेको कुरालाई कसैले पनि बिर्सन नहुनेमा उहाँले जोड दिनुभयो। समग्र सहकारी र कृषिमा ६० लाख मानिस जोडिएको बताउँदै उहाँले महिलाहरूले सहकारीमार्फत श्रम, लगानी र आम्दानीमा वृद्धि गर्दा देशकै आर्थिक मेरुदण्ड सबल हुने भनाइ राख्नुभयो। महिलाको श्रमको मूल्य अझै नभएको भन्दै महिलाको श्रमबाटै देशको विकासमा टेवा पुगेको कुरालाई कसैले पनि बिर्सन नहुनेमा उहाँले जोड दिनुभयो।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका सञ्चालक सरिता भट्टराईले कृषि सहकारी छायामा पर्दै आएको सन्दर्भ कोट्याउँदै कृषि उत्पादनमा वृद्धि गर्न र कृषकलाई प्रोत्साहन गर्न सरकारले कृषि सहकारीको स्तर उठाउने कार्यक्रम ल्याउनुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा उत्कृष्ट व्यवसायी बलराम सिबन्जार, ज्येष्ठ नागरिक आरती थापा, असल बचतकर्ता बिकुलाल मानन्धर, उत्कृष्ट समूह डोलेश्वर सामाजिक परिवार र असल ऋणी कैले तामाङलाई सम्मान गरिएको थियो। संस्थाका अध्यक्ष महेश थापाले संस्थाको वित्तीय विवरण सार्वजनिक गर्दै उक्त संस्थाको शेयर ५३ लाख २५ हजार ८ रुपियाँ, निक्षेप संकलन ६५ लाख ८९ हजार ४८ रुपियाँ र ऋण प्रवाह ६६ लाख ४५ हजार २ सय ७१ रहेको बताउनुभयो।

हार्डवेयर पसल र सप्लायर्सहरूका लागि मात्र
रू. 3000 मा ३ वर्ष
मौकाको फाइदा उठाउनुहोला
नेपाल समाचारपत्र
माथि अंकित गरिएका लोगोयुक्त कम्पनीहरूबाट उत्पादित वस्तुको विक्रेताहरूका लागि मात्र यो योजना लागू हुनेछ।
ग्राहक बन्नका लागि नजिकको वितरण केन्द्रमा सम्पर्क गर्नुहोला।
यो योजना २०७५ असोज १५ गतेसम्मका लागि मात्र लागू हुनेछ।

| KALIMATI ROUTE | JHOCHEEN ROUTE | KAMAL POKHARI ROUTE | GAUSHALA ROUTE | BHAKTAPUR ROUTE | PATAN ROUTE | OFFICE |
|---|---|---|---|---|---|---|
| 98511 29457 | 98510 93762 | 9860 007 570 | 9843 337 052 | 9841 585 321 | 9840 098 208 | 98510 69830, 01-4261179 |

# बंगलादेशलाई हराएर नेपाल सेमिफाइनलमा

नेपाल समाचारपत्र

काठमाडौं



नेपाल र बंगलादेशबीचको खेल हुनुअगाडि बंगलादेशको स्थिति अत्यन्त राम्रो र नेपालको स्थिति दबाबयुक्त थियो। नेपालले बंगलादेशमाथि उसकै घरेलु मैदान र दर्शकमाझ २-० को सानदार जित हात पारेर दबाब समाप्त पाऱ्यो। यो जितले नेपाललाई ५ वर्षपछि साफ च्याम्पियनसिप फुटबलको सेमिफाइनलमा पुऱ्यायो भने लगातार दुई खेल जितेर अन्तिम चारमा पुग्नै लागेको बंगलादेश बाहिरिनुपऱ्यो।

शनिबार नै भएको समूह 'ए' को अर्को खेलमा पाकिस्तानले भुटानलाई ३-० ले हराएर अन्तिम चारको यात्रा सुरक्षित गरेको थियो। पाकिस्तानले फराकिलो जित हात पारेपछि नेपाललाई सो खेल जित्नैपर्ने भएको थियो। तीनै टोलीको ६/६ अंक भएकामा गोलभिन्नतामा नेपाल शीर्ष स्थानमा र पाकिस्तान दोस्रो स्थानमा रहे। दोस्रो खेलसम्म पहिलो स्थानमा रहेको बंगलादेश तेस्रो स्थानमा चिप्लिएको छ।

बंगबन्धु रंगशालाको मैदान नेपालका लागि यसपटक पनि फाप्न थालेको छ। त्यस्तै प्रशिक्षक बालगोपाल महर्जनका लागि पनि यो रंगशाला भाग्यशाली बनेको छ। तीन वर्षअघि नेपाललाई बंगबन्धु कप उपाधि दिलाउँदा महर्जन नै टोलीका प्रशिक्षक थिए। अहिले पनि नेपाली राष्ट्रिय टोली सम्हालेका महर्जन नेपाललाई पहिलोपटक साफ च्याम्पियनसिपमा उपाधि दिलाउन नजिक पुगेका छन्।

जित्नैपर्ने खेलमा जित दिलाउन विमल घर्तीमगरले पहिलो हाफमा र नवयुग श्रेष्ठले दोस्रो हाफमा गोल गरेका थिए। दर्शकको भरिभराउ भएको रंगशालामा नेपाली टोलीले जितेपछि मैदानमा खुसीले झुम्दै नेपाली दर्शकसामु खुसी साटेको थियो। उता आयोजक टोली र घरेलु दर्शक निरास भएका थिए।

नेपाल सन् २०१३ पछि सुजुकी कपको सेमिफाइनलमा पुगेको छ। यसअघि नेपाल सन् १९९९, २०११ का संस्करणमा पनि अन्तिम चारमा पुगेको थियो। पछिल्लोपटक अन्तिम चारमा पुग्दा सो संस्करण नेपालमै आयोजना भएको थियो। त्यतिबेला हजारौं घरेलु दर्शकसामु अफगानिस्तानसँग नेपाल हारेको थियो। यसपटक नेपालको अन्तिम चारमा को प्रतिद्वन्द्वी पर्ने आज टुंगो लाग्नेछ। समूह 'बी' को अन्तिम खेलमा भारत र माल्दिभ्स आज खेल्दै छन्। नेपाल अहिलेसम्म यस प्रतियोगिताको फाइनलमा पुग्न सकेको छैन।

नेपालले ३३औं मिनेटमा विमलको फ्रिकिक प्रहार गोलमा परिणत हुँदा महत्त्वपूर्ण अग्रता लिएको थियो। उनको यो प्रतियोगितामा व्यक्तिगत दोस्रो र करियरको आठौं गोल थियो। यसअघि पहिलो खेलमा पाकिस्तानविरुद्ध उनले गोल गरेका थिए। सुनील बललाई बाले फैजले फाउल हानेपछि नेपालले फ्रिकिक प्रहार पाएको हो। उनको ८०औं मिनेटमा भएको गोल भने अफसाइड घोषित भएको थियो।

यसको बाबजुद नेपालले अर्को गोल थप्यो। सुनीलको थ्रोइंगबाट पाएको पासलाई सदुपयोग गर्दै नवयुगले गोल गरेका थिए। उनको यो गोलसँगै बंगलादेशको खेलमा फर्कने आशा समाप्त हुन पुग्यो। कप्तान भरत खवासको स्थानमा ६७औं मिनेटमा नवयुग मैदान आएका थिए।




## धरहरा

### बधाइ ओली बन्धुलाई



बालुवाटार, काठमाडौंको मध्यभेग चिनाउने थलो। यही ठाउँमा प्रधानमन्त्री निवास रहेपछि त्यो कुनै ठाउँ हो कि प्रधानमन्त्री निवास छुट्याउनै गाह्रो। प्रधानमन्त्रीको यो सरकारी निवास प्रायः पार्टीको मुख्यालयझैं देखिन्छ भन्या, अनि कहिले चाहिँ विद्यार्थी संघ/संगठनको कार्यालय र कहिले चाहिँ पार्टीको पिकनिक स्पटझैं देखिन्छ।

हिजो शनिबार त्यहाँ ठूलै तामझामसहित वंशीय भोज आयोजना गरियो। ओली वंश अक्षय कोषले देशभरिका ओली बन्धुलाई भोज भतेरमा सहभागी हुन उर्दी जारी गरेपछि बालुवाटर ओलीमय बन्यो। सो वंशको वार्षिक साधारणसभा पनि त्यही भयो। सम्मान, पुरस्कार वितरण र नाचगान त्यहीं, चन्द्रमा दाहिने भएसी यस्तै हो, प्रधानमन्त्री निवासमा साधारणसभा।

पीएम ओली, पत्नी राधिका अनि ओलीका बालाई कोषले सम्मान गऱ्यो। सो सम्मान बालुवाटार जमघट गराउन ठूलो योगदान पुऱ्याएबापतको हो भन्ने धरहराले प्रष्ट बुझ्या छ। बालुवाटार भोजसँगै कोषका वर्तमान कार्यसमिति फेरि अर्को कार्यकालका लागि सर्वसम्मत् रुपमा दोहोरिने कन्फर्म।

अनि पीएम ओलीले पनि केही दिनमा भन्न बेर छैन- 'मैले देशैभरि छरिएर रहेका ओली बन्धुलाई एकै ठाउँ जमघट गराएँ, बालुवाटार जमघट अहिलेसम्मकै बृहत भयो, यो सरकारको सफलता हो।' जे होस् सरकारले 'समृद्ध नेपाल सुखी नेपाली' को नारा त्यतिकै अघि साऱ्या हैन। बालुवाटारमा चियाको चुस्कीसहित विभिन्न एंगलमा सेल्फी लिने भाग्यमानी ओली बन्धुहरुलाई बधाई।

# मिस्टर काठमाडौं बने बिसन

नेपाल समाचारपत्र

काठमाडौं





तेस्रो जिल्लाव्यापी मिस्टर काठमाडौं शारीरिक सुगठन, महिला फिटनेस तथा द्वितीय जुनियर मि काठमाडौं शारीरिक सुगठन प्रतियोगिता २०७५ मा बिसन गुरुङ मिस्टर काठमाडौं बनेका छन्। काठमाडौं जिल्ला बडिबिल्डिङ एन्ड फिटनेसद्वारा आयोजित शनिबार भएको अन्तिम चरणमा बिसनले बाजी मारेका हुन्। ७५ केजी तौल समूहमा विजेता बनेका उनले उपाधिसँगै नगद १ लाख, ब्यानेट र ट्रफी प्राप्त गरे। उनले आफ्नो तौलमा समेत पहिलो हुँदै १० हजार रुपियाँ हासिल गरेका थिए। उनले विभिन्न कम्पनीले प्रदान गरेको सप्लिमेन्ट र गिफ्टहरू प्राप्त गरे।

प्रतियोगितामा बेस्ट पोजरको उपाधि उदित श्रेष्ठले प्राप्त गरे। शंखमुल हेल्थ क्लब तथा फिटनस सेन्टरका उनले नगद १० हजारसहित ट्रफी, प्रमाणपत्र तथा सप्लिमेन्ट प्राप्त गरे।

यस्तै तेस्रो महिला फिजिक फिटनेसअन्तर्गत भएको प्रतियोगिताअन्तर्गत मसल्स वर्ल्ड फिटनसकी शोभा मानन्धर उत्कृष्ट भइन्। उनले स्वर्ण पदक पाइन्। यस्तै डिभाइन फिजिकलकी सुजिता मानन्धरले रजत र मसल एन्ड फिटनेसकी सनम मुलगुठीले कास्य पाइन्। शीर्ष तीन हुनेले क्रमशः ३०, १५ र ५ हजार प्राप्त गरे। यसका विजयीहरूले विभिन्न कम्पनीले प्रदान गरेको सप्लिमेन्ट र गिफ्टहरू प्राप्त गरे।

काठमाडौं जिल्ला बडिबिल्डिङ एन्ड फिटनेसको आयोजनामा भएको प्रतियोगिताको सिनियर पुरुषतर्फ ५५ केजी तौलमा मसल मेनिया फिटनेसका आवाज प्याकुरेल पहिलो भएका छन्। उनी ओभर अल राउण्डका लागि छनोट भएका छन्। दोस्रो स्थानमा पाराडाइज फिटनसका सुरज तण्डुकार तथा तेस्रो स्थानमा फ्लेक्स जिमका सुजन गुरुङ रहे।

यसै गरी ६० केजीमा टोटल फिजिकल फिटनेसका किशन दास दिवाकारले आफ्ना प्रतिद्वन्द्विलाई पछाडि पार्दै ओभरलमा प्रवेश गरे। दोस्रो स्थानमा न्यु फ्लेक्स एन्ड फिटनेसका सुरेश मुनिकार रहे। तेस्रो स्थानमा फिटनेस स्टुडियोका अशोककुमार घिमिरे रहे। ६५ केजी तौलमा डिभाइन फिजिकल फिटनसका प्रज्वलमान शाक्यले पहिलो स्थान प्राप्त गरे। दोस्रो स्थानमा सेप्स टु ढल्कोका विवेक विष्ट र तेस्रो स्थानमा फिटनेस फर्स्टका अमर गमाल रहे।

७० केजी तौलमा अक्सफोर्ड जिम एन्ड फिटनेसका समीर श्रेष्ठले बाजी मारे। उनी ओभरल राउन्डका लागि छनोट भए। दोस्रो स्थानमा मोसल्स एन्ड फिटनेसका अमितकुमार मण्डल र तेस्रो स्थानमा फिटनेस स्टुडियोका सुपेन डंगोल रहे।

७५ केजी तौलमा कान्तिपुर फिटनेसका विशन गुरुङले बाजी मारे। उनले सेप्स टुका उज्जल बज्राचार्यलाई पछाडि पारे। तेस्रो स्थानमा न्यु फ्लेक्सका रुजल शाही रहे। ७५ केजीमाथिको तौलमा न्यु फ्लेक्स एन्ड फिटनेसका नरेश मालाकारले अग्रस्थान प्राप्त गरे। जी फिटनेसका राजन बानियाँ दोस्रो र डिभाइन फिजिकलका मोहित कार्की तेस्रो भए।

राष्ट्रिय नाचघरमा भएको प्रतियोगिताको दोस्रो जुनियर मि. काठमाडौंतर्फ प्याराडाइजका किशोर कार्कीले बाजी मारे। उनले फिटनेस फर्स्टका मनिष बज्राचार्यलाई पछि पारेका हुन्। तेस्रो स्थानमा फिटनेस प्लसका राज खड्का रहे। उनीहरूले क्रमशः ३०, १५ र ५ हजारसहित मेडल ट्रफी र प्रमाणपत्रका साथै सप्लिमेन्ट प्राप्त गरे।

# खेलकुद ऐन मस्यौदामा छलफल

काठमाडौं, (नेस)

युवा तथा खेलकुद मन्त्रालयले तयार पारेको खेलकुद ऐन, २०७५ को मस्यौदामाथि शनिबार छलफल भएको छ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले त्रिपुरेश्वरस्थित अर्किड होटलमा आयोजना गरेको कार्यक्रममा खेलकुदमन्त्री जगतबहादुर सुनार, खेलकुद मन्त्रालयका सचिव मोहनप्रकाश सापकोटा, राखेपका सदस्य-सचिव केशवकुमार विष्ट, राखेपका पदाधिकारी, विभिन्न राष्ट्रिय खेल संघका प्रतिनिधि, नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघ, नेपाल खेलाडी तथा प्रशिक्षक संघ, राखेप कर्मचारी संघ, नेपाल ओलम्पियन संघलगायतका प्रतिनिधिले आ-आफ्नो धारणा राखेका थिए।

कार्यक्रममा सहभागीहरूले विद्यालय तहदेखि नै खेलकुदको आधार खडा गर्नुपर्ने, खेलाडी जीवनपछि खेलाडीको भविष्य सुनिश्चित गर्ने विषयमा ध्यान दिनुपर्ने, राखेपलाई स्वायत्त संस्थाका रूपमा स्थापित गर्नुपर्ने, एकै प्रकृतिका दुई खेल संघ दर्ता हुन नहुने, खेलकुदमा निजी क्षेत्रको लगानीमा कर छुट हुनुपर्ने, एक व्यक्ति एक पदाधिकारीको अवधारणा लागू गर्नुपर्ने, संविधानमा खेलकुद बालबालिकाको मौलिक हकका रूपमा स्थापित गरिएकाले उनीहरूलाई लक्षित गरी खेलकुदका कार्यक्रम र भौतिक पूर्वाधारको विकास गर्नुपर्ने, गल्ती गर्नेलाई दण्डको कडा व्यवस्था गर्नुपर्नेलगायतका धारणा राखेका थिए।

खेलकुदमन्त्री विश्वकर्माले नयाँ संघीय संरचनाअनुसार खेलकुदलाई पनि अगाडि बढाउनुपर्ने भएको हुँदा ऐन परिवर्तन गर्न लागिएकामा अन्यथा नठान्न आग्रह गर्दै खेलकुदलाई के गर्दा राम्रो हुन्छ त्यसैअनुसारको विचार खुलस्तरूपमा राख्नसमेत आग्रह गरे। मन्त्री विश्वकर्माले सरोकारवाला सबैको धारणा बुझेर उत्कृष्ट ऐन निर्माण गर्न छलफल महत्त्वपूर्ण सावित हुने बताउँदै छुटेका सुझावलाई लिखितरूपमा पनि पेश गर्न सकिने बताए।

सचिव सापकोटाले नयाँ ऐन ल्याएर राखेपमा मन्त्रालय हाबी हुन नखोजेको बताउँदै संघीय ढाँचाअनुसार जानै पर्ने आवश्यकताले गर्दा नयाँ ऐन आवश्यक भएको धारणा राखे। स दस्य-सचिव विष्टले सरोकारवालासँग मस्यौदामा छलफल गरी प्राप्त राय र सुझावलाई खेलकुद मन्त्रालयमा पेश गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताए।

# ताम्रकर फुटसल शुरु



काठमाडौं, (नेस)

शनिबारदेखि शुरु भएको तेस्रो ताम्रकार फुटसल प्रतियोगिताअन्तर्गत श्री बंगलामुखी फर्निचर्स र भैरवनाथ आइरन इन्डष्ट्रिजले दोहोरो जित निकालेका छन्। श्री बंगलामुखीले ओरियन इलेक्ट्रीकल्सलाई र पानाचे ब्युटी सेलुनलाई समान १-० ले हराएको हो। समूह ए मा टोली दुई खेलसँग शीर्ष स्थानमा रहेको छ। यस्तै समूह बी मा रहेको भैरवनाथले राइट एण्ड एसोसिएट्सलाई १-० ले हराउँदा अर्को खेलमा ललितपुर डिस्ट्रिक स्पोर्टस् डेभलोपमेन्ट कमिटीलाई २-० ले पराजित गऱ्यो। टोली शीर्ष स्थानमा छ। तेस्रो र चौथो चरणको खेल आगामी भाद्र ३० गते हुनेछ। त्यस्तै सेमिफाइनल र फाइनल खेल असोज २ गते हुने आयोजकले जनाएको छ।



चन्द्रागिरि नगरपालिकामा पर्यटन विकास गर्ने उद्देश्यले शनिबार साइकल ऱ्याली आयोजना गरिएको छ। चन्द्रागिरि पर्यटन विकास समितिको आयोजनामा भएको ऱ्यालीमा करिब ५ सय साइकलयात्री सहभागी भएको समितिका उपाध्यक्ष सुन्दर थापा क्षेत्रीले जानकारी दिए। उनले हरेक वर्ष साइकल ऱ्यालीलाई सञ्चालन गरिने बताए।

# डेल पोट्रो ९ वर्षपछि फाइनलमा

न्युयोर्क, (एजेन्सी)

अर्जेन्टिनाका हुआन मार्टिन डेल पोट्रो ९ वर्षपछि युएस ओपनको फाइनलमा पुगेका छन्। सेमिफाइनल खेलमा डिफेन्डिङ च्याम्पियन राफाल नाडाल रिटायर्ड भएपछि डेल पोट्रो सहजै फाइनलमा पुगेका हुन्। उनले लगातार दुई सेट ७-६, ६-२ ले जित्दै अग्रता लिएका थिए।

स्पेनी खेलाडी नाडालले घुँडाको समस्याले गर्दा खेल परित्याग गर्नुपरेको बताएका थिए। उनले खेल दौरान दुईपटक उपचार लिनुपरेको थियो। नाडालले बताए- 'खेल्न मलाई गाह्रो भएको थियो। घुँडा धेरै नै दुख्न थालेपछि खेल्न छाडें। मलाई रिटायर्ड हुन मन पर्दैन तर के गर्ने अर्को सेट खेल्न मैले नसक्ने भइसकेको थिएँ।'

पहिलो सेट २-२ बराबरी हुँदा नै नाडाललाई पीडा हुन थालेको थियो। उनले ४-३ ले अग्रता लिँदा र दोस्रो सेटमा २-१ ले अगाडि हुँदा दुईपटक उपचार लिएका थिए। तर उनले पहिलो सेट टाइब्रेकमा गुमाए भने दोस्रो सेटमा लगातार गेम हार्दै उनी दुई सेटले पछि परेका थिए। नाडालले बताए- 'उपचारले केही पनि भएन। मैले पीडा कम हुने आसा गरे पनि त्यसमा केही सुधार भएन। गुडबाई भन्न मेरा लागि एकदमै कठिन भएको थियो। तर यस्तो अवस्थामा पुगेपछि निर्णय लिनुपर्ने हुन्छ।'



योसँगै नाडालको १८औं ग्रान्डस्लाम उपाधि जित्ने आशा यस सिजनमा समाप्त भएको छ। उता डेल पोट्रो युएस ओपनमा दोस्रो उपाधि निकट पुगेका छन्। उनले आइतबार हुने फाइनलमा १३ ग्रान्डस्लाम विजेता नोभाक जोकोभिचसँग खेल्नेछन्। सर्बियाका जोकोभिचले जापानका केइ निशिकोरीलाई सिधा सेटमा हराएका थिए।

२९ वर्षीय डेल पोट्रोले सन् २००९ मा रोजर फेडेररको एकछत्र राज समाप्त गरेका थिए। फेडेररले यस कोर्टमा लगातार ५ उपाधि जितेकामा सो वर्ष डेल पोट्रोले फाइनलमा जित हात पारेर उपाधिमाथि कब्जा जमाए। त्यतिबेला उनले स्विस खेलाडीको लगातार ४१ खेलको जितको क्रमलाई समाप्त पारेका थिए। नाडाल रिटायर्डमा उनले बताए- 'यो खेल जित्ने उत्कृष्ट माध्यम होइन। मलाई राफालविरुद्ध खेल्न मनपर्छ किनभने उनी खेलमा सबैभन्दा ठूलो फाइटर हुन्।'

## जोकोभिच सहजै फाइनलमा

नोभाक जोकोभिचले केइ निशिकोरीलाई ६-३, ६-४, ६-२ ले हराएर युएस ओपनको फाइनलमा पुगेका छन्। यो जितसँगै जोकोभिच १४औं ग्रान्डस्लाम जितेर पिट साम्प्रासको ग्रान्डस्लाम उपाधिसंख्या बराबरी गर्न अग्रसर भएका छन्। उनले नाडाल रिटायर्ड भएपछि बताए- 'यसको मतलब संसार मसँग छ। मैले आफ्नो उत्कृष्ट प्रदर्शन गर्न कोसिस गरिरहेको छु र मैले सकेको पनि छु।'

जोकोभिचले यसै वर्षको ग्रान्डस्लाम उपाधि विम्बल्डनको रूपमा जितेका छन्। उनले सो ग्रान्डस्लाम उपाधि २०१६ को फ्रेन्च ओपनपछि जितेका हुन्। २०१७ को वर्ष उनका लागि ज्यादै पीडादायक बन्यो। उनी कुहिनाको चोटले प्रतियोगिताबाट टाढा हुँदै गएका थिए। तर यस वर्ष विम्बल्डन जितेर उनले सावित गरिसकेका छन्।



कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ